
मंसिर १४, २०६३

# समय

राष्ट्रिय साप्ताहिक



# खुल्यो शान्ति मार्ग

## तर चुनौती धेरै

■ खुमबहादुर र गोविन्दराजको मुद्दा: विवादमा अदालत

मूल्य रु. २५






भास्वर ओझा

प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र माओवादी अध्यक्ष प्रचण्ड, शान्ति सम्झौताको कागजात आदान-प्रदान पछि हात मिलाउँदै ।

समय
राष्ट्रिय साप्ताहिक

वर्ष ३, अंक १३२, मंसिर ८-१४, २०६३




आवरण : प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र माओवादी अध्यक्ष प्रचण्ड शान्ति सम्झौताको कागजात आदान-प्रदान गर्दै ।
*तस्बिर : भास्वर ओझा*


**आवरण :** **एघार वर्ष लामो सशस्त्र द्वन्द्वको विधिवत् अन्त्यका लागि सरकार र माओवादीबीच भएको ऐतिहासिक शान्ति सम्झौताले आम जनतालाई राहत दिएको छ, तर सरकार-माओवादीले तय गरेको समय सीमामा उक्त सम्झौताका निर्णय कार्यान्वयन हुने सम्भावना भने निकै कम छ । २५**

**वातावरण :** मान्छे निल्ने निकुञ्ज : वन्यजन्तुको चोरी-तस्करीमा लागेको एकतर्फी आरोपमा चितवन राष्ट्रिय निकुञ्जवरिपरि सेनाले र निकुञ्ज प्रशासनले मारेको छ, तर कति मान्छे यसरी मारिए भन्ने तथ्यांक न सरकारी निकायले राखेको छ न त कुनै गैरसरकारी संस्थाले । १६

**राजनीति :** दिल्लीयात्रापछि प्रचण्डले माओवादी गतिविधिहरूलाई भारतीय वैधता दिलाउनुका साथै दिल्लीको खास प्रभाव रहने नेपाली राजनीतिमा उनको स्थान पनि अग्लिएको छ । प्रचण्ड एकाएक दक्षिण एसियाली राजनीतिका एक शक्तिकेन्द्रका रूपमा चिनिन थालेका छन् । २२

**विवादको बाटोमा :** भ्रष्टाचारको आरोप लागेका खुमबहादुर खड्का र गोविन्दराज जोशी निर्दोष सावित भएपछि नेपालको समग्र न्यायप्रणाली नै विवादमा मुछिएको छ । ३०

**अपर्याप्त तयारी :** सरकारले भर्खरै मात्र महानगरीय प्रहरीको व्यवस्था गरे पनि परम्परागत तौरतरिकाबाट जनतालाई प्रभावकारी सेवा पुऱ्याउने काम चुनौतीपूर्ण छ । ३६



समय

**रंग :** लुनिभा तुलाधरजस्ता केही कलाकारले नेपाली हास्य विधालाई केही उचाइ दिए पनि टेलिभिजनमा हास्य कार्यक्रममा देखिने अधिकांश कलाकार सस्ता जोकरभन्दा तल्लो स्तरका छन् । ५४

सम्पादकीय ........ ५
डाँक ........ ८
दर्शन ........ ९
टिपोट ........ १०
मुलुक ........ १२
साहित्य ........ ५१
अनुहार ........ ५७
शून्य समय ........ ५८

समय
का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**सहायक सम्पादक**
राजेश घिमिरे
**प्रमुख संवाददाता**
विश्वमणि पोखरेल
**वरिष्ठ संवाददाता**
मनीष गौतम
मनोज दाहाल
किरण भण्डारी
सुवास देवकोटा
मधुसूदन पौडेल
**संवाददाता**
नवीन अर्याल
छत्र कार्की
गोविन्द परियार
ज्योति देवकोटा
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
तेजबहादुर बस्नेत
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले-आउट**
सुनील खड्गी (**संयोजक**)
किशोरराज पन्त
रामकृष्ण राना
**लेखा**
गोपाल भट्टराई
राजकुमार श्रेष्ठ
**वितरण**
दीपक श्रेष्ठ
मिलन लम्साल
**बजार**
सुरज भडेल (**प्रबन्धक**)
राजेश महर्जन
अर्जुन वज्राचार्य
सफला शर्मा
**भृकुटी प्रकाशन (प्रा) लि.**द्वारा प्रकाशित तथा मिलेनियम प्रेस, हात्तीवन, ललितपुरमा मुद्रित

**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेल: samay@vianet.com.np
**प्रमुख वितरक**
काष्ठमण्डप डिष्ट्रिब्यूसन प्रा. लि.
टेकु काठमाडौं
फोन नं. २०१०८२१, २२२०३२२

# निर्देशित एवं प्रायोजित आयोग

## सम्पादकीय

**कृष्णजंग रायमाझी** उच्चस्तरीय छानबिन आयोग आफ्नो प्रतिवेदन पेस गर्ने औपचारिकताको समाप्तिसँगै अस्तित्वहीन भएको छ। तर आन्दोलन दबाउन राज्य शक्ति र ढुकुटीको दुरुपयोगबारे छानबिन गर्न गठित आयोग आफैं नै एउटा पूर्वाग्रह र अनियमितताको प्रतीक बन्नु अत्यन्त खेदको विषय हो। यसका साथै अपारदर्शी संचालन शैली, न्यायका सर्वमान्य सिद्धान्तविरुद्धको सिफारिस एकातिर र अर्कोतिर कार्यकारिणीप्रति अन्धवफादारिताको नमुनाको एउटा निन्दनीय नजिरका रुपमा स्थापित भएको छ, यो आयोग।


आन्दोलन दबाउन र राज्य ढुकुटीको दुरुपयोगमाथि छानबिन गर्न गठित भनिए पनि आयोगको स्वरुप राजनीतिक र एजेन्डा प्रतिशोधकै रहिरह्यो। बयानका लागि व्यक्तिहरूको छनोटदेखि 'अन्तर्यामी' दृष्टिले एउटै बयानबाट दोषी ठहर गर्नु न्याय र छानबिनको सिद्धान्तलाई आयोगले तीलाञ्जली दिएको प्रमाण हो। आयोगका असली जन्मदाता गृहमन्त्रीले नियोजितरुपमा दोषी र पुरस्कृत गरेका सुरक्षाकर्मीहरूलाई निर्देशित र त्यही रुपमै चोख्याउने र दण्डित गर्ने कार्य रायमाझी आयोगले गरेको छ।

अन्तिम क्षणमा आयोगका ५ सदस्यबीच देखापरेका मत विभाजनलाई सैद्धान्तिक र नैतिक मतभेद नभएर कार्यकारीको नजिक को भन्ने बारेको झगडाका रुपमा लिइनुपर्छ। त्यसले आयोगको प्रायोजित मानसिकता र नियतलाई सप्रमाण जनसमक्ष पेस गरेको छ। आयोगमा सर्वथा योग्यता र क्षमताको प्रश्न कहाँबाट उठ्छ भने उसले 'दोषी' ठहर गरेको व्यक्तिलाई सचेत गराउने वा सेवामुक्त गर्ने ? त्यसको जिम्मा सरकारलाई दिएको छ। दण्डको प्रकृतिमा त्यत्रो अन्तर इमानदार छानबिनमा हुनै सक्तैन। आयोगले छानबिनको क्रम सुरु हुनुपूर्व केही अधिकृतहरूलाई निलम्बन गर्ने, त्यस्तै पदमा रहेका आफ्ना नातेदार र गाउँलेहरूलाई सम्मानित गर्ने, छानबिनमा परेका अन्यलाई पदोन्नति दिने गृहमन्त्रीप्रति लाचारीपूर्ण वफादारी देखाउँदै केही बोल्न नसक्नु उसको कार्यकारिणीप्रति दासत्वपूर्ण सम्बन्धको परिचायक पनि हो। नैतिक र मर्यादाको हिसाबले आयोगले आफैंलाई भ्रष्ट सावित गरेको छ। र, यति गम्भीर विषयमा त्रुटिपूर्ण राजनीतिक र शंकास्पद व्यवहार अपनाएर दोषीहरूलाई कानुनीरुपमा कारबाही नगर्ने छुट सरकारलाई दिएको छ, आयोगले। वास्तवमा उसले कारबाही गर्ने आधारबाट सरकारलाई वञ्चित गरेको छ।



मन्त्रिपरिषद्का अध्यक्षका रुपमा राजालाई दोषी ठहर गर्दा पछिल्लो भूतप्रभावी कानुन बनाएर सजाय गर्न सिफारिस गर्नु आफैंमा कानुनको सिद्धान्तको खिल्ली उडाउनु हो। आयोगको काम सप्रमाण तथ्यहरू पत्ता लगाउनु हो, तर आफ्नो अधिकारक्षेत्र र सीमा अतिक्रमण गर्दै आयोगले राजनीतिक निष्कर्ष मात्र दिएको छ।

प्रतिशोधको राजनीति प्रजातन्त्रमा स्वीकार्य हुँदैन। किनकि प्रजातन्त्र कानुनको सिद्धान्तमा आधारित हुन्छ। जनआन्दोलनको 'म्यान्डेट'का नाममा प्रजातन्त्रका मान्य सिद्धान्तहरूको उपहास हुनु जनआन्दोलनप्रतिकै गद्दारी हो, जुन रायमाझी आयोगले गरेको छ। यो प्रधानमन्त्री कोइरालाकै लागि पनि एउटा चुनौती हो। सरकारी ढुकुटीमा पालिएको आयोगले सत्यतथ्यको छानबिन पारदर्शी तरिकाले गर्नुको साटो हुकुम प्रमांगीको शैलीमा प्रतिवेदन बुझाउन गम्भीर अपराध हो। आयोगलाई त्यसो गर्न आफ्नै मन्त्रीको दबाबबारे परिस्थितिजन्य प्रमाणलाई पनि कोइरालाले बेवास्ता गर्न मिल्दैन। कानुनको कसीमा खरो नउत्रने प्रतिवेदन दिएर रायमाझी आयोग वास्तवमा दमन र ढुकुटी दुरुपयोगका दोषीहरूको मतियार बन्न पुगेको छ। ■




## समय साता

### स्थगित



भुटानी शरणार्थीसम्बन्धी नेपाल र भुटानबीच थिम्पुमा हुने भनिएको वार्ता स्थगित ।

मजदुरहरूको आन्दोलन चर्कँदै गएका कारण लमजुङमा निर्माणाधीन मध्यमर्स्याङ्दी जलविद्युत् परियोजना स्थगित ।

### भ्रमण



वर्षौंदेखिको राजनीतिक तथा आर्थिक किचलो सुधार्न चिनियाँ राष्ट्रपति हु जिन्ताओ भारतको ऐतिहासिक भ्रमणमा, दुई देशबीच पर्यटन लगानी विस्तार लगायत तेह्रवटा सम्झौतामा हस्ताक्षर ।

### रोक्का

द्वन्द्वमा ज्यान गुमाएका १ सय ८५ सुरक्षाकर्मीका परिवारलाई सरकारबाट दिँदै आएको क्षतिपूर्ति रोक्का, आफन्त अन्योलमा ।

### मृत्यु

पश्चिम अफगानिस्तानको पहाडी प्रान्तमा आएको बाढीबाट ५३ को मृत्यु, दर्जनौं बेपत्ता ।

इन्डोनेसियाको पपुवा प्रान्तमा हवाई दुर्घटना, नौ यात्रीको मृत्यु ।

### बन्द

नेपालको पश्चिमी पहाडी क्षेत्रमा उडान भर्दै आएको फ्लाइङ ड्रागनएयरको उडान अनिश्चित कालसम्मका लागि बन्द । दुई करोड रुपैयाँ लिएर निर्देशक छिन्यु बाओ फरार ।

### परीक्षण



विश्वव्यापी विरोध बढ्दै गए पनि भारतद्वारा आणविक अस्त्र बोक्न सक्ने क्षमता भएको ब्यालेस्टिक क्षेप्यास्त्रको सफलतापूर्वक परीक्षण ।

### सहमति



एसिया प्रशान्त आर्थिक सहयोगका सदस्य राष्ट्रहरूले उत्तरकोरियामाथि लगाउने भनिएको संयुक्त राष्ट्रसंघको नाकाबन्दीको एजेन्डामा सहमति जनाए ।

### स्वीकृत

प्रतिनिधिसभाको बैठकद्वारा नेपाल खानेपानी संस्थान विधेयक, पेट्रोलियम पदार्थसम्बन्धी विधेयक र निवृत्तिभरण कोष विधेयक स्वीकृत ।

### आदेश



श्रमजीवी पत्रकार ऐनको पूर्ण कार्यान्वयन गराउन भनी सर्वोच्चमा परेको दायर रिटको सुनुवाइपछि अदालतद्वारा सरकारलाई कारण देखाउ आदेश जारी ।

### निधन

नेपाली कांग्रेसका नेता तथा पूर्व सांसद चन्द्रलाल श्रेष्ठको ८७ वर्षको उमेरमा निधन ।

### स्वागत

भारत, अमेरिका सरकारद्वारा माओवादी र सरकारबीच सम्पन्न ऐतिहासिक शान्ति सम्झौताको स्वागत ।

### घोषणा




सूचनाको हक तथा प्रेस स्वतन्त्रताको रक्षाका लागि प्रभावकारी भूमिका खेलेको भन्दै सामुदायिक रेडियोहरूको विश्वसंगठन अमार्कद्वारा रेडियो सगरमाथालाई यस वर्षको 'सोलिडारिटी अवार्ड' दिने घोषणा ।




## कथनी र करणी मिलेन

*समय* (वर्ष ३, अंक १३१)मा प्रकाशित माओवादी ज्यादतीबारे लेखिएको रिपोर्ट पढ्दा दुःख लाग्यो। जनआन्दोलन-२ पछि मुलुकमा लोकतान्त्रिक संस्कारको थालनी हुनुपर्ने आम जनताको अपेक्षालाई यसले गलत सावित गरिदिएको छ। लोकतान्त्रिक परिपाटी मान्छौं भनेर प्रतिबद्धता जनाएपछि माओवादीलाई जे गर्न पनि छुट हुन्छ र ? प्रत्येक नागरिकको व्यक्तिगत स्वतन्त्रता र मानवअधिकारको सुनिश्चितता गर्नु लोकतान्त्रिक पद्धतिको विशेषता हो। उद्योग व्यवसाय सञ्चालन, सम्पत्ति आर्जन र निर्धक्क आफ्ना विचार राख्न पाउनु त मौलिक अधिकारभित्र नै पर्छ। मुखमा रामराम बगलीमा छुरा भनेझैं माओवादी अध्यक्ष प्रचण्डको कथनी र करणीमा फरक देखियो।

कानुनी राज्यको खिल्ली उडाउँदै अपहरण गरिएको व्यक्तिगत गाडीमा प्रचण्ड हुइँकिनु सुहाउने कुरा पक्कै होइन। कथित आरोपमा सम्पत्ति हड्पिसकेपछि पनि शारीरिक यातना दिँदासमेत सरकार मौन बस्नु विडम्बना नै हो। यदि कुनै व्यक्तिले व्यापारको नाममा ठगेर सम्पत्ति कमाएको भए सप्रमाण कारबाही गर्नु सक्नुपर्छ, होइन भने कानुन हातमा लिएर मनपरी ढंगले निजी सम्पत्तिमाथि धावा बोल्न पाइँदैन। यस्ता गैरजिम्मेवार काम नरोके पक्कै पनि माओवादी जनताको नजरबाट टाढिनेछन्।

**■ ज्ञानहरि ढकाल 'निर्दोषी'**
तारुका-६, नुवाकोट

## रोकिएला प्रतिभा पलायन ?

*समय* (वर्ष ३, अंक १३१) मा छापिएको बढ्दो पलायन रिपोर्ट पढेपछि मुलुकभित्र प्रतिभालाई उचित अवसर र काम गर्ने वातावरण सिर्जना गर्न सरकार उदासीन रहेको थाहा भयो। मुलुकका मेडिकल कलेजबाट एक वर्षमा उत्पादित करिब ५ सय डाक्टरमध्ये ३ सयजति बर्सेनि युरोप र अमेरिका जाने गरेका छन्। काम, दाम र क्यारिअरलाई प्राथमिकतामा राखेर डाक्टर विदेश भाँसिदा मुलुकको समग्र स्वास्थ्य क्षेत्र नै प्रभावित बन्ने कुरामा सरकार संवेदनशील बनेको पाइँदैन।

अहिले पनि ग्रामीण भागमा प्रति ५० हजार जनसंख्या बराबर एकजना डाक्टर पर्न आउँछ। त्यहाँका अस्पतालमा डाक्टरको ज्यादै खाँचो छ। भर्खरै एमबिबिएस सिध्याएका कुनै पनि डाक्टर कोही पनि गाउँ जान चाहँदैनन् किनभने त्यहाँको अस्पतालको भौतिक र अन्य अवस्था नाजुक छ। यस्तो अवस्थामा डाक्टर विदेश हानिए भनेर गाली गर्नुको कुनै तुक छैन। कमसेकम डाक्टरहरूको वृत्तिविकास र काम गर्ने वातावरणको लागि सरकारले समयमै नसोचे डाक्टर जति सबै विदेश लाग्नेछन्।

सरकारले दुर्गम क्षेत्रमा काम गर्न जाने डाक्टरको लागि विशेष सुविधा प्याकेज अनि पदोन्नति र उच्च अध्ययनको लागि दुर्गम क्षेत्रको कार्य अनुभवलाई पनि प्राथमिकता दिनुपर्छ। परम्परागत सोच र नीतिबाट स्वास्थ्य क्षेत्र चल्न सक्दैन। तसर्थ विद्यमान ऐनमा सुधार गरेर भए पनि नयाँ कदम चाल्नु अब ढिलाइ गर्नु हुँदैन, नत्र भने प्रतिभा पलायन रोक्न नसकिने निश्चित छ।

**■ दीपेन्द्र केसी**
हाँसपोसा-४, सुनसरी

## प्रतिनिधिमूलक हुनुपर्‍यो

*समय* (वर्ष ३, अंक १३२)मा संविधानसभाको निर्वाचनसम्बन्धी रिपोर्ट पढ्न पाउँदा खुसी लाग्यो। २०४६ पछिका तीनवटा आम निर्वाचन र दुईवटा स्थानीय निर्वाचनभन्दा संविधानसभाको निर्वाचन जटिल बन्ने निश्चित छ। यसको व्यवस्थापन खर्चको ग्राफ हेर्ने हो भने पनि कहालीलाग्दो छ।

बाह्रवर्षे द्वन्द्वबाट मुलुकको अर्थतन्त्र ओरालो लागेको अवस्थामा संविधानसभाको निर्वाचनलाई कसरी कम खर्चिलो बनाउने भन्ने सवालमा सात राजनीतिक दल र माओवादी गम्भीर बन्नुपर्ने देखिन्छ। होइन भने भोलि नयाँ नेपाल बनाउने नारा केवल गफमै सीमित रहनेछन्।

संविधानसभाको निर्वाचन मिश्रित निर्वाचन प्रणालीअनुसार हुने भनिएको छ। त्यसको स्पष्ट परिभाषा र व्याख्या नभएकाले अन्योल छाएको छ। सत्ताधारी दलबीच निर्वाचन प्रणालीबीच सहमति नबन्नु दुःखद पक्ष हो। निर्वाचनमा अपनाइने पद्धति छनोट गर्दा सबैको प्रतिनिधित्व हुने कुरालाई राजनीतिक दलले बिर्सन मिल्दैन।

**■ सुरजकुमार नेपाल** (इमेलबाट)


# मकालु यातायातको बस सेवा

**कलङ्कीबाट छुट्ने : मुख्य कार्यालय, फोन नं. ४२७७५५२, ४२८१९७२, ४२८७३०६**

### काठमाडौंबाट जाने

| | | | |
|---|---|---|---|
| काकडभिट्टा | बिहान ५.०० बजे | पोखरा | बिहान ७.३० बजे |
| भद्रपुर | बिहान ५.१० बजे | वीरगञ्ज रात्रि | बेलुकी ८.१५ बजे |
| मधुमल्ला | बिहान ५.२० बजे | कलैया | बिहान १०.१५ बजे |
| धरान | बिहान ६.०५ बजे | भरतपुर | बिहान ११.४५ र दिउँसो १२.१५ बजे |
| विराटनगर | बिहान ५.४५ बजे र ६ ४५ बजे | शिवनगर | दिउँसो १२.३० बजे |
| राजविराज | बिहान ६.०० बजे | टाँडी पर्सा | दिउँसो १.०० बजे |
| सिरहा/माडर | बिहान ६.१५ बजे | टाँडी-खोलेसिमल | दिउँसो १.४५ बजे |
| मलङ्वा | बिहान ६.३५ बजे | पर्सा-कपिया | दिउँसो २.२० बजे |
| जनकपुर | बिहान ७.२० बजे | पर्साढाप-मेघौली | दिउँसो ४.४५ बजे |
| गौर | बिहान ६.५५ बजे | गीतानगर-जगतपुर | दिउँसो ४.१५ बजे |
| वीरगञ्ज | बिहान ७.०५, १०.१५ र ११.०० बजे | वरथवा | बिहान ७.४० बजे |

### काठमाडौंमा टिकट पाइने स्थानहरू

| कलङ्की | सुन्धारा | गौशाला | लगनखेल |
|---|---|---|---|
| २७३९१२/२८१७०४ | २५३१४२ | ४९३५५७/४९७१३७ | ५५२१६६६ |

### काठमाडौंतर्फ आउने

| | | | |
|---|---|---|---|
| काकडभिट्टाबाट | बिहान ५.०० बजे | वीरगञ्जबाट | बेलुका ८.३० बजे |
| भद्रपुरबाट | बिहान ४.५० बजे | कलैयाबाट | बिहान ८.०० बजे |
| मधुमल्लाबाट | बिहान ४.५० बजे | भरतपुरबाट | बिहान ५.३० बजे |
| धरानबाट | बिहान ४.२० बजे | पर्साबाट | बिहान ५.४५ बजे |
| इटहरीबाट | बिहान ५.००, ५.२०, ६.३० र ७.०० बजे | खोलेसिमलबाट | बिहान १०.३० बजे |
| विराटनगरबाट | बिहान ४.३० बजे | पर्सा-कपियाबाट | बिहान ६.३० बजे |
| राजविराजबाट | बिहान ५.३० बजे | मेघौलीबाट | बिहान ८.४५ बजे |
| सिरहा/माडरबाट | बिहान ५.१५ बजे | जगतपुरबाट | बिहान ८.१५ बजे |
| लहानबाट | बिहान ६.१५, ७.००, ७.१५ र ९.०० बजे | वीरगन्ज रात्रि | बिहान ६.४५ बजे |
| मलङ्वाबाट | बिहान ५.१५ बजे | नारायणगढबाट | बिहान ६.१५, ६.४५, ७.००, ७.४०, ८.००, ८.१५, ८.४५ र दिउँसो ३.०० बजे |
| जनकपुरबाट | बिहान ८.१५ बजे | | |
| गौरबाट | बिहान ५.३० बजे | पार्वतीपुरबाट | दिउँसो १२.०० बजे |
| वीरगञ्जबाट | बिहान ९.००, ११.०० र ११.३० बजे | | |

अन्य स्थानहरू : काँकडभिट्टा र भद्रपुरमा मेची संघको काउन्टर, धरानमा बसपार्क (०२५)२०३७२, विराटनगरबाट बसपार्क नजिकै (०२१) ३०७२७, इटहरीमा पश्चिमचोक, राजविराजमा (०३१) २००९, लाहानमा (०३३) ६०३६६, सिराहामा (०३३) २०२३३, सिराहा/माडरमा (०३३) २०१३१, जनकपुरमा भानुचोक र रामानन्द चोक, मलङ्वामा (०४६) २००४२, वीरगन्जमा (०५१) २१५२६, हेटौडामा भानुचोकमा (०५७) २०५३५, नारायणगढमा पुल्चोक बसपार्क (०५६) २४२०८।

*यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट निःशुल्क मिनिबस सेवा उपलब्ध गराइएको छ।*


**समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस्। फोनः ४४४३८८८/२११२०९४**

जब हजारौं वर्षसम्म पृथ्वीले तप गर्छिन् तब गान्धीजस्तो विभूति पैदा हुन्छ र गान्धी त्यही संस्कृतिमा पैदा हुनसक्छन् जुन संस्कृतिले बुद्ध, महावीर, कृष्ण, नानक र कवीर पहिले जन्माइसकेको होस् ।' ओशो थप्छन्, 'गान्धीजीसँग मेरो गहिरो लगाव छ ।



■ स्वामी आनन्द अरुण

# गान्धीवादीको होइन, गान्धीको चिन्ता

**बच्चैदेखि** मभित्र यात्राको तीव्र अनुराग थियो । रेलमा यात्रा गर्दा पछि गएर रेलमै जागिर खान पाए हुन्थ्यो जस्तो लाग्थ्यो किनभने घुम्न खुब पाइन्छ । त्यस्तै खुला आकाशमा विचरण गर्न पाइलट बन्ने इच्छा थियो । जब हामी नयाँ ठाउँको यात्रा गर्छौंहाम्रा इन्द्रियहरू अत्यन्त सजग हुन्छन् । नवीन दृश्य र नूतन अनुभूतिले हाम्रो पूरै स्नायु प्रणालीलाई अन्यन्त जीवन्त र सक्रिय बनाइराखेको हुन्छ । कुनै नयाँ संस्कृति र परिवेशलाई चिन्ने सबैभन्दा सशक्त माध्यम हो - भ्रमण । त्यो भ्रमण पनि यदि आध्यात्मिक उद्देश्य लिएर हतार नगरी गरियो भने त्यसको अर्कै सन्तुष्टि हुन्छ ।

मैले सन् १९६९ मा गुजरातकै समुद्रतटको सहर द्वारिकामा आचार्य रजनीशको पहिलो शिविरमा भाग लिएको थिएँ । त्यही शिविरमा आचार्यले सोधेका थिए, 'तिमीलाई सबैभन्दा मनपर्ने कुरा के हो ?' 'पर्यटन मेरो प्रबल आकर्षण हो', मैले भनेको थिएँ । गुरुले भने, 'तिमी साधना गर, म आफ्नो सन्देश बोकेर तिमीलाई सारा विश्व घुमाउँछु ।' गुरुले शरीर छोडे पनि वचन छोडेका छैनन् । आज प्रत्येक महिना म नेपालबाट बाहिर त्यही सन्देश बोकेर यात्रा गरिरहेको छु । त्यसै सिलसिलामा हालै दिल्ली, गुजराज, ऋषिकेश र देहरादुनमा ध्यान शिविरहरूको संचालन गरी फर्केको छु ।

गुजरातीहरू स्वभावतः शान्तिप्रिय, सोझा, सरल तर कुशल व्यवसायी हुन्छन् । पहिले युरोपकै जवहारात बजारमा एकछत्र पकड जमाएका यहुदीहरूलाई विस्थापित गर्दै अहिले गुजरातीहरूले वर्चस्व कायम गरिसकेका छन् । गुजरात गान्धीजीको जन्मथलो हो । गान्धीजीको साबरमति आश्रम हेर्ने धेरै दिनदेखिको इच्छा यसपालि पूरा भयो । अहमदावादमा साबरमति नदीको किनारामा अवस्थित यो आश्रम गान्धीजीले दक्षिण अफ्रिकाबाट फर्केपछि बनाएको पहिलो आश्रम हो, जहाँ उनी १९१८ देखि १९३० सम्म बसे । यहीबाट उनले सन् १९३० मा प्रसिद्ध दण्डीयात्रा सुरु गरेका थिए । अहिले पनि त्यो आश्रम गान्धीको पवित्रता र शान्तिले सुगन्धित छ । आश्रमको केन्द्रमा रहेको 'हृदयकुञ्ज' जो गान्धीजीको आवास थियो, जहाँ उनले संसारका प्रसिद्ध विभूतिहरूलाई भेटेका थिए र आफ्नो सत्य र अहिंसाको बलमा भारतवर्षलाई स्वतन्त्रतामात्र नदिलाई सामाजिक न्याय र समानतामा आधारित भारतवर्षको सपना देखेका थिए । त्यहाँ म केही क्षण ध्यानमा बसेँ । मैले गहन पवित्रताको जीवन्त भावतरंग अनुभूति गरेँ र मेरा हृदय र आँखा रसाए । बुद्ध, महावीर, जिससका उपदेशहरूलाई धर्ममा मात्रै होइन, सामाजिक परिवर्तन र क्रान्तिमा पनि प्रयोग गर्न सकिन्छ भनेर पहिलो साहस महात्मा गान्धीजीले गरे ।



निहत्था, अत्यन्त दुर्बल र कमजोर देखिने यस्ता व्यक्तिले संसारैभरि नै साम्राज्य जमाएर बसेको शक्तिलाई पनि घुँडा टेक्न विवश पारिदिए । सधैं हिंसा र शक्तिद्वारा मात्रै ठूला परिवर्तन सम्भव छ भन्ने चलिआएको धारणालाई एक्लै चुनौती दिँदै आफ्नो त्याग, बलिदान र आत्मविश्वासको बलमा शान्ति र सहिष्णुतामा आधारित नयाँ संस्कृतिको जग बसाए । साबरमति आश्रममा बस्दा मलाई गान्धीजीबारे आइन्स्टाइनको यो उक्ति याद आयो, 'आउने पिँढीलाई यो विश्वास गर्न गाह्रो होला कि यो पृथ्वीमा गान्धीजस्तो व्यक्ति पनि कहिल्यै पैदा भएको थियो ।'

गान्धीजीको जति सशक्त र कठोर आलोचना ओशोले गरेका छन्, त्यति कसैले गरेको देखिएको छैन । ओशोलाई सोधिएको थियो, 'तपाईं गान्धीको किन यति आलोचना गर्नुहुन्छ ? गान्धीजीसँग तपाईंको के विरोध छ ?' ओशोको उत्तर थियो, गान्धीजस्तो प्यारो व्यक्तिसँग कसैको कसरी विरोध हुनसक्छ ? जब हजारौं वर्षसम्म पृथ्वीले तप गर्छिन् तब गान्धीजस्तो विभूति पैदा हुन्छ र गान्धी त्यही संस्कृतिमा पैदा हुनसक्छन् जुन संस्कृतिले बुद्ध, महावीर, कृष्ण, नानक र कवीर पहिले जन्माइसकेको होस् ।' ओशो थप्छन्, 'गान्धीजीसँग मेरो गहिरो लगाव छ । गान्धी पहिलो धार्मिक व्यक्ति हुन्, जो राजनीतिबाट नडराई, राजनीतिमा प्रवेश गरी राजनीतिलाई पनि पवित्र र आध्यात्मिक बनाउन प्रयास गरे । गान्धीको हत्यापछि म पीडाले व्याकुल भएको थिएँ । मेरो उमेर १७ वर्षको थियो । गान्धीको दाहसंस्कारमा भाग लिन म स्कुलबाट भागेर गडरवाडाबाट दिल्ली, राजघाट पुगेको थिएँ । गान्धीसँगको यही गहिरो प्रेमले म उनलाई बिर्सिन सक्दिनँ । त्यसकारण उनी मेरो स्मृतिमा बारम्बार आइरहन्छन् । म उनको गहिरो प्रेमी भएकै कारणले उनको चिन्तनको अवैज्ञानिक पक्षको विरोध गर्ने अधिकार राख्छु ।' यसपछि ओशोले गहिरो रहस्यको कुरा गरेका छन् जो थोरै उच्च आध्यात्मिक व्यक्तिले बुझ्न सक्छन्, अधिकांशले बुझ्दैनन् ।

विगत शताब्दीमा रूसमा योदव भन्ने वैज्ञानिकले मस्कोबाट २ हजार ५ सय किमि टाढा टिब्लिसीमा बसेको मान्छेलाई टेलिपेथीद्वारा सन्देश पठाएर वैज्ञानिकहरूका बीच सफल प्रयोग गरी सबैलाई चकित पारेका थिए । अहिले नासा पनि पनडुबी तथा अन्तरिक्षयानहरूबाट यान्त्रिक गडबडी भएको खण्डमा टेलिपेथीका माध्यमबाट सन्देशहरू पठाउन सकिने निष्कर्षमा पुगेको छ । आज पश्चिमको प्रयोगशालाहरूमा यो पनि प्रमाणित भइसकेको छ कि शरीर मरे पनि मन र स्मृतिहरू मर्दैनन् । हाम्रो अध्यात्मले मृत्यु मान्दैन, शरीरको मात्रै अन्त्य मान्छ । आज पनि उच्च चेतनाको गहिरो आध्यात्मिक व्यक्तिले गान्धीजीसग सम्पर्क गर्न सक्छ र ओशोले भनेका छन्, 'गान्धीजी जस्तो उच्च चेतनालाई अर्को जन्म लिन धेरै प्रतीक्षा लिनुपर्छ किनभने त्यस्तो गर्भ नै पृथ्वीमा प्रायः उपलब्ध हुँदैन' र ओशोले थपेका छन्, 'म उनको आलोचना उनलाई नै सोधेर गरिरहेको छु । उनको आलोचनाले सबै गान्धीवादीहरू मसँग रुष्ट छन्, तर गान्धी गहन इमानदार हुनुहुन्छ र मेरो स्वस्थ आलोचनाले प्रसन्न हुनुहुन्छ । म सबै प्रकारको वादको विरोधमा छु । त्यसकारणले गान्धीवादीहरूको चिन्ता गर्दिनँ, गान्धीको चिन्ता गर्छु ।'

गान्धीको व्यक्तित्व यति विशाल थियो कि उनको हत्या गर्ने नाथुराम गोड्सेले पनि भनेका थिए, 'मेरो गान्धीजीसँग कुनै व्यक्तिगत विरोध छैन । म उनलाई आदर गर्छु र उनलाई गोली हान्नुअघि म श्रद्धापूर्वक उनका अघि झुकेको थिएँ ।'

osho@tapoban.com

# चेतना र कानुन सँगसँगै

**चेतना र** कानुनी व्यवस्थाको अभावमा बालबालिकाहरू यौनजन्य दुर्व्यवहारका सिकार बन्ने गरेका छन्। विश्वव्यापीरूपमा बढिरहेका यस्ता घटनाबारे बालबालिकालाई प्रशिक्षित पार्न नसके गम्भीर समस्या सिर्जना हुने विज्ञहरू बताउँछन्। काउन्सिलर शालिग्राम भट्टराई भन्छन्, 'यौनजन्य दुर्व्यवहारका घटनाबाट बालबालिकामा हीनताबोध विकास हुन्छ, यतिसम्म कि उनीहरूमा कुनै काम गर्ने आत्मविश्वास रहँदैन।'

बाल्यावस्थालाई 'क्यारिअर' निर्माणको महत्त्वपूर्ण चरण मानिन्छ। यो अवस्था नै समस्याग्रस्त भएको खण्डमा समग्र जीवन नै प्रभावित बन्न सक्ने सम्भावना हुन्छ। दुर्व्यवहारजन्य घटनाबाट बालबालिकाको पढाइ र अन्य क्रियाकलापसमेत प्रभावित हुन्छ। काउन्सिलर भट्टराई भन्छन्, 'यौनजन्य दुर्व्यवहारबाट बालबालिकाको आत्मसम्मानमा ठेस पुगी समग्र व्यक्तित्व विकासमै अवरोध पुग्छ। त्यसकारण यस्ता गम्भीर समस्याप्रति हेलचक्र्याइँ गर्नु हुँदैन।'

यौनजन्य दुर्व्यवहार र शोषणको सिकार भएका बालबालिकामा गम्भीर मानसिक समस्या भएको पाइएको छ। मानसिक रोग अस्पताल, लगनखेलका प्रमुख डा. कपिलदेव उपाध्याय भन्छन्, 'यौनशोषणको सिकार भएका बालबालिकामा गम्भीर आघात पर्छ, जसले मानसिक रोगको विकराल रुपसमेत लिन सक्छ।'

बालबालिकामाथि हुने यौनजन्य दुर्व्यवहार र यसबाट सिर्जित समस्या कसरी भयावह बन्दै गएको छ भन्ने तथ्यलाई 'युएन स्टडी अन भाइलेन्स अगेन्स्ट चिल्ड्रेन' नामक अध्ययनले पुष्टि गरेको छ। 'आफ्नो नजिकका नातेदारहरू जस्तो- बाबु, भ्रुडकेलो बाबु, काका, दाजुभाइ, हजुरबुबाका अतिरिक्त शिक्षक, धार्मिक नेता, छिमेकी, बाबुका साथी, पुलिस, घरेलु कामदारलगायतबाट यौन दुर्व्यवहार प्रकरण बारम्बार भइरहेका छन्', उक्त प्रतिवेदनमा उल्लेख गरिएको छ।

नेपालमा हुने यौनदुर्व्यवहार र शोषणका घटना हेर्दा धेरैजसो घटनामा पुरुषको हात रहेको पाइएको छ भने केही घटनामा महिलाबाट पनि यौनदुर्व्यहार भएको देखिएको छ। सामाजिक कारणले गर्दा यस्ता खालका सबै घटना सार्वजनिक भएका छैनन्। बालबालिकामाथि यौनदुर्व्यवहार र शोषण जारी रहे पनि यससँग सम्बन्धित यकिन संख्या भने कुनै निकायले पनि राख्ने गरेका छैनन्। विभिन्न संघ-संस्थाले गरेका स्वतन्त्र अध्ययनलाई आधार मान्दा पनि यो समस्याको विकराल रुप थाहा पाउन सकिन्छ। त्यसो त युएन स्टडीलाई हेर्दा पनि नेपालमा ११ प्रतिशत बालक र १८ प्रतिशत बालिकाले आफूलाई 'छोएर यौन दुर्व्यवहार' भएको बताएका थिए। कतिपय बालबालिका आफ्नै घरपरिवारभित्र नै दुर्व्यवहारको सिकार भएका हुन्छन्। उक्त स्टडीका अनुसार नेपालका करिब ८ प्रतिशत बालक र ६ प्रतिशत बालिकाले परिवारको सदस्यबाट यौनदुर्व्यहार हुने गरेको तथ्य खुलासा गरेका थिए।

दुर्व्यवहारका घटना भएपछि बालबालिकाले त्यसलाई खुलेर सार्वजनिक नगरेको पाइएको छ। यस्ता घटना बताउँदा अरूले नराम्रो दृष्टिले हेर्लान् भन्ने भावना उनीहरूमा रहेको भेटिएको छ भने अभियुक्तले दुर्व्यवहार गर्दा खेरी नै धम्की दिएको कारणले पनि हत्तपत्ति बाहिर आउँदैन। कुनै कुनै अवस्थामा पीडित नै पलायन भएको समेत पाइएको छ।

बालबालिकामाथिको हुने यौनदुर्व्यवहारले उनीहरूको शारीरिक, मानसिक र सामाजिक विकासमा प्रत्यक्ष असर पुऱ्याएको भए पनि यसविरुद्ध ठोस कानुनको व्यवस्था छैन।

■ **छत्र कार्की**/काठमाडौं




# जटिल जलविन्दु

**अन्धोपनमा मोतीविन्दुपछि** दोस्रो मुख्य कारक मानिएको जलविन्दु रोगसम्बन्धी 'फर्स्ट ग्लकुमा सिम्पोजियम' तीनदिने कार्यशाला यही सोमवार राजधानीमा सम्पन्न भएको छ। यस 'क्लिनिकल सिम्पोजियम'मा नेपाल, भारत, अस्ट्रेलिया, नेदरल्यान्ड, अमेरिका र अफ्रिकी मुलुक घानाका गरी एक सयभन्दा बढी नेत्र चिकित्सकहरूको सहभागिता रहेको थियो।

उक्त कार्यशालाको आयोजना संयुक्त रुपमा तीलगंगा आँखा केन्द्र तथा नेपाल अप्थाल्मिक सोसाइटीले गरेका थिए।

मोतीविन्दुको उपचार जति सहज छ, त्यत्तिकै जटिल छ जलविन्दु रोगको उपचार। त्यसैले जलविन्दु आँखा रोगका उपचारमा विकसित औषधी तथा अन्य उपकरणबारे पनि यस कार्यशालामा छलफल गरिएको थियो। 'विकसित मुलुकमा जलविन्दुको उपचारमा आएको प्रविधिलाई विकासोन्मुख मुलुकमा हस्तान्तरण गर्ने उपायबारे पनि छलफल रहेको थियो', तीलगंगा आँखा केन्द्रका मेडिकल को-अर्डिनेटर नवीन राई भन्छन्, 'मुख्यतः जलविन्दुको उपचारमा समुदायको अग्रसरतालाई प्राथमिकता दिनु पर्ने कुरा मुख्य रुपमा उठेको थियो।'

यदि जलविन्दु रोगबारे सचेतना भएन भने यसको उपचार विधि जटिल र महँगो दुवै रहेको छ। यसबाट निम्न आर्थिकस्तरका विरामीहरू मारमा पर्ने गर्छन्। ■

# आदिवासीलाई नागरिकता


झापाका निमित प्रमुख जिल्ला अधिकारी मुरारी शर्मा नागरिकताको प्रमाणपत्र प्रदान गर्दै

**झापा गरामनी-२** की ४७ वर्षीया बीना हस्दा अहिले कम खुसी छैनन्। आधा जीवन गुजारेपछि उनले बल्ल नेपाली नागरिकताको प्रमाणपत्र पाएकी छन्।

जिल्ला प्रशासन कार्यालय झापामा बीनासँगै सुनिता सोरेन, योमस हस्ता, जेभेस हस्ता लगायत दर्जनौं आदिवासी समुदायका नागरिकले सामूहिकरुपमा नेपाली नागरिकताको प्रमाणपत्र पाए। अशिक्षा, गरिबी र बेफुर्सदका कारण झापाका धेरै आदिवासी समुदायका नागरिक अहिले पनि नागरिकताविहीन छन्। झापामा सन्थाल, किसान, उराऊ, दनुवार समुदायका आधाभन्दा बढी नागरिक नागरिकताविहीन छन् भने मेचे, राजवंशी, धिमाल समुदायको पनि अवस्था उही छ।

लुथरन विश्व फेडरेसनको सहयोगमा सहारा नेपालले सन्थाल मेचे सशक्तीकरण कार्यक्रमअन्तर्गत नागरिकताविहीन आदिवासीहरूलाई सामूहिकरुपमा जिल्ला प्रशासन कार्यालयसम्म लगेर नागरिकता दिलाउन थालेको हो।

निमित्त प्रमुख जिल्ला अधिकारी मुरारीप्रसाद शर्माले उनीहरूलाई नागरिकता प्रदान गर्दै पिछडिएका र पहुँचविहीन समुदायलाई सशक्तीकरण गरेर सामूहिकरुपमा नागरिकता प्रदान गर्ने कार्य अत्यन्त सह्रानीय भएको बताए।

■ **एकराज गिरी/झापा** (तस्विर पनि)





लामिडाँडा विमानस्थलमा विमानको प्रतिक्षामा यात्रुहरू

# असुरक्षित यात्रा

**सात वर्षीय** सुजन घिमिरे घरबाट आठ घन्टा पैदल हिँडेर लामिडाँडा विमानस्थल आइपुगेका थिए। भोलिपल्ट बिहानै काठमाडौं उड्नु थियो उनलाई आफ्नी आमासँगै। रात काट्न उनीहरू होटलमा वास बसेका थिए। आमा कमलाले कोठामै ल्याइदिएको मासुभात उनले खान मानेनन्। आमाले 'भोलि हिँड्नुपर्छ होला, मासु खाऊ बाबु' भनेको सुनेपछि उनी जुरुक्क उठेर बिछ्यौनामा थचक्क बसे। उनले सोधे, 'किन हिँड्नुपर्छ ? काठमाडौं त उडेर जाने होइन ?' आमाले भनिन्, 'टिकट मिलेको छैन, मिलेन भने फेरि घरै फर्कनुपर्छ।' आमाको कुरा सुनेपछि सुजन खिन्न भए र उनले खुवाएको मासुभात स्वादै नलिई खपाखप खाए।

खाल्ले गाविसका सुजन जस्तै खोटाङका केटाकेटी, बूढाबूढी, महिला, विरामी र सद्देहरू शनिवार र मंगलवार दिउँसोदेखि भोलिपल्ट हवाईजहाज नउड्न्जेल 'चान्सको टिकट' पाइन्छ कि भनेर लामिडाँडा विमानस्थलमा टिकट बेच्नेहरूको पछि लागेर भौंतारिइरहेका हुन्छन्। चान्सको टिकट पाए चिट्ठा परेजस्तै हुन्छ। टिकट नपाउनेमध्ये केही कार्यक्रम भताभुंग पारेर घर फर्कन्छन् भने केही पैदल यात्रा गरी तराई झर्छन्। माओवादी आक्रमणले ध्वस्त भएको टावर र विमानस्थलको टर्मिनल भवन नबन्नाले उड्न पाउनेहरूको यात्रा पनि सुरक्षित छैन। प्रायः यात्रुहरू भगवान्को नाम लिंदै यात्रा गर्छन्।

पहिले लामिडाँडाबाट काठमाडौं र विराटनगरका लागि सातामा तेह्रवटा जहाज उड्थे। माओवादीले २०५८ वैशाख १५ गते राति विमानस्थल ध्वस्त पारेपछि दुई वर्ष उडान पूरै बन्द भयो। त्यसपछि सातामा एकपटक आइतवार सदरमुकामबाट एक सय सुरक्षाकर्मी ल्याएर सुरक्षाको प्रबन्ध गरी हवाईजहाज उतार्न थालियो। हवाईजहाज उडेपछि उनीहरू सदरमुकाम नै फर्कन्थे। उनीहरू विमानस्थल नआएको दिन उडान रद्द हुन्थ्यो। हाल नेपाली कांग्रेस (दुवै), एमाले, जनमोर्चा नेपाल र माओवादीको जिल्लास्तरीय संयुक्त बैठकले लामिडाँडाको व्यवस्थापन हेर्न जिम्मा लगाएका स्थानीय समाजसेवी फटिक श्रेष्ठ भन्छन्, 'हवाईजहाज नआएर कति पटक विरामी र गर्भवती महिलाहरू अलपत्र परेका छन्।' शान्ति सुरक्षाको स्थिति सुध्रेकाले आजभोलि काठमाडौं र विराटनगरमा गरी सातामा ६ वटा उडान हुन थालेका छन्।

२०६३ वैशाख ११ पछि पनि सरकारले विमानस्थलमा सुरक्षाकर्मी राख्ने व्यवस्था नगरेपछि स्थानीय बासिन्दा आक्रोशित भएका थिए। उनीहरूको भेलाले एक साताभित्र सुरक्षाकर्मी नपठाए वरपरका सबै बाटो नाकाबन्दी गर्ने घोषणा गरेपछि गत असार २३ गतेदेखि सुरक्षाकर्मी विमानस्थलमा बस्न थालेका हुन्। त्यहाँ खटाइएका प्रहरी नायब निरीक्षक शम्भुराज भण्डारी भन्छन्, 'माओवादीको आक्रमणले आवास ध्वस्त भएकोले सुरुका २० दिन स्थानीय चन्द्र रिजालको घरमा बस्यौं। त्यसपछि भत्किएको आवासमा गाउँलेहरूले चित्राले बेरेर बस्ने व्यवस्था मिलाइदिए। खाना पकाउने भाँडाकुडा पनि उनीहरूले नै दिए।' विमानस्थलको टर्मिनल भवन नभएकाले यात्रुको सामान जाँच गर्न उनीहरूले खुला चौर प्रयोग गरिरहेका छन्।

विमानस्थलको मौसम र हावाको गति बताउन प्रयोग गरिने टावर ध्वस्त भएकाले सोका लागि खटिएका कर्मचारीले अनुमानको भरमा जानकारी गराउनुपर्ने भएको छ। टावरको मुख्य उपकरणचाहिँ स्थानीय बासिन्दा राम श्रेष्ठको घरमा पुगेको छ। नेपाल वायुसेवाका क्याप्टन वाइपी जुहारचन भन्छन्, 'टावरविना दिइने मौसमको जानकारी भरपर्दो हुँदैन। यसले दुर्घटना पनि निम्त्याउन सक्छ।' उनले भने, 'पैदल यात्रा गर्न नसक्नेहरूलाई हवाई यात्रा आवश्यक भएकाले यात्रुको चापअनुसार हवाई उडान राख्नैपर्दछ। यसका लागि टावर र टर्मिनल भवन तत्काल बनाउनुपर्छ।'

टावर र टर्मिनल भवन बनाउन एक करोड रुपैयाँ लाग्ने अनुमान स्थानीय विमानस्थल व्यवस्थापन समितिले जनाएको छ। समितिका संयोजक फटिक श्रेष्ठ भन्छन्, 'हामी यसका लागि निरन्तर प्रयास गरिरहेका छौं। नागरिक उड्डयन तथा पर्यटन मन्त्रालयसँग सुरक्षाकर्मीको आवासका लागि ५० लाख, कर्मचारीको आवासका लागि ५० लाख र टर्मिनल र टावर निर्माणका लागि एक करोड रुपैयाँ माग गरिसकेका छौं।'

नियमित उडान हुँदा भरियाको काम पाएका एक सय ५० जनामध्ये अधिकांश अहिले बेरोजगार छन्। करेसाबारीको तरकारी र फलफूल बेचेर गुजारा गर्ने मानिसहरूको कारोबार सुकेको छ। स्थानीय खडकबहादुर श्रेष्ठले सुन्तला बेचेर वर्षमा एक लाख रुपैयाँ कमाउने गरेका थिए। त्यो एउटा कथा जस्तो भएको छ। सुन्तला बगैंचा भएका सबैको स्थिति उस्तै छ।

लामिडाँडामा रहेका नौवटा होटलहरू ग्राहक नपाएर असरल्ल परेका छन्। सुव्यवस्थित होटल निर्माण गर्न लामिडाँडाका केही मानिसले संयुक्त रूपमा २० रोपनी जग्गा खरिद गरी सुरु गरेको काम बन्द भएको छ। लामिडाँडाको उडान नियमित गर्न सके हवाई यात्रा गरेर हलेसी महादेवको दर्शन गर्न आउनेहरूको घुइँचो लाग्ने दाबी स्थानीय व्यापारी हेमन्त गिरीको छ। हलेसीमा वर्षमा चारपटक (रामनवमी, बालाचतुर्दशी, शिवरात्रि र तीज)मा मेला लाग्ने गरेको छ। उनले हलेसी आउनेहरूलाई लक्षित गरेर तीनतले होटल बनाएका छन्।

लामिडाँडामा यात्रुहरूको चाप निकै बढी छ। नियमित उडान न्यून भएकाले यात्रुहरूले बढी मूल्य तिरेर थप उडानको व्यवस्था गर्न जोड दिने गरेका छन्। गत दसैंतिहारका बेला विराटनगर र काठमाडौंमा गरी ४५ पटक यस्ता थप उडान भएको विमानस्थलका एयर ट्राफिक अफिसर चूडा खड्का बताउँछन्। नेपाल एयरलाइन्सको टिकट बिक्री गर्ने तीलक श्रेष्ठको भनाइ छ, 'धेरै यात्रुहरू टिकट नपाएर अलपत्र परिरहेका छन्। काठमाडौंका लागि दैनिक दुई र विराटनगरका लागि दैनिक एक उडान हुनु जरुरी छ।'

खोटाङ जस्ता विकट जिल्लाको देशका अरू भागसँग सम्पर्क गराउने सजिलो उपाय हवाई मार्ग नै हो। तर, आवश्यक भौतिक पूर्वाधार र सुरक्षा उपकरणविना हवाईजहाजलाई उडान भर्न लगाउनु भनेको दुर्घटना निम्त्याउनु हो। सरकारले लामिडाँडा विमानस्थलको पुनर्निर्माणलाई प्राथमिकता दिनु त जरुरी छँदै छ, उडानको संख्या बढाउन पनि ध्यान दिनु आवश्यक देखिएको छ। दुर्गम ठाउँलाई देशबाट अलग्गिएको महसुस गराउनु कुनै पनि दृष्टिले राम्रो होइन।

■ **विजयप्रसाद मिश्र/लामिडाँडा** (तस्विर पनि)

# चिया विवाद टुंगियो



**त्रिवेणी समूहले** सरकारसँग लिजमा लिई सञ्चालन गरेको वर्ण, टोक्ला, सोक्तिम, बाह्रदशी, चिलिमकोट र कन्याम बगानमा मन्त्रालयका प्रतिनिधि र उद्योगबीच भएको त्रिपक्षीय सम्झौता सुभास संघाईद्वारा कार्यान्वयन नगरेको भन्दै चिया मजदुरहरूका संघ-संगठनद्वारा घोषित चरणबद्ध आन्दोलन नेपाल चिया विकास निगमअन्तर्गतका चिया बगान श्रमिकहरूको माग पूरा गरिने सहमति पछि टुंगिएको छ ।

मंसिर १ गते मोरङको विराटनगरमा मोरङ उद्योग व्यापार संघको सभा कक्षमा भएको सर्वपक्षीय वार्तामा त्यस्तो सहमति भएको हो । सहमतिसँगै सम्पूर्ण आन्दोलन फिर्ता लिइएको चिया मजदुर श्रमिक संघका अध्यक्ष दीपक तामाङले बताए । वार्तामा चारबुँदे सहमति भएको छ । जसअनुसार बन्द रहेको कन्याम चिया बगान १५ दिनभित्र व्यवस्थापन पक्षले त्यहाँ भएका समस्याहरू समाधान गरी खोल्ने, सो समस्या समाधान गर्न व्यवस्थापक समितिले नयाँ कार्यदलको सहयोग लिइने, कार्यदलले समस्या समाधानमा पूर्ण सहयोग गर्ने रहेको छ ।

त्यसैगरी निगमअर्न्तगतका सातवटै बगान नेपाल राजपत्रमा प्रकाशित भएका मितिदेखि लागू हुने गरी रु. ९५ पारिश्रमिक दिने सहमति भएको छ । हाल तालाबन्दी गरिएको कन्याम चिया कमान लगायत निगमका वर्ण, टोक्ला, सोक्तिम, बाह्रदशी, चिलिमकोट र कन्याम बगानका समस्याहरू पहिचान गरी सो समस्या समाधान गर्न सुधीरकुमार शिवाकोटीको अध्यक्षतामा नौ सदस्यीय कार्यदल गठन भएको छ ।

कार्यदलका सदस्यहरूमा नेकपा एमालेका मनकुमार गौतम, जिल्ला जनसरकार झापाका प्रमुख हर्क खड्का, अशोक पोखेल, नरेन्द्र खड्का, चण्डी पराजुली, विजय डालमिया रहेका छन् । कार्यदलले आफ्नो कार्य सम्पादन पद्दति आफैं निर्धारण गरी प्रभावकारी कार्य गर्ने र सरकार र निगमबीचको सम्झौता कार्यान्वयन भए-नभएको अनुगमन गर्ने भएको छ ।

■ **आनन्द गुरुङ/झापा** (तस्विर पनि)




# अजयमेरु आशा

■ **श्याम भट्ट/डडेल्धुरा** (तस्बिर पनि)

**सदरमुकाम खलंगाबाट** तीन घन्टाको पैदल दूरीमा पश्चिमतिर उत्तरबाट बग्दैआएको एक खोलाको विशाल यु आकारको मोडाइबीच उठेको थुम्कोमा अवस्थित तत्कालीन डोटेली राजाहरूको दरवार पुग्दा महसुस हुन्छ, यस्तो ठाउँमा कसरी बस्न सके होलान् उनीहरू ।

चारैतिरबाट डाँडाहरूले घेरिएको अजयमेरु हेर्दा यो उनीहरूको ग्रीष्मकालीन राजधानी हो भनेर विश्वास हुँदैन । यहाँबाट सीमा जोडिएको बैतडीका पहाडहरू देख्न सकिन्छ । इसापूर्वको दोस्रो शताब्दीमा मध्यएसियाबाट उत्तरतिर आएका खसहरू संगठित भएर कर्णाली क्षेत्रको सिंजामा राज्य संचालन गरे । यसैबेला दक्षिणबाट आएका वैदिक आर्यहरूका कारण उत्तरमा आर्य र खस समिश्रण नयाँ सभ्यताको विकास भएको अनुमान गरिन्छ । सिंजाका राजाहरूले अनेकौं सामन्त शासित राज्य निर्माण गर्ने क्रममा दार्चुलाको उकुमा रहेको दरवार र डडेल्धुराको अजयमेरु कोट जसलाई रणथम्प कोट पनि भनिन्छ, निर्माण गरेका हुन् । बाह्रौं शताब्दीको उत्तरार्धसम्म एकीकृत रहेको सिंजा क्षेत्रमा कत्यूरघाँटीबाट आर्यहरूको आगमन बढ्यो ।

यिनै कत्यूरवंशी आर्यहरूले तेह्रौं शताब्दीको पूर्वार्धमा प्रभाव जमाउँदै १४४१ सालमा सिंजासँग युद्ध गरेर रणथम्प कोटमा कब्जा गरेर यसलाई अजयमेरुकोट नाम दिएर आफूलाई रैकाको उपाधि दिई शासन गर्न थाले । यसको नयाँ र पुरानो नाम दुवैले आफ्नो अवस्थिति परिभाषित गर्छन् । डोटेली राजामा नाग चल्ल कुशल शासक मानिन्छन् र उनको पालामा डोटी राज्यमा भएका विकास निर्माणहरूले डोटी राज्यको सम्झना गराउँछन् । दरवारभित्र भएका विद्रोहका कारण पछि गएर शाहीहरूले अजयमेरुकोटमा शासन गरे आन्तरिक संघर्षको फाइदा उठाई सन् १७३७ मा मुगल सरदार मजिब खानले डोटी राज्यमाथि आक्रमण गर्दा दरवारियाहरू एक भएर कैलालीबाट मजिब खानलाई भगाएर डोटी राज्यको संरक्षण गरे ।

चार शतकभन्दा अधिक समय अजयमेरुबाट शासन गरेका डोटेली राजाहरूले यस क्षेत्रमा निर्माण गरेका देवलहरू, स्नान घर र पानी पँधेरो ढुंगेकलाका अनुपम उदाहरण हुन् । नेपाल एकीकरणको अभियानअन्तर्गत वि.सं. १८४७ भाद्र ३१ गते सेती नदी किनारमा गोर्खाली सेनासँग डोटेली सैन्य पराजित भएपछि डोटी राज्य बृहत् नेपालभित्र समाहित हुन पुग्यो । राजा रणबहादुरको शासन र बहादुर शाहको नायवीकालमा सम्पन्न यो विजयपछि अमरसिंह थापा प्रशासक भएर यहाँ आएका थिए । कालीपारिको विजय अभियान सम्पन्न गर्न रणनीतिक महत्त्वको डोटी गौडो अमरसिंह थापालाई सहायक भएको थियो ।

मुख्य दरवार रहेको क्षेत्र हेर्दै खतरनाक छ र ढुंगे युद्धका दृष्टिकोणले उपयुक्त पनि, तर संरक्षणको



अभावमा अजयमेरुकोट दरवार क्षेत्रका धेरै संरचना नष्ट भइसकेका छन्। सैनिक मोर्चा रहने एउटा बुर्जाबाहेक अरुको स्थिति दयनीय छ। यो बुर्जा भक्ति थापाको समाधिस्थल रहेको हिमाञ्चल भारतमा पर्ने मलौन किल्लाको बनावटसँग मेल खान्छ। खोलाका किनारमा रहेको विश्रामस्थल र पूर्वपट्टि रहेका देवल र पानी पँधेरोको स्थिति प्रतिदिन दयनीय बन्दै गइरहेको छ कलात्मक पाटीवरपर स्थानीय बासिन्दाको कब्जा रहेको छ।

आधा दशकअघि जिल्ला विकास र नगरपालिकाको पहलमा दरवार क्षेत्र घेरबार भए पनि अहिले त्यसको कुनै औचित्य छैन। त्यसैताका निर्माण सुरु भएको यहाँ जोड्ने ग्रामीण सडक पनि द्वन्द्वको नाममा बन्द भएर सुरु हुन सकेको छैन। जिविस र नगरपालिका जस्ता मुख्य संयन्त्रसँग यसको संरक्षणका कुनै योजना नहुनु दुःखद हो। यहाँ पुग्ने सडक निर्माण गरी अजयमेरुकोटलाई संरक्षण र पुनर्निर्माण गर्न सके डोटेली राजाको गौरवशाली इतिहास रहेको यो क्षेत्र जिल्लाकै पर्यटन गन्तव्य बन्न सक्छ। यी कुरा समावेशी नयाँ नेपालको परिकल्पनाभित्र पक्कै पर्नेछन्। अजयमेरु कोटले यही आशा गरेको छ। ■



१


२


३


४

१. प्राचीन देवलहरू, २. कचेको सैन्य बुर्जा, ३. टाढाबाट हेर्दा अजयमेरु, ४. स्नानघर, ५. प्राचीन पाटी


५



आरोपितहरूलाई सोधपुछ गर्दा ल्याएर राखिने निकुञ्ज कार्यालय कसराको हिरासत घर

# मान्छे निल्ने निकुञ्ज

**वन्यजन्तुको चोरी-तस्करीमा लागेको एकतर्फी आरोपमा चितवन राष्ट्रिय निकुञ्जवरिपरिका थुप्रै मानिस मारिएका छन् । कतिलाई निकुञ्जको रक्षा गर्न खटिएको सेनाले मारेका छ त कयौँलाई निकुञ्ज प्रशासनले गिरफ्तार गरेर । विडम्बना के भने कति मान्छे यसरी मारिए भन्ने तथ्यांक न सरकारी निकायले राखेको छ न त कुनै गैरसरकारी संस्थाले ।**

■ **रमेशकुमार पौडेल** (तस्बिर पनि)

**रातो पोतेमा** उनेको सानो मंगलसूत्र गलामा झुन्डिएको छ, हातमा चूरा पनि  लगाएकी छन् । अरूको कुरा पत्याउने हो भने चितवन, पदमपुर गाविसकी लीला लोप्चनले यी दुवै त्याग्नुपर्ने हुन्छ । २०५९ साल भदौ ९ गते मध्यरातमा उनका श्रीमान् श्यामबहादुरलाई तीन-चारजनाले बिस्तराबाटै उठाएर लगेका थिए । तीन दिनपछि १२ गते स्थानीय पत्रिकाहरूले सेनासँगको मुठभेडमा मारिएका तस्करहरू भनेर गाउँकै अरू तीनजनासँग उनको नाम पनि छापे । झन्डै चार वर्षपछि गत असारमा चितवन राष्ट्रिय निकुञ्जले समेत त्यही व्यहोराको पत्र उनलाई दिएको छ, तर लीला चूरापोते त्याग्ने बेला अझै आइनसकेको ठान्छिन् । उनको भनाइ छ, 'किन मारेको हो, कसले मारेको हो, लास किन दिइएन, सरकारले सबै कुरा बताउँछ र दोषीलाई कारबाही गर्छ भने बल्ल हामी काजकिरिया गर्छौं र चूरापोते त्याग्छौँ ।'

पदमपुरकै भूमा वाइवा, सोमती प्रजा र मंगली गुरुङको कथा पनि उस्तै छ । उही रात भूमाका श्रीमान् धनबहादुर र सोमतीका श्रीमान् रामबहादुरलाई पनि मानिसहरूले समातेर लगेका थिए । ती मानिसहरू मंगलीका श्रीमान् झलेन्द्रलाई साथमा लिएर आएका सैनिक थिए । ६ दिनअघि कावासोतीमा पक्राउ परेका झलेन्द्रले त्यो रात मंगलीलाई भन्न भ्याएका थिए, 'मलाई लिएर आउने मानिस मेजर बाबा हो ।' भदौ १२ गते अखबारहरूले 'मुठभेडमा मारिएका तस्कर' भनेर नाम छापेका बाँकी तीनजना यिनीहरू नै थिए । लीला लोप्चनसँगै भूमा र मंगलीलाई उनीहरूका लोग्ने मारिएका भनेर निकुञ्जले पत्र दिइसकेको छ । सोमतीका श्रीमान् धनबहादुरबारे भने उसले केही भनेको छैन ।

लोग्ने हरण भएका चारैजना महिला एक वर्षसम्म त सेनाको डरले केही बोल्न नसकेर चुपचाप बसे । यसबीच पदमपुरकै पुरानो बस्ती नजिक इचर्नीमा लगेर मारेर गाडे भन्ने हल्ला उनीहरूले सुनेका

थिए । एक वर्षपछि लालाबालासहित त्यहाँ पुग्दा गाउँलेहरूले २०५९ भदौ १० गते राति इचर्नी दोभान नजिक गोली चलेको आवाज सुनेको र भोलिपल्ट गएर हेर्दा त्यहाँ दुइटा खाल्डो खनेर पुरिएको देखेको बताए । त्यसपछि चारैजना आफ्ना श्रीमान्लाई के गरेको हो, बताउनुपर्‍यो भन्दै निकुञ्जको कार्यालय (कसरा) र जिल्ला प्रशासन कार्यालय धाउन थाले । दुई वर्ष लगातार धाएपछि निकुञ्जले उनीहरूलाई उक्त पत्र दिएको हो ।

यसैबीच काठमाडौँ गएर गत भदौ २५ गते उनीहरूले गृहमन्त्री कृष्णप्रसाद सिटौलालाई भेटेका छन् । अनेक ठाउँबाट निवेदन आउन थालेपछि जिल्ला प्रशासनले पनि गृह मन्त्रालयको द्वन्द्वपीडित राहत व्यवस्थापन एकाइमा घटनाको छानबिन गर्न माग गर्दै पत्र पठाएको छ । लीला भन्छिन्, 'नराम्रो काम गर्‍यो भने चोर्न जाँदा ड्याम्म गोली खाएर मरेको भए चित्त बुझ्थ्यो होला, तर घरबाट उठाएर लगेको मान्छेको बारेमा यस्ता कुरा सुन्दा मन थाम्न नसकिँदो रहेछ ।'

वन्यजन्तुको चोरी-तस्करीमा लागेको एकतर्फी आरोपमा चितवन राष्ट्रिय निकुञ्जवरिपरिका थुप्रै मानिस मारिएका छन् । कतिलाई निकुञ्जको रक्षा गर्न खटिएको सेनाले मारेका छ त कयौँलाई निकुञ्ज प्रशासनले गिरफ्तार गरेर । विडम्बना के भने कति मान्छे यसरी मारिए भनेर न सरकारी, न त गैरसरकारी कुनै पनि निकायले तथ्यांकसमेत राखेको छैन ।


निकुञ्ज र जनताको द्वन्द्व तथा एकताबारे २०५९ सालमा अध्ययन गरेका डिआर पोखरेलले निकुञ्जवरिपरिका नौवटा गाविसको अध्ययन गर्दा ८६ जना मारिएको भेटेका थिए । पोखरेल भन्छन्, 'गाउँलेहरूले ती सबैजना जंगली जनावरले हानेर मरेको भने, तर मलाई लाग्छ सेना र प्रशासनका विरुद्ध मुख खोल्न डराएर तिनीहरूले त्यो भनेका हुन् ।'

पदमपुरका महिलाहरूले लोग्ने मारिएको आधिकारिक जानकारीसम्म त पाए, तर मेघौली, लौगाईकी माया कुमालले त त्यो पनि पाएकी छैनन् । २०६२ असोज ११ गते दसैंको पिङ बनाउन बाबियो काट्ने भनेर आफ्ना भाइ चोकबहादुर र अरू तीन-चारजना युवाहरूसँग घरको आडैमा रहेको निकुञ्जमा पसेका उनी घर फर्केनन् । चोकबहादुरले जंगलमा सेनासँग जम्काभेट हुँदा सेनाले हानेको गोली लागेर दाजु त्यहीँ ढलेको, गोली चल्न थालेपछि अरू सबैजना भागेर ज्यान जोगाउन सफल भएको र घनश्याम ढलेपछि सेनाले उनलाई छामछुम गरेर स्याउलाले छोपेर हिँडेको पनि उनले बताएका छन् ।

त्यसलगत्तै मायाले उनको अवस्थाबारे खोजतलास सुरु गरिन् । निकुञ्ज र जिल्ला प्रशासनले वास्ता नगरेपछि उनी मानवअधिकार संगठन पुगिन् । संगठनले सेनाको गोलीबाट घनश्यामको मृत्यु भएको उल्लेख गर्दै राष्ट्रिय मानवअधिकार आयोगलगायत विभिन्न निकायमा पत्र पठायो, तर त्यसको कुनै अर्थ भएन । उनको मृत्यु निकुञ्जभित्र भएको मान्नसमेत सेना र निकुञ्ज तयार भएनन् । अरू केही दिन सरकारी निकायमा धाउँदा रुखो जवाफ पाएपछि माया सोधखोजसमेत गर्न छाडेर बसेकी छन् ।

घनश्याम मारिएको स्वीकार नगरे पनि गत पुस ७ गते मेघौलीका ५० वर्षीय मोतीलाल परियार निकुञ्जभित्र सेनाको गोलीले मरेको निकुञ्जले सार्वजनिक गरेको छ । काठतस्करहरूसँग भिडन्त हुँदा उनी मारिएको


शिखाराम चौधरीकी श्रीमती हीरा चौधरी


निकुञ्जभित्र मारिएका घनश्याम कुमालका बुवा

बताइएको छ । 'रुक' भनेर चेतावनी दिँदा पनि भागेकाले गोली चलाइएको सेनाले जनाएको छ । मोतीलाल ५८ सालमा काठतस्करीकै आरोपमा १८ महिना जेल बसेका हुन्, तर त्यसपछि अत्यधिक रक्सी खाएर गलेकाले भाग्न सक्ने अवस्थामा नरहेको उनका भाइ सन्तबहादुर बताउँछन् । 'दाइलाई तस्करहरूले बाटो देखाइदेऊ भनेर लगेका हुन सक्छन्', उनले भने ।

निकुञ्जमा प्रमुख संरक्षण अधिकृत रहेर हालै काठमाडौँ सरुवा भएका टीकाराम अधिकारी चोरीतस्करीको आशंकाकै भरमा गोली चलाउनु सेनाको उन्माद हो भन्छन् । निकुञ्जले मान्छे मार्ने आदेश कहिल्यै दिँदैन । त्यसैले त्यसको जवाफदेही सेना नै हुनुपर्छ भन्ने उनको भनाइ छ ।

तर उनी स्वयं पनि निकुञ्जका हाकिम छँदा निकुञ्ज प्रशासनले समातेका एक व्यक्ति यातनाका कारण मारिएबापत पक्राउ परेर धरौटीमा रिहा भएका हुन् । उनका सहायक कमलजंग गुरुङ र रेन्जर रितेशभूषण बस्नेत भने आजसम्म पनि थुनामै छन् ।

दिव्यनगर गाविस, शिशुवारका ५७ वर्षीय शिखाराम चौधरीलाई उनको घरबाटै गत जेठ २१ गते साँझ निकुञ्जले पक्राउ गरेर कसरा लगेको थियो । २३ गते श्रीमती हीरा उनलाई भेट्न जाँदा उनको अवस्था दयनीय थियो । हीरा भन्छिन्, '१०-१५ मिनेट बोलाएपछि बल्लबल्ल सकीनसकी ढोकाबाहिर निस्कनुभयो । एकदमै गल्नुभएको थियो । टुसुक्क बस्नुभयो अनि रुन थाल्नुभयो । अनुहारमा पूरै घाउ, चोट र नीलडाम थियो ।' जेठ ३० गते बिहान श्रीमान् बिरामी छन्, हेरचाहका लागि आउनू भनेर हीरालाई भरतपुर मेडिकल कलेजमा बोलाइयो । त्यहाँ उनले श्रीमान्लाई मृत अवस्थामा फेला पारिन् । देशमा राजनीतिक परिवर्तन आएर गाउँलेहरू बोल्न सक्ने भएकाले कुरो चर्कियो र निकुञ्जका हाकिमहरूलाई पक्रन प्रहरी बाध्य भयो ।

शिखारामको शव परीक्षण प्रतिवेदनमा 'पिठ्यूँ र बायाँ कोखामा अत्यधिक बल पर्ने चोटका कारण बायाँपट्टिका सातओटा करङ भाँचिएर सास फेर्न नसकेको' भनिएको छ । जिल्ला प्रशासनले उनको परिवारलाई ६ लाख रुपैयाँ क्षतिपूर्ति दिएको छ भने हाल निकुञ्जका कुन अधिकारी कस्तो कारबाहीको भागीदार हुने भन्नेबारे अदालतमा बहस चलिरहेको छ । निकुञ्जका मान्छेहरू भने संरक्षणविरोधीहरूले षड्यन्त्र गरेर आफूहरूलाई फसाउन खोजेको आरोप लगाउन थालेका छन् । हुन पनि शिखाराम काण्डपछि निकुञ्जमा सिकारीले भटाभट गैँडा मार्न थालेका छन् । टीकाराम अधिकारीको टिप्पणी छ, 'चोरीसिकारी एकाइका प्रमुख कमलजंग कुँवर थुनामा भएकाले यस्तो भएको हो ।'

उनी शिखाराम घटनालाई दुर्भाग्यपूर्ण हो भन्छन्, तर हिरासतमा मान्छे मरेको घटना यो नै पहिलो भने होइन । गत वर्ष पनि हिरासतमा लिइएको तेस्रो दिन रत्नगरका समनबहादुर विश्वकर्माको लास 'पासो लगाई आत्महत्या गरेको' भनेर परिवारलाई बुझाइएको थियो । विश्वकर्मा पूजा गर्नेबारे श्रीमतीसँग घरमा कुरा गरिरहेका उनलाई भदौ ३१ गते पक्राउ गरेर कसरा पुर्‍याइएको थियो । असोज २ गते समनबहादुरको लास बुझ्ने उनका भाइ कोइराला विश्वकर्मा भन्छन्, 'दाजुको आँखामा, गालामा र भुँडीमा जताततै नीलडामहरू थिए, घाँटी पनि भाँचिएको थियो । समय राम्रो नभएकाले आवाज उठाउन सकिएन, नत्र भने उहाँ आत्महत्या गर्ने मान्छे नै होइन ।'

निकुञ्जभित्र सेना र प्रशासन दुवैको कारण मान्छे मरेका छन् । यस्तो किन हुन्छ त ? निकुञ्जमा आश्रित बोटे, माझी समुदायको अधिकारका लागि काम गर्ने संस्था सामुदायिक विकास संगठन चितवनका सचिव सोमत घिमिरेको भनाइ छ, 'निकुञ्जमा बस्ने सेनाले वरिपरिका मान्छेलाई तस्कर ठान्छन्, गरिबहरू प्रकृतिको स्रोत नष्ट गर्ने, तस्करलाई सहयोग गर्ने हुन् भन्ने सोच्छन् ।' 'माझी, बोटे, मुसहर कल्याण समिति, नवलपरासी'का अध्यक्ष अमरबहादुर माझी भन्छन्, 'जंगलभित्र गस्तीमा हिँडेको सेना भेट भयो भने काठ चोर्ने भनेर गोली हान्छ, गोली लागेर मर्‍यो भने तस्कर मर्‍यो भन्छ ।'

निकुञ्जमा मारिएका मानिसले जनावर जत्तिको पनि महत्त्व पाउँदैन । जनावर मारियो भने निकै हो-हल्ला हुन्छ, पत्रपत्रिकाले पनि समाचार छाप्छन्, तर मान्छे मारिँदा त्यति चर्चा हुँदैन । गत वर्ष दसैँताका एउटा गैँडा मर्दा ठूलो समाचार बन्यो । त्यही दसैँअघि मारिएका घनश्याम कुमालका बारेमा भने कतै कुरा उठेन ।

सोमत घिमिरे भन्छन्, 'संरक्षण भनेर चरा र गैँडाका पछाडि जति लगानी भएको छ, त्यसको एक प्रतिशत पनि निकुञ्जवरिपरि बस्ने मानिसको अधिकारको रक्षाका लागि काम भएको छैन ।' जनावरहरूको संरक्षण गर्नु त ठिकै हो, तर त्यसको नाउँमा निकुञ्जले निर्दोष मान्छे नै निल्दैजाने हो भने संरक्षणको के अर्थ रहला र ? ■

# बाँदर विवाद

**नेपाली बाँदरको अमेरिकी प्रयोगशालामा माग बढ्ने लक्षण देखिन लागेपछि यसको पक्ष र विपक्षमा वहस पनि चल्न थालेको छ । जीवजन्तुको अधिकारको वकालत गर्नेहरूले नेपाली बाँदर कुनै पनि हालतमा निर्यात गर्न नहुने आवाज निकाल्दै छन्, तर बाँदरविज्ञ डा. मुकेश चालिसे भने उनीहरूले यस विषयलाई अनावश्यक रुपमा उचालेको बताउँछन् ।**


भास्कर ओझा

**एचआइभी/एड्सविरुद्धको** भ्याक्सिन निर्माण अनुसन्धानका निम्ति नेपाली बाँदर अमेरिकी प्रयोगशाला लगिने भएका छन् । खोप परीक्षणका निम्ति नेपाली बाँदर अमेरिका लगिने निश्चित भए पनि मिति भने अझै निश्चित छैन । 'रेसस म्याक्युस' प्रजातिका नेपाली बाँदरहरू 'बायो मेडिकल' अनुसन्धानका लागि उपयुक्त हुने भएकाले अमेरिकी प्रयोगशालाले नेपालका बाँदरमा आँखा लगाएको हो । 'नेपाली बाँदरको अनुवांशिक सम्बन्ध चीनका भन्दा भारतीय बाँदरहरूसँग बढी मिल्दोजुल्दो छ', केही महिनाअघि प्रकाशित अमेरिकी जर्नल अफ प्रिम्याटोलोजीमा उल्लेख छ, 'बायोमेडिकल रिसर्चमा भारतीयमूलका बाँदरहरू ५० वर्षभन्दा अघिदेखि प्रयोग हुँदै आएका छन् ।'

नेपाल र भारतमा पाइने 'रेसस म्याक्युस' प्रजातिका बाँदरले औषधी विज्ञानमा यसअघि पनि ठूलो गुन लगाएका छन् । उनीहरूमै परीक्षण गरिएको अनुसन्धानले पोलियो तथा 'येलो फिभर' भ्याक्सिन विकास गर्न सहयोग पुऱ्याएको थियो र सन् १९७८ देखि भारतले 'रेसस म्याकुस' प्रजातिका बाँदरको निर्यातमा पूर्ण प्रतिबन्ध लगाएपछि वैज्ञानिकहरू एड्सविरुद्धको खोपका लागि पनि नेपालमा पाइने बाँदरमा निर्भर हुनु पर्ने बाध्यता आइपरेको छ ।

अमेरिकी प्रयोगशालामा अनुसन्धानका लागि बाँदरका आपूर्तिमा कमी आउन थालेपछि वैज्ञानिकहरूले यसको विकल्प खोज्न थाले । यसै क्रममा छिमेकी मुलुक चीनले यसखाले अनुसन्धानका लागि पालिएका (क्याप्टिभ ब्रिड) बाँदरहरू निर्यात गर्न थाल्यो, तर वैज्ञानिकहरूले भारतीय तथा चीनका बाँदरहरूमा व्यवहारिक तथा शरीरशास्त्रीय फरक पाए ।

अमेरिकास्थित युनिभर्सिटी अफ वासिङटन अन्तर्गतको वासिङटन नेसनल प्रिमेट रिसर्च सेन्टरले नेपालस्थित नेपाल बायोडाइभर्सिटी रिसर्च सोसाइटीको तत्त्वावधानमा सन् २००३ देखि नेपाली बाँदरको औषधी विज्ञानमा रहेको सम्भाव्यतासम्बन्धी अनुसन्धान भएको थियो ।

एड्सको भ्याक्सिन विकसित गर्नका लागि अमेरिकी वैज्ञानिकका आँखामा नेपाली बाँदरहरू तीन वर्षअघि परेका थिए । त्यतिबेला स्वयम्भूका २१ वटा बाँदर अज्ञात रोगले मरेका थिए । अज्ञात रोगको महामारी पत्ता लगाउन आएका ती अमेरिकी वैज्ञानिकहरूले बाँदर मारिएको कारण खुलासा नगरे पनि नयाँ सम्भावनालाई भने उजागर गरेका छन् । ती मृत बाँदरहरूको रगत, दिसा-पिसाब संकलन गरी 'नेपाली बाँदरबाट संकलित नमुनाहरू प्रयोगशालामा संकलित भारत र चीनका झन्डै ३०० नमुनासँग तुलना गरियो', केही महिनाअघि प्रकाशित अमेरिकी जर्नल अफ प्रिम्याटोलोजीमा उल्लेख छ ।

नेपाली बाँदरको अमेरिकी प्रयोगशालामा माग बढ्ने लक्षण देखिन लागेपछि यसको पक्ष र विपक्षमा वहस पनि चल्न थालेको छ । जीवजन्तुको अधिकारको वकालत गर्नेहरूले नेपाली बाँदर कुनै पनि हालतमा निर्यात गर्न नहुने आवाज निकाल्दै छन् । 'जीवजन्तुको अधिकार र कानुनसम्मत नभएकाले प्रयोगशालामा नेपाली बाँदरको प्रयोग गर्न मिल्दैन', वाइल्डलाइफ वाच ग्रुपका निर्देशक मंगलमान शाक्य भन्छन्, 'अज्ञात रोगको कारण पत्ता लगाउन आएका ती अमेरिकी वैज्ञानिकले सो कुराको खुलासा नगरी एकैपटक एड्सविरुद्धको भ्याक्सिनमा उपयुक्त छ भन्ने कुरा आउनाले यसमा शंका गर्ने ठाउँहरू धेरै छन् ।'

सरकारले तीन वर्षअघिको निर्णयबाट विभिन्न वन्यजन्तु उत्पादनका लागि अनुमति दिने निर्णय गरेको थियो । यही स्वीकृतिका आधारमा वासिङटन नेसनल प्रिमेट रिसर्च सेन्टर र बायोडाइभर्सिटी रिसर्च सोसाइटीबीच बाँदरको 'क्याप्टिभ ब्रिडिङ'का लागि सहमति भइसकेको उक्त अमेरिकी प्रिम्याटोलोजी जर्नलमा उल्लेख छ ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभागका अनुसार 'क्याप्टिभ ब्रिडिङ'का लागि नेपाल बायोमेडिकल रिसर्च सेन्टरले ५० वटा बाँदरहरू एक वर्ष अघि लगेको छ । 'अनुमतिमा लगिएका ती बाँदरबाट बच्चा पनि जन्मिन सुरु भइसकेको छ', विभागका सहायक व्यवस्थापन अधिकृत सूर्यबहादुर पाण्डे बताउँछन् ।

'जीवजन्तुको अधिकार'को पक्षमा वकालत गर्नेहरूले खोप आविष्कारका लागि बाँदरको प्रयोग नितान्त 'व्यापार र नाफामुखी' रहेको आरोप लगाउँदै आएका छन् । यसैबीच २१ मुलुकका १२ सयभन्दा बढी व्यक्तिको हस्ताक्षर संकलन गरी नेपालले बाँदर उत्पादन तथा निर्यातमा रोक लगाउनु पर्ने दबाब दिन थालेका छन् ।

जनावर अधिकारको वकालत गर्ने प्रख्यात संस्था 'इन्टरनेसनल प्रिमेट लिग-आइपिपिएल'ले अमेरिकी प्रयोगशालामा नेपाली बाँदरहरूको 'क्याप्टिभ ब्रिडिङ', निर्यात तथा अनुसन्धानका लागि रोक लगाउनका लागि दबाब दिएको छ । 'यो क्याप्टिभ ब्रिडिङ' अवधारणा नेपालमा बाँदरको व्यापार गर्ने उद्देश्यले आएको छ', मंगलमान शाक्य भन्छन्, 'यसबाट नेपालले के पाउने वा गुमाउने भन्ने कुराको निक्योल सरकारले गरेको छैन ।'

तर अनुसन्धानकर्मीले भने यसलाई कुनै प्रायोजित योजना नरहेको र मानवजातिको हितका लागि प्रयास गरेको बताएका छन् । जीवजन्तु अधिकारकर्मीले भनेझैं बाँदरमाथिको परीक्षणमा कुनै गैरकानुनी कार्य नभएको दाबी बाँदर विशेषज्ञ डा. मुकेश चालिसेको रहेको छ । 'उनीहरूले यस विषयलाई अनावश्यक रुपमा उचालेका छन्', डा. चालिसे भन्छन्, 'अहिलेसम्म अनुसन्धानका लागि कुनै पनि बाँदर नेपालबाट निर्यात भएका छैनन्, तर औषधी विज्ञानमा बाँदरहरूमाथिको परीक्षण कुनै नयाँ कुरा होइन । मानव जातिको रोगव्याध निर्मूलका लागि र मानवीय हितमा काम गर्ने हो भने यसखाले अफवाह फैलाउनु कुनै जरुरी छैन ।'

■ **मनीष गौतम/काठमाडौं**



## तालाबन्दीले तनाव

पर्यटकहरू ओइरिइरहेकै बेला लुम्बिनी विकास कोषका कर्मचारीले प्रधान कार्यालयमा तालाबन्दी गर्नाले अन्तर्राष्ट्रिय पर्यटकीयस्थल लुम्बिनीमा केही दिन तनाव उत्पन्न भयो ।

तालाबन्दीले लथालिंग बनेको लुम्बिनीमा सहमतिपछि चौथो दिनबाट मात्र सेवा सुचारु भएको थियो । तालाबन्दीपछि कार्यालयका कामकाज ठप्प भएका थिए । जसबाट कोषको आम्दानी पनि प्रभावित भएको थियो । त्यस्तै प्रशासन र सुरक्षाफाँटका सबै काम लथालिंग भएका थिए ।

लुम्बिनी विकास कोष कर्मचारी युनियनका अध्यक्ष सब्बीर अहमदले विकास कोषले कर्मचारीको हकहितका विषयमा बेवास्ता गरेकाले तालाबन्दी गरिएको बताए । कर्मचारीहरूले २५ प्रतिशत तलब वृद्धि हुनुपर्ने, अनावश्यक नयाँ नियुक्ति रोक्नुपर्ने, बढुवा गर्नुपर्ने, गुरुयोजनामा बृहत् कदमी हुनुपर्ने, कोषका क्रियाकलापहरू पारदर्शी हुनुपर्ने जस्ता माग राखेका थिए ।

ती माग पूरा गराउन युनियनले जिल्ला प्रशासन कार्यालयमार्फत प्रधानमन्त्रीको कार्यालय तथा संस्कृति तथा पर्यटन मन्त्रालयलाई समेत बोधार्थ पठाई दबाब दिएको थियो ।

कोषका कर्मचारीले ती माग २०६१ सालदेखि पटक–पटक उठाउँदै आएका थिए । जसलाई पछिल्लो पटक समितिले कात्तिक ३० गतेसम्म पूरा गर्ने आश्वासन दिएको थियो, तर अहिलेसम्म त्यसको कार्यान्वयन नभएको भन्दै कर्मचारीहरू आन्दोलनमा उत्रिएका थिए । कर्मचारी हड्तालले कोष लथालिंग भएपछि कोष र कर्मचारीहरू वार्ता गरी सहमतिमा पुगेका थिए । वार्तामा कर्मचारीका धेरै जसो माग पूरा गर्ने सहमति भएको थियो । विकास कोषका सदस्य सचिव रामलाल श्रेष्ठले कर्मचारीहरू काममा फर्किएको बताए । उनले कोषका गतिविधि सुचारु भएको जानकारी पनि गराए ।

■ दीपक ज्ञवाली/लुम्बिनी

# उत्साहजनक

■ दीपक ज्ञवाली/लुम्बिनी (तस्बिर पनि)

## मुलुकमा शान्ति स्थापनाको टुंगो लाग्ने भएपछि पर्यटकहरू लुम्बिनीमा ओइरिएका छन्, तर उनीहरूको बसाइ अवधि लम्ब्याउन नसकिएकाले पर्यटनको प्रत्यक्ष लाभ न त स्थानीय बासिन्दाले पाएका छन् न लुम्बिनीले ।

**अमेरिकाका** पत्रिकाहरूमा स्तम्भ लेख्ने चिनियाँ मूलकी अमेरिकी नागरिक ट्राकी लीले काठमाडौं आएको बेला लुम्बिनीबारे थाहा पाइन् र आफ्नो भ्रमण त्यतैतिर डोऱ्याइन् ।

लुम्बिनी आइपुगेपछि उनी खुसीले उफ्रिइन् । उनलाई लाग्यो, लुम्बिनी साँच्चै विश्वशान्तिको मुहान रहेछ । वरिपरि पोखरीमा फूलेका कोमल कमलका फूलहरूको फोटा खिचिन् । मन्दिर र गुम्बाहरू घुमिन् र आत्मशान्तिका लागि दीप पनि बालिन् ।

आफ्नो देश फर्किने बेला उनले भनिन्, 'यस्तो शान्त ठाउँ पनि छ भन्ने मलाई थाहा थिएन । मैले अमेरिका पुगेर बुद्ध र लुम्बिनीबारे प्रशस्त लेख्नेछु ।'

लुम्बिनी आएर उनी यति खुसी भइन् कि मानौं लुम्बिनीमा उनको मन साँच्चै पवित्र भयो । लुम्बिनी विकास कोषका सूचना अधिकृत ज्ञानेन राईले बताए, 'फर्किने बेला उनले लुम्बिनीको माटो र उपहार पनि लिएर गइन् ।'

एउटा गतिलो संयोग थियो, रक्तपात सकिएका बेला र मुलुकमा शान्ति स्थापनाको माहोल अगाडि बढेकै बेला उनी लुम्बिनी आएकी थिइन् । यो उनको पहिलो भ्रमणको पहिलो अनुभव थियो ।

तर लुम्बिनीबारे थाहा भएर पनि द्वन्द्वका कारण आउन नसकेका विदेशी पर्यटकहरू झन् अहिले लुम्बिनीमा ओइरिएका छन् ।

मुलुकमा शान्ति स्थापनाको टुंगो लाग्ने भएपछि उनीहरू खुसी हुँदै लुम्बिनी ओइरिएका हुन् ।

सूचना अधिकृत ज्ञानेन राई भन्छन्, 'युद्धविराम र शान्तिवार्ताका कारण पर्यटकहरू उत्साहजनक तरिकाले आइरहेका छन् ।'

उनको भनाइमा यस वर्ष गत वर्षको तुलनामा ४० प्रतिशत पर्यटकहरू बढ्नेछन् ।

गत वर्षका १० महिनामा तेस्रो मुलुकबाट **२८** हजार ४ सय ४२ पर्यटकहरू लुम्बिनीमा आएका थिए, तर यस वर्षका १० महिनामै ३७ हजार ६ सय ६३ पर्यटकले लुम्बिनी भ्रमण गरेका छन् ।

पर्यटकका लागि सबभन्दा अनुकूल ठानिएका अबका दुई अंग्रेजी महिना नोभेम्बर र डिसेम्बरमा सबभन्दा बढी पर्यटक आउनसक्नेछन् । जसका कारण गत वर्षभन्दा पर्यटक आगमनको संख्या ह्वात्तै बढ्नेछ ।

यो तथ्यांक भारतबाहेकका विदेशी मुलुकको मात्रै हो । कोषले भारत र नेपालकै आन्तरिक पर्यटकहरूको तथ्यांक भने राख्ने गरेको छैन । लुम्बिनी अवलोकन गर्ने सबभन्दा बढी पर्यटकहरू भारतीय र नेपाली नै छन् ।

शान्ति स्थापनाको चरण सुरु हुनासाथ अन्तरिक र भारतीय पर्यटकहरू नै सबभन्दा बढी लुम्बिनी आएका छन् । कोषको अनुमानमा आन्तरिक र भारतीय पर्यटकहरूको संख्या तेस्रो मुलुकको तुलनामा झन्डै तीन तिहाइ बढी छ, तर शान्तिको सन्देश प्रवाहित हुनासाथ तेस्रो मुलुकबाट पनि पर्यटक ह्वात्तै बढेको कोषले जनाएको छ ।

अबका दुई महिनामा अनुमान गरेजस्तै पर्यटकहरू ओइरिएमा लुम्बिनीमा पर्यटकहरू आगमनको स्थिति विगत एक दशकयताकै सबभन्दा उत्कृष्ट हुनेछ । कोषका सदस्य सचिव रामलाल श्रेष्ठ भन्छन्, 'नेपालमा शान्ति स्थापनाको सन्देश विदेशमा अझ बढी फैलाउनुपर्छ, जसबाट टाढा-टाढाका मुलुकका पर्यटकहरू झन् बढी ओइरिनेछन् ।'

नेपालमा अझ खासगरी विश्वशान्तिको मुहान लुम्बिनीकै वरपर सशस्त्र द्वन्द्व र रक्तपातले विनाशकारी परिणाम ल्याउँदा विश्वभर लुम्बिनीको असुरक्षाका बारेमा नराम्रो सन्देश गइरहेको थियो । असुरक्षाका कारण विदेशी पर्यटक र बुद्धका अनुयायीहरू समेत निर्धक्क लुम्बिनी आउन डराउँथे, तर शान्ति स्थापनाको सार्थक पहल भए लगत्तैबाट त्यस्ता पर्यटक र धार्मिक व्यक्तिहरू ओइरिन सुरु गरेका छन् ।

लुम्बिनीमा आउने विदेशी पर्यटकमध्ये सबभन्दा धेरै श्रीलंकाका छन् । श्रीलंकापछि थाइल्यान्ड, दक्षिण कोरिया र जापान उत्कृष्ट संख्यामा पर्यटक आउने देशहरू हुन् । लुम्बिनीमा दशकमै बढी पर्यटकहरू आइरहे पनि उनीहरूबाट लुम्बिनीका लागि अपेक्षित आर्थिक लाभ भने हुन सकेको छैन । कारण लुम्बिनीमा उनीहरूको बसाइको अवधि निकै छोटो हुने गरेको छ ।

लुम्बिनी भ्रमणमा आउने धेरै पर्यटक भारतबाट लुम्बिनी आउँछन् र केही समय लुम्बिनीको दर्शन सकेर करिब २५ किमि सीमापारि भारतमै रात बिताउन फर्काउँछन् । दर्शन गर्न आएका पर्यटकहरूको लुम्बिनी भ्रमणको कार्यक्रम भारतीय पर्यटन बजारमा बन्ने हुनाले उनीहरू भारतीय पथप्रदर्शक र सवारीसाधनबाट लुम्बिनी आउँछन् र त्यसैदिन भारत फर्कन्छन् ।

लुम्बिनी आएका पर्यटकहरूको आधारभूत आवश्यकता, चाहना र स्थानीय आकर्षणको कमीले गर्दा उनीहरू लुम्बिनीमा केही समय बिताएर मनोरञ्जनको लागि भारतमा अथवा अन्यत्रै जान्छन् । यस्ता कारणले लुम्बिनीको पर्यटन आर्थिक रुपमा प्रभावित बनेको छ ।

लुम्बिनीस्थित बुद्धमाया गार्डेन होटलक प्रबन्धक सुरज गुरुङ लुम्बिनीमा पर्यटकहरूलाई धेरै दिन बिताउने प्रबन्ध मिलाउन सके उनीहरूबाट नेपाललाई आर्थिक आम्दानी हुने बताउँछन् ।

लुम्बिनीस्थित एक उपहार पसल संचालक वीरेन्द्रकुमार मिश्र भन्छन्, 'भारतीय बाटोबाट आउने पर्यटकहरूले भारतीय पथप्रदर्शक र सवारीसाधन मात्र होइन, यस्ता सामान पनि उतैबाट लिएर आउँछन्, यहाँ त फोहोर मात्र गर्ने हुन् ।'

कोषका सूचना अधिकृत राई पनि लुम्बिनी विकास कोष लुम्बिनीमा धार्मिक पर्यटनको विकासमा अग्रसर रहे पनि पर्यटक बजार विस्तार हुन नसकेको स्वीकार गर्छन् । नेपालमा स्थलमार्ग हुँदै पर्यटन भित्रिने मुख्य नाका रुपन्देहीको बेलहिया पनि हो । यस नाकावाट दैनिक १ सयभन्दा बढी भारतबाहेक तेस्रो मुलुकका पर्यटक नेपाल भित्रिन्छन् । बेलहिया नाकाबाट नेपाल भित्रिने पर्यटकहरू अधिकांशको गन्तव्य लुम्बिनी हुन्छ । त्यसबाहेक कोही सीधै पोखरा, चितवन र काठमाडौं जान्छन् भने केही लुम्बिनी भ्रमण सकेर फर्कन्छन् ।

लुम्बिनी आउने पर्यटकहरूको संख्या बढे पनि उनीहरूको बसाइ अवधि निकै छोटो छ । लुम्बिनीको ग्रामीण पर्यटनको विकासका लागि कार्यरत एक संस्था ग्रामीण गरिबी निवारणका लागि पर्यटन कार्यक्रम (टिआरपिएपी)को समन्वयमा डेभा प्रालिले गरेको सर्वेक्षणमा लुम्बिनीमा आउने पर्यटकहरूको औसत बसाइ जम्मा १ दशमलव ४४ दिन (झन्डै डेढ दिन) मात्र रहेको छ । त्यसमध्ये लुम्बिनी बसाइको क्रममा पर्यटकहरूले औसतमा ४३ अमेरिकी डलर अर्थात् ३ हजार २ सय ७८ नेपाली रुपैयाँ खर्च गर्ने गर्छन् ।

सर्वेक्षणमा लुम्बिनी आउने पर्यटकहरूमध्ये ११ प्रतिशत उसैदिन फर्केर भारतमा जाने गरेको देखाइएको छ । पर्यटकहरूमध्ये १६ प्रतिशत मात्र विभिन्न होटेल तथा लजहरूमा बस्ने गरेको, २५ प्रतिशत विभिन्न गुम्बाहरूमा र २६ प्रतिशत फर्केर भैरहवाका होटल तथा लजहरूमा बस्ने गरेको पाइएको छ ।

लुम्बिनीमा पर्यटकहरूको व्यवस्थित बसोवासका लागि प्रशस्तै होटल तथा लजहरू खुलेका छन्, तर तिनमा पर्यटकहरूको लागि मनोरञ्जनको व्यवस्था नहुनु लुम्बिनीमा आकर्षणको कमी, फोहोर, अव्यवस्थित आवागमन जस्ता कारणले पर्यटकको बसाइ अवधि छोटो हुने गरेको डेभा प्रालिको अध्ययनले देखाएको छ ।

लुम्बिनीमा केही समय घुमेर रात बिताउन भारततर्फ जाने पर्यटकको तथ्यांकले लुम्बिनी क्षेत्रको पर्यटन व्यवसायमा आर्थिक रुपले निराशाजनक परिणाम देखाउँछ ।

लुम्बिनीमा पर्यटकहरूको अवलोकनको लागि अन्य कुनै वस्तुका साथै गौतम बुद्धसँग सम्बन्धित ऐतिहासिक तथा पुरातात्त्विक ठाउँहरूमा रहेका महत्त्वपूर्ण विषयहरू देखाउन पर्याप्त एवं प्रभावकारी पूर्वाधारको खाँचो छ । लुम्बिनी विकास कोषका अनुसार यस क्षेत्रमा बुद्धसँग सम्बन्धित १ सय ३३ वटा ऐतिहासिक महत्त्वपूर्ण पुरातात्त्विक ठाउँ र वस्तुलाई व्यवस्थित रुपमा राख्न सकिए पर्यटकहरूको आकर्षण बढाउन सकिन्छ, तर ती योजना योजनामै सीमित छन् ।

गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा जति पर्यटकहरू आउँछन् । तिनीहरूलाई बुद्धसँग सम्बन्धित रामग्राम, देवदह र तिलौराकोट क्षेत्रको भ्रमण गराउने उचित वातावरण मिलाउन सके लुम्बिनीको पर्यटन फस्टाउन सक्छ । लुम्बिनी आउने पर्यटकहरूको भ्रमण अवधि लम्ब्याउन ती क्षेत्रको उत्खनन गरेर संरक्षण गर्नुपर्ने, स्थानीय जनसहभगितामा विकास निर्माण कार्यलाई अगाढि बढाइनुपर्ने, राष्ट्रिय तथा वैदेशिक सहयोगको रकम पारदर्शी बनाउँदै लैजानुपर्ने आवश्यकता रहेको ती क्षेत्रका मानिसहरूको धारणा छ । ■

■ मनोज दाहाल/नयाँदिल्ली (तस्वीर पनि)

**एक वर्षअघि** सात दलसँग भएको बाह्रबुँदे समझदारीमा हस्ताक्षर गर्ने क्रममा नयाँ दिल्ली बस्दा माओवादी अध्यक्ष प्रचण्ड भूमिगत थिए र दिल्लीका सडकहरूमा लुकिलुकी हिँडेका थिए । एक वर्षअघि दसौं ठाउँमा सेल्टर लिएर, अनेकौं व्यक्तिहरूको सहयोग लिएर, एक ठाउँबाट अर्को ठाउँ सर्दै प्रचण्डको दिल्लीयात्रा सम्पन्न भएको थियो ।

एक वर्षपछि परिस्थितिले कस्तो मोड लिएको छ भने सुरक्षाकर्मीहरूबाट 'सुरक्षा' लिँदै चिल्ला गाडीको लस्कर लगाएर भारतीय राजनीतिक केन्द्रका महत्त्वपूर्ण व्यक्तिहरूसँग भेट्दै अत्यन्त व्यस्त कार्यतालिकाबीच प्रचण्डको दिल्लीयात्रा सम्पन्न भएको छ । अघिल्लो सप्ताहान्त भएको उनको दिल्लीयात्राले माओवादी र उसका गतिविधिलाई भारतीय वैधतामात्र मिलेको छैन, दिल्लीको खास प्रभाव रहने नेपाली राजनीतिमा उनको स्थान पनि अग्लिएको छ । प्रचण्ड एकाएक दक्षिण एसियाली राजनीतिका एक शक्तिकेन्द्रका रूपमा चिनिन थालेका छन् ।

पहिलो दिन नयाँ दिल्लीस्थित विमानस्थलमा उत्रँदा प्रचण्डलाई पनि विश्वास थिएन, तेस्रो दिन उनी यो स्तरको भारतीय वैधता, स्वागत र प्रशंसा बोकेर नेपाल फर्कनेछन् । दोस्रो दिन हिन्दुस्तान लिडरसिप समिटमा होस् वा तेस्रो दिन जनता दल युनाइटेडका अध्यक्ष शरद यादवको घरमा, माओवादी अध्यक्ष प्रचण्ड पत्रकार, भारतीय नेताहरू र अन्य व्यक्तित्वहरूका सामु हट केक बनेका थिए । सबैतिर उनको माग थियो ।

आफूलाई भावुक प्रकृतिको मानिस भन्न रुचाउने प्रचण्ड भ्रमणको अन्तिम दिन नेता यादवको घरमा भारतीय पूर्व प्रधानमन्त्रीहरू इन्द्रकुमार गुजराल र विश्वनाथप्रताप सिंहका अघिल्तिर आफ्नो भावुकताको उत्कर्ष प्रदर्शन गर्न चुकेनन् । भारतीय सम्मानबाट दंग परेका माओवादी अध्यक्षले आफ्नो बोल्ने पालोमा गला अवरुद्ध गरे, आँखा रसिला पारेर भने, 'म सपना हो कि विपना हो भनेर छुट्याउन सकिरहेको छैन ।'

हुन पनि वृद्ध नेता गुजरालले प्रचण्डको हात दह्रोसँग समातेर सुरुमै उनका क्रियाकलापहरूको समर्थन र 'सफलता'का लागि उनलाई बधाई दिएका थिए र पछि यी भारतीय पूर्व प्रधानमन्त्रीले माओवादी अध्यक्षलाई के भनेर मख्ख पारिदिए भने, 'क्रान्तिका कथाहरू मैले किताबहरूमा पढेको थिएँ, सुनेको थिएँ

# भारतीय वैधता

**अघिल्लो सप्ताहान्त भएको प्रचण्डको दिल्लीयात्राले माओवादी र उसका गतिविधिहरूलाई भारतीय वैधतामात्र मिलेको छैन, दिल्लीको खास प्रभाव रहने नेपाली राजनीतिमा उनको स्थान पनि अग्लिएको छ । प्रचण्ड एकाएक दक्षिण एसियाली राजनीतिका एक शक्तिकेन्द्रका रूपमा चिनिन थालेका छन् ।**



पत्रकारहरूको आकर्षणका केन्द्र बनेका प्रचण्ड

तर आफ्नो जीवनकालमा पहिलोपल्ट देखिरहेको छु।'

तर, के पनि होइन भने सरकारसँग शान्ति सम्झौतामा हस्ताक्षर गर्नुभन्दा एक साताअघि तीनदिने दिल्ली भ्रमणमा निस्केका माओवादी अध्यक्ष प्रचण्डको सबैतिर स्वागत नै भयो। भारतीय जनता पार्टी १९५० को नेपाल-भारत सन्धि फेर्नुपर्ने उनको भनाइको दह्रो प्रतिवाद गर्दै विरोधमा उत्रियो भने भारतको प्रजातन्त्रमा प्रशस्त कमीहरू छन् भन्ने प्रचण्ड र अर्का माओवादी नेता बाबुराम भट्टराईको भनाइलाई बुद्धिजीवी र नेताहरूले मानेनन्। भारत र नेपालीबीचको सम्बन्ध एक्काइसौं शताब्दीको भावनाअनुरूप परिवर्तित हुनुपर्ने प्रचण्डको भनाइको पनि केही हदसम्म आलोचना भयो।

भारतीय र अन्य विदेशी मिडियाहरूको आकर्षण बनेका प्रचण्डले केही ताता र आकर्षक खुलासाहरू पनि गरे, दिल्ली भ्रमणका क्रममा। 'नेपालमा राजाको शासन हटेपछि आइएसआइको गतिविधि बन्द भएको छ', उनले भने र माओवादी जनयुद्धको सुरुमा आइएसआइबाट सहयोगका प्रसस्त 'अफर'हरू आएको पनि दाबी गरे।

प्रचण्डको यो दिल्लीयात्रा र यस क्रममा उनले दिएका अभिव्यक्तिहरूले भारतप्रतिको माओवादी धारणा १ सय ८० डिग्रीमा परिवर्तन भएको पनि देखिएको छ। 'एक वर्षअघि सात दलसँग बाह्रबुँदे समझदारी गर्दा भारतले गरेको सहयोग र उसले देखाएको सद्भावनापछि भारतप्रतिको हाम्रो धारणा परिवर्तन भएको छ', प्रचण्डले भने। भारतविरोधी गतिविधिहरू गर्ने र भारतविरोधी भावना उचाल्ने प्रजातन्त्रविरोधी भएको आरोप लगाएर माओवादी अध्यक्षले प्रचण्डले भारतको प्रशस्त सहानुभूति र साथ हासिल गरे, दिल्लीयात्राका क्रममा।

२५ वर्षको भूमिगत जीवनपछि अन्तर्राष्ट्रिय भ्रमणमा निस्केको प्रचण्डका लागि पहिलो अवसर थियो र कुनै अन्तर्राष्ट्रियस्तरको कार्यक्रममा अतिथि र वक्ता बनेको पनि उनका लागि यही पहिलो मौका थियो। यो मौकाको प्रचण्डले राम्रैसँग उपयोग गरे र अन्तर्राष्ट्रिय राजनीतिमा सम्भावना बोकेको एउटा नेताको रूपमा आफूलाई प्रमाणित गर्ने यथाशक्य प्रयाससमेत गर्न चुकेनन् उनी।

डिपी त्रिपाठी महासचिव रहेको राष्ट्रवादी कांग्रेसद्वारा आयोजित एक कार्यक्रममा माओवादी नेता भट्टराईले दरवार, राजा र सेना अहिले पनि लोकतन्त्रविरुद्ध षड्यन्त्रमा लागेकाले त्यसविरुद्ध भारतीय जनता र सरकारको निरन्तर सहयोग जरुरी भएको बताए। भारतका केही कम्युनिष्ट घटकले सात दलसँगको आफ्नो समझदारीलाई आत्मसर्मपणको संज्ञा दिएको र केहीले सत्ताका लागि लडेको प्रमाणित भएको आरोप लगाए पनि माओवादी वास्तविक लोकतन्त्रका लागि राजनीतिक मूलधारमा आएको भट्टराईले उल्लेख गरे।

प्रधानमन्त्री र सरकारका रहेका नेताहरूसँग कुनै भेटघाटको कार्यक्रम नभए पनि प्रचण्डले दिल्लीयात्राका क्रममा प्रभावशाली नेताहरू गुजराल, सिंह, चन्द्रशेखर, यादव, प्रकाश कारतलगायत थुप्रै शक्तिकेन्द्रहरूसँग भेटघाट गरेका थिए।

भारतीय दैनिक हिन्दुस्तान टाइम्सले आयोजना गरेको 'भारत : आउँदो विश्व महाशक्ति ?' विषयक 'हिन्दुस्तान लिडरसिप समिट'अन्तर्गत 'प्रजातन्त्र : वर्जित फल या विकासको अमृत' शीर्षकमा बोल्न प्रचण्ड भारत आएका थिए।

## 'सम्बन्धमा नयाँपन जरुरी'

प्रचण्डले परिवर्तित राजनीतिक अवस्थामा सन १९५० को सन्धि लगायतका विवादास्पद सन्धि र सम्झौतामा परिवर्तन गरेर भारतसँग नयाँ ढंगको सम्बन्ध स्थापना गरिने बताए।

'सन १९५० को सन्धि भएको बेलाभन्दा अहिले समय धेरै परिवर्तन भएको छ', प्रचण्डले भने, 'नेपालको यो परिवर्तित सन्दर्भलाई भारतले विचार गर्नुपर्छ।'

सन १९५० को सन्धि लगायतका कारणले भारतबारे नेपाली जनतामा नकारात्मक भावना रहेको तर भारतका पछिल्ला निर्णयले यसमा परिवर्तन आएको उनको भनाइ थियो। नेपालप्रति भारतको संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्र भन्ने दुई आधारस्तम्भको नीति पनि परिवर्तन भएकाले नेपाली जनता थप सकारात्मक भएको प्रचण्डले बताए।

## आगामी कदम

संविधानसभाको निर्वाचनपछिको पहिलो बैठकले नेपाललाई गणतन्त्रात्मक मुलुक बनाउने प्रचण्डको दाबी थियो। अन्तरिम सरकार बनेपछि नेपाली सेना र जनसेनालाई एकीकृत गर्न एक समिति बनाइने र त्यसले नयाँ राष्ट्रिय सेना निर्माण गर्ने सहमति भएको उनले खुलासा गरे। अन्तरिम सरकार बनेपछि र संविधानसभाको निर्वाचन नभएसम्मका लागि नेपाली सेनालाई लोकतान्त्रीकरणको र जनसेनालाई व्यवसायिकताको तालिम दिने योजना रहेको उनले बताए। 'नेपाली सेना र जनसेनालाई सँगै राखेर एउटै तालिम दिनु जरुरी छ', उनले भने।

नेपालमा ठूलो सेनाको काम नभएकाले दुवै सेनालाई मिलाएर सानो राष्ट्रिय सेना निर्माण गर्ने तयारी भएको समेत प्रचण्डको दाबी थियो। 'हामीले वार्ताका क्रममा २० देखि ३० हजारसम्मको राष्ट्रिय सेनाको प्रस्ताव गरेका छौं, यसमा विस्तृत गृहकार्य हुन बाँकी छ', उनले भने।

उनले आफू, भट्टराई र रामबहादुर थापा (बादल) सरकारमा नजाने, तर संविधानसभाको निर्वाचनमा लड्ने बताए। नेपालमा गणतान्त्रिक मोर्चा बनाउनु जरुरी भएको र त्यसका लागि आफ्नो पार्टीले पहल र प्रस्ताव गरेको उनले जनाए। 'केही समयभित्र त्यस्तो मोर्चा बन्नेछ, त्यसमा एमाले मात्र होइन, प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको पार्टी समेत आउने सम्भावना छ', उनको दाबी थियो।

संविधानसभाको निर्वाचन र जनताको मतलाई पार्टीले सम्मान गर्ने बताए पनि जनताले राजा राख्ने पक्षमा मत दिएमा भने त्यसलाई स्वीकार नगरिने उनले बताए। 'जनताले राजा राख्ने कुरा गरेमा हामी मान्दैनौं', उनले भने, 'तर ९० प्रतिशतभन्दा बढी जनताले राजतन्त्रविरुद्ध मत हाल्नेमा हामी विश्वस्त छौं।'

राजाले संविधानसभाको निर्णय मानेमा उनलाई नागरिकसरह बस्न दिने तर त्यसविरुद्ध षड्यन्त्र गरेमा कारबाही गरिने प्रचण्डले बताए। 'जनताको निर्णय मान्दैनन् र त्यसविरुद्ध षड्यन्त्र गर्छन् भने उनलाई पक्राउ गरेर कारबाही चलाइनेछ', उनको भनाइ थियो।

प्रचण्डले आफू गणतान्त्रिक नेपालको राष्ट्रपति हुन भनेर नलागेको तर जनता र पार्टीले चाहेमा हुने बताए। 'म त्यति इच्छुक छैन, तर जनता र पार्टीले चाहेमा हुनेछु', उनले भने। नेपाल गणतान्त्रिक हुने र त्यसको नेतृत्व राष्ट्रपतिले गर्ने निश्चित भएको पनि उनले बताए। ■

**जनता दल युनाइटेडका अध्यक्ष शरद यादवको घरमा आयोजित कार्यक्रममा यादव, पूर्व प्रधानमन्त्रीहरू इन्द्रकुमार गुजराल र विश्वनाथप्रताप सिंहका साथमा प्रचण्ड र डा. बाबुराम यादव**





## चलखेलको आशंका

**माओवादी र पाकिस्तानी** गुप्तचर संस्था आइएसआईको सम्बन्ध विवादले निकै चर्चा पाउने गरेको छ, भारतीय सञ्चारमाध्यममा । र, प्रचण्डले त्यसबारे एउटा अन्तर्वार्तामा आइएसआईले माओवादीले १० वर्षअघि नै सहयोग दिन खोजेको तर आफूले सो स्वीकार नगरेको दाबी गरेका छन् ।

दैनिक हिन्दुस्तान टाइम्सलाई दिएको अन्तर्वार्तामा प्रचण्डले कस्तो कुन रुपमा सहयोग प्रस्तावित गरेको थियो खुलाएका छैनन्, तर उनको दाबीलाई पाकिस्तान सरकारले खण्डन गर्दै व्यंग्यात्मक प्रतिक्रिया जनाएको छ । 'सम्भवतः प्रचण्डले कसैलाई खुसी पार्न त्यस्तो भनेका होलान्', पाकिस्तान सरकारका एक मन्त्रीले बिबिसी (लन्डन)को नेपाली सेवालाई भने ।



मनोज दाहाल

प्रचण्डले दिल्लीमा गरेको दाबीअनुसार राजा ज्ञानेन्द्रको दाउद अब्राहममार्फत आइएसआईसँग सम्पर्क थियो । उनले अप्रत्यक्षरुपमा सन् १९९९ डिसेम्बरमा काठमाडौंबाट उडेको इन्डियन एयरलाइन्स (आइसी-८१४) को विमान अपहरणलाई पनि अप्रत्यक्षरुपमा राजा ज्ञानेन्द्र-आइएसआई कथित सम्बन्धसँग जोड्ने प्रयास गरेका छन् ।

उक्त अन्तर्वार्तामा प्रचण्डले हाले माओवादी प्रभुत्व बढ्न थालेपछि आइएसआई गतिविधि नेपालमा कम भएको दाबी पनि गरे । आइएसआईसँगको साँठगाँठ नेपाल र नेपालीको हितमा नहुने देखेर आइएसआईको सहयोग प्रस्तावलाई उनले अस्वीकार गरेको दाबी पनि प्रचण्डले गरेका छन् । ■


# सूचना

मिति २०६३ श्रावण १ गतेदेखि कात्तिक मसान्तसम्म यस कम्पनीले संचालन गरेको ग्राहक योजनाअन्तर्गत ग्राहक बन्नु भएको समस्त ग्राहक महानुभावहरूमा हार्दिक धन्यवाद दिन चाहन्छौं ।

साथै मिति २०६३ मंसिर १६ गते बिहीबार दिनको ठीक १२:०० बजे यस प्रकाशन प्रा.लि. लाजिम्पाटमा भाग्यशाली विजेताको छनोट गोलाप्रथाद्वारा छनोट गरिने भएकोले उक्त अवधिभित्र ग्राहक बन्नुहुने सम्पूर्ण ग्राहक महानुभावलाई उपस्थित भई दिनुहुनको लागि हार्दिक अनुरोध गर्दछौं ।

समय

**ग्राहक तथा वितरण विभाग**

भृकुटी प्रकाशन प्रा.लि.

के तपाईंले कपाल गुमाउनु भएको छ ?

निराश नहुनुहोस् ।

हामी दुरुस्तै बनाइदिन सक्छौ !!







कपाल नभएर स्वभाविक उमेर भन्दा बढी देखिंदा कस्तो लाग्ला ? अवश्य पनि नराम्रो । अब चिन्ता लिनु पर्दैन । न त कुनै **Surgery** न त कुनै **Side Effect !** कम्प्युटर डिजाइनअनुरुप कपाल पुनर्स्थापनपद्धतिबाट पहिलेको जस्तो कपाल पाउनुहोस् । नुहाउन, सुत्न, स्विमिङ्ग खेल्न, खेलकुद गर्न आदि कत्ति पनि समस्या नहुने ।

" Hair Replacement Technology बाट मैले आफ्नो गुमाएको कपाल पाए धन्यवाद छ के३३ हेयर होटल लाई "

सुधांशु जोशी (फिल्म अभिनेता)

पहिलेको मूल्य रू. ~~१८,०००~~

अहिलेको मूल्य रू. १३,५००

सम्पर्क { काठमाडौं ४४६२२०७, ४४६२२०८, ४४६२२०९
पोखरा : ०६१-५४१४८०

Visit Our Web Site: www.k33nepal.com

MINOXIDIL (Hair Regrowth Solution) Also Available

**के ३३ हेयरहोटल**
कोटेश्वर, बालकुमारी पुलसँगै
पो.ब.नं.: २३५३४, मो. ९८५१०११३१५
इमेल: info@k33nepal.com

**के ३३ हेयरहोटल**
रानीपौवा-११, पोखरा
सिद्धार्थ बोर्डिङ्ग स्कूलको पछाडि, स्विमिङ्ग पुलसँगै
इमेल: sales@k33nepal.com



ऐतिहासिक शान्ति सम्झौतामा हस्ताक्षरपछि दस्तावेज आदानप्रदान गर्दै प्रधानमन्त्री र माओवादी अध्यक्ष

# शान्ति मार्गको दैलोमा

**सरकार र माओवादीबीचको विस्तृत शान्ति सम्झौताले मुलुक शान्तिमार्गमा प्रवेश गरेको छ, तर सरकार–माओवादीले तय गरेको समय सीमामा सम्झतौको निर्णयहरू कार्यान्वयन हुने सम्भावना भने निकै कम छ ।**

■ सुवास देवकोटा/काठमाडौं (तस्वीरहरू : तेज बस्नेत)



सरकार-माओवादी भोलीपल्ट आठदलको विजय र्‍याली

नेपाल सरकार र विद्रोही माओवादीबीच मंसिर ५ गते भएको शान्ति सम्झौताले मुलुकको ११ वर्ष लामो सशस्त्र द्वन्द्व अन्त्य भएको छ र उन्नत तथा शान्तिपूर्ण नेपाल निर्माणको सम्भावना प्रबल बनेको छ। प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र माओवादी अध्यक्ष प्रचण्डले साँझ ८ बजेर २९ मिनेटमा काठमाडौं नयाँबानेश्वरको अन्तर्राष्ट्रिय सभागृहको हलमा सशस्त्र द्वन्द्व अन्त्य गर्ने 'विस्तृत शान्ति सम्झौता'मा हस्ताक्षर गरेपछि मुलुक शान्तिमार्गमा अघि बढेको घोषणा गरेका थिए। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट व्यापकरुपमा स्वागत पाएको यो सम्झौताले संविधानसभाको निर्वाचनमार्फत अग्रगमन र शान्तिप्राप्तिको जनआन्दोलनमार्फत व्यक्त जनचाहना पूरा हुने सम्भावना देखिएको छ।

सशस्त्र द्वन्द्व अन्त्यको घोषणासँगै यो समझौताबाट ११ वर्षदेखि हतियारबद्ध बन्द विद्रोहरत माओवादीको सत्तारोहण निश्चय भएको छ। सेना र हतियार व्यवस्थापनलगत्तै अब विद्रोही माओवादी अन्तरिम संसद् र सरकारमा महत्त्वपूर्ण हैसियतसहित सहभागी हुनेछ। सरकार र माओवादीबीचको यो सम्झौताले पनि कार्तिक २१ गते सात दल र माओवादीका शीर्षस्थ नेताहरूले गरेको मंसिर १५ सम्म अन्तरिम सरकार बन्ने समयतालिकालाई दोहोर्‍याएको छ। यद्यपि, सेना र हतियार व्यवस्थापनमा ढिलाइ हुनसक्ने कारण समयतालिका अनुरुप अन्तरिम संसद् र सरकार गठन हुने सम्भावना निकै कम छ।

यो सम्झौतापछि साम्यवादी व्यवस्था स्थापनाका निम्ति सशस्त्र विद्रोहमा उत्रेको माओवादी शान्तिपूर्ण बहुदलीय प्रतिस्पर्धा स्विकार्न औपचारिकरुपमा सहमत भएको छ। सम्झौताको प्रस्तावनामै 'प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासनव्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, पूर्ण प्रेस स्वतन्त्रता तथा कानुनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य मान्यताप्रतिको पूर्ण प्रतिबद्धतालाई दोहोर्‍याउँदै' भनिएको छ। त्यसो त, २०६२ असोजमा रुकुमको चुनवाङमा भएको माओवादीको केन्द्रीय समितिकै बैठकले बहुदलीय प्रतिस्पर्धासहितको व्यवस्था अँगाल्ने प्रतिबद्धता व्यक्त गरिसकेको थियो। गत मंसिरमा सात दलसँग भएको बाह्रबुँदे समझदारीमा पनि माओवादीले बहुदलीय प्रतिस्पर्धा स्विकारेको थियो।

सरकार र माओवादीबीच सम्पन्न यो सम्झौताको रुपरेखा सात दल र माओवादी शीर्षस्थ नेताहरूको कार्तिक २१ को बैठकले कोरेको थियो। आठ दलकै सहमतिलाई दोहोर्‍याउँदै सरकार र माओवादीबीचको यो सम्झौताले पनि माओवादी सेना सात मुख्य र २१ सहायक शिविरमा बस्ने, हतियार ताल्चा लगाउने र त्यसको अनुगमन संयुक्त राष्ट्रसंघले गर्ने निश्चय गरेको छ। सम्झौताले माओवादी सेनाको हतियारबराबर नेपाली सेनाका हतियार पनि ताल्चा लगाउने टुंगो लगाएको छ।

## माओवादी अवतरण

२०५२ फागुन १ बाट कम्युनिष्ट शासन स्थापनाका निम्ति सुरु भएको माओवादी सशस्त्र विद्रोह ११ वर्षपछि अन्त्य हुँदा माओवादीमा ठूलो सैद्धान्तिक परिवर्तन त देखिएको छ नै, विद्रोहले मुलुकलाई पनि परिवर्तनको संघारमा पुर्‍याएको छ। राजतन्त्रको भविष्य फैसला गर्न मुलुक संविधानसभाको निर्वाचनको संघारमा पुगेको छ भने राज्यको केन्द्रीकृत ढाँचा अन्त्य हुने तथा वैज्ञानिक भूमिसुधार लागू गर्नेमा पनि सहमति भएको छ। यद्यपि, माओवादी सशस्त्र युद्धका कारण मुलुक परिवर्तनको संघारमा पुगेको सम्झौताले स्विकारेको छैन। माओवादीले सम्झौता निर्माणको क्रममा मुलुकको परिवर्तनमा जनयुद्धको भूमिका अंकित हुनुपर्ने माग राखेको थियो।

बहुदलीय व्यवस्थामा जनताको सर्वोच्च प्रतिनिधिस्थल संसद्‌लाई 'खसी टाउको राखेर कुकुरको मासु बेच्ने ठाउँ' भन्ने गरेको माओवादीले ११ वर्षपछि '२१ औं शताब्दीको जनवाद'को नाममा संसदीय व्यवस्था स्विकारेको छ। यद्यपि, माओवादी अध्यक्ष प्रचण्डले सार्वजनिक समारोहमा आफूले भन्ने गरेको व्यवस्था चालू संसदीय व्यवस्था नभएको बताएका छन्।



# राजा पनि खुसी

**वैशाख ११ को राजनीतिक परिवर्तनपछि मौन रहेका राजा ज्ञानेन्द्रले सरकार र माओवादीबीचको शान्ति सम्झौताको स्वागत गरेका छन् । राजदरबार सचिवालयद्वारा जारी वक्तव्यअनुसार यो सम्झौताबाट राजाले दिगो शान्ति प्राप्त हुने विश्वास व्यक्त गरेका छन् । स्रोतहरूका अनुसार अहिले राजा विगतका घटनाक्रमको निष्कर्ष निकाल्न नसकेर गल्ती गरेको टुंगोमा पुगेका छन् । यसैगरी 'अहिलेको राजनीतिक प्रक्रियाबाट मुलुकमा शान्ति प्राप्ति हुन्छ भने आफू मर्यादित मौनमा रहने' निष्कर्षमा राजा रहेको पनि स्रोत बताउँछ ।**



बहुदलीय प्रतिस्पर्धा स्विकार्नुलाई माओवादीले कम्युनिष्ट आन्दोलनमा नयाँ विचारको विकास गरेको दाबी गरे पनि एमालेका तत्कालीन महासचिव मदन भण्डारीले कम्युनिष्टहरूले संसदीय व्यवस्था स्विकार्न मिल्ने विचार २०४९ सालमै ल्याएका थिए । एघार वर्षको जनयुद्ध समापन गर्दा संसदीय व्यवस्थाविरुद्ध माओवादीले किन त्यसबेला हतियार उठाएको भन्ने कारण अझै दिनसकेको छैन । यो विषयले माओवादीको भावी खुला राजनीतिमा असहजता ल्याउनसक्ने वाम विश्लेषकहरू बताउँछन् ।

शान्ति सम्झौता निर्माणको क्रममा माओवादीले मुलुकको परिवर्तनमा जनयुद्धको भूमिका अंकित गर्ने प्रयास गर्नुमा ११ वर्ष लामो सशस्त्र युद्धको औचित्य प्रमाणित गर्न खोज्नु प्रमुख कारण रहेको बताइन्छ । सम्झौता निर्माणमा माओवादीले सशस्त्र प्रहरी र जनपद प्रहरीको भूमिका पनि न्यून गर्न प्रयास गरेको बताइन्छ र आफ्नो मिलिसियाले प्रहरीको भूमिका पाउनुपर्ने दाबी गरेको पनि स्रोतहरू बताउँछन् । यसैगरी आफूले उठाउँदै आएको चन्दा र करले निरन्तरता पाउनु पर्नेबारे पनि माओवादी अडान सरकारी वार्ताकारका अघि कमजोर बनेको थियो । राष्ट्रिय सीमा, आरक्ष, टेलिफोन टावर र विशिष्ट व्यक्तिको सुरक्षाका निम्ति नेपाली सेनाको भूमिका सम्झौतामा उल्लेख गर्न नहुने अडान पनि माओवादी वार्ताकारहरूले अन्त्यसम्म राखेका थिए । यद्यपि, सम्झौतामा माओवादी अडानले सफलता पाएन ।

## समयतालिकामा समस्या

सात दल र माओवादीका शीर्षस्थ नेताहरूको कार्तिक २१ गतेको सहमतिले तय गरेको समयतालिकाभन्दा ६ दिन ढिलो मंसिर ५ गते शान्ति सम्झौता भएकाले अन्य सहमति पनि समयतालिकाअनुसार कार्यान्वयन हुने सम्भावना कम रहेको सरकार र माओवादी दुवै पक्ष स्विकार्छन् । यद्यपि, कार्तिक २१ को सहमति र मंसिर ५ को शान्ति सम्झौताले अन्तरिम संविधानबारे सात दल, सरकार र माओवादीबीचका धेरै मतभेद हल गरेकाले अन्तरिम संविधान जारी हुन समस्या रहेको मान्नेहरू कम छन् । सरकारी स्रोत भने अन्तरिम संविधान निर्माणमा विवाद देखापरे उक्त विवादास्पद बुँदा नै उल्लेख नगर्ने रणनीतिमा सरकार पुगेको बताउँछ, तर अन्तरिम संविधान घोषणामा विलम्ब हुने कुनै विवाद आउने सम्भावना नरहेकोमा सरकार विश्वस्त रहेको छ ।

तर, माओवादी र उसको हतियार व्यवस्थापन भने सम्झौताले तय गरेको समयतालिकाअनुसार नहुने टुंगो भइसकेको छ । मुख्य ७ र सहायक २१ अस्थायी शिविरमा माओवादी सेना बस्ने भनिएको सहमतिअनुसार ७ मुख्य शिविरको टुंगो लागे पनि २१ सहायक शिविरबारे अझै सहमति भएको छैन । अझ, माओवादीले भन्ने गरेको ३५ हजार छापामारको त प्रमाणीकरण प्रक्रिया नै सुरु भएको छैन । उमेर नपुगेका माओवादी छापामारहरूलाई राष्ट्रसंघले मान्यता नदिने बताइन्छ ।

हतियारविहीन माओवादी छापामारलाई सेना मान्ने वा नमान्ने भन्ने विषयमा पनि आगामी वार्तामा समस्या हुने विज्ञहरू बताउँछन् । स्रोतअनुसार माओवादीसँग ८ देखि १० हजार मात्र आधुनिक हतियार रहेको बताइन्छ । यद्यपि, माओवादीले आफ्नो सेनासँग रहेको हतियारको तथ्यांक राष्ट्रसंघ र सरकारलाई दिएको छैन । स्रोतअनुसार हतियार नभए पनि माओवादीले आफ्नो सेना भन्ने गरेका सबैलाई राष्ट्रसंघ शिविरमा राख्नु उपयुक्त हुने सोचमा छ । हतियारविहीन माओवादी लडाकुहरू पनि शिविरबाहिर रहे संविधानसभाका निम्ति शान्ति सुरक्षामा समस्या आउनसक्ने राष्ट्रसंघको विचार छ । तर, हतियारविहीन माओवादी छापामारलाई सेना मानेर शिविरमा राख्दा आर्थिक व्ययभार बढ्नेमा सरकार चिन्तित छ भने सबै छापामारलाई शिविरमा राख्दा संविधानसभा निर्वाचनपछि सेना एकीकरणमा सबैलाई समावेश गर्नुपर्ने चिन्ता पनि सरकारलाई छ । यसैगरी नेपाली सेना पनि अहिले अस्थायी शिविरमा राखे जति छापामारलाई संविधानसभाको निर्वाचनपछि सेना समावेश गर्नुपर्ने सम्भावनाका कारण हतियारविहीन छापामारलाई सेनाको मान्यता दिन नहुने र

# सम्झौताका प्रमुख बुँदा



- अन्तरिम सरकारले आगामी जेठभित्र संविधानसभाको निर्वाचन सम्पन्न गर्ने ।
- स्वर्गीय राजा वीरेन्द्र, रानी ऐश्वर्य र परिवारको सम्पत्ति नेपाल सरकारको मातहतमा ल्याई ट्रस्ट बनाई राष्ट्रहितमा प्रयोग गर्ने ।
- राजसंस्था कायम राख्ने वा नराख्ने बारे संविधानसभाको पहिलो बैठकद्वारा साधारण बहुमतले टुंगो लगाउने ।
- राज्यको वर्तमान केन्द्रीकृत र एकात्मक ढाँचा अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनर्संरचना गर्ने ।
- सामन्ती भूस्वामित्वको अन्त्य गर्दै वैज्ञानिक भूमिसुधार लागू गर्ने नीति अवलम्बन गर्ने ।
- माओवादी सेना सात प्रमुख शिविर र त्यस वरिपरि ३/३ सहायक शिविरमा बस्ने । शिविरको सुरक्षार्थ चाहिने गोलीगट्ठा बाहेक सबै हतियार शिविरभित्रै सुरक्षित भण्डारण गर्ने र ताल्चा लगाई माओवादी कमान्डरले नै राख्ने । ताल्चा लगाउने प्रक्रियामा राष्ट्रसंघको निगरानीका लागि रेकर्ड र साइरनसहितको संयन्त्र सम्मिलित गर्ने ।
- माओवादी सेनाको रेखदेख, समायोजन र पुनःस्थापना निम्ति अन्तरिम मन्त्रिपरिषद्ले विशेष समिति बनाएर काम गर्ने ।
- माओवादी सेनाका बराबर नेपाली सेनाका हतियार पनि माओवादी सेना जसरी नै ताल्चा लगाउने ।
- सरकार र माओवादीले थप सैन्य भर्ती नगर्ने ।
- नेपाल प्रहरी र सशस्त्र प्रहरीले शान्ति सुव्यवस्था र अपराध अनुसन्धानको काम जारी राख्ने ।
- कब्जा गरिएका, ताला लगाइएका वा प्रयोग गर्न नदिइएका सरकारी, सार्वजनिक, निजी भवन, जमिन तथा अन्य सम्पत्तिको लगत खडा गरी तत्काल फिर्ता गर्ने ।
- विस्थापितहरूलाई पैतृक वा पूर्व बसोवासको स्थानमा फर्किन दिने ।
- सरकार र माओवादी सेनाले कसैको पक्ष वा विपक्षमा प्रचार गर्न नपाउने तर मत दिन पाउने ।
- राष्ट्रिय शान्ति तथा पुनःस्थापन आयोग, सत्य निरुपण तथा मेलमिलाप आयोग र राज्यको पुनर्संरचनासम्बन्धी उच्चस्तरीय आयोग गठन गर्ने ।

शिविरमा राख्न नहुने अडानमा छ ।

माओवादी सेनाबारे सबै विवाद समाधान भए पनि राष्ट्रसंघको प्रक्रियाका कारण सात दल र माओवादीका शीर्षस्थ नेताहरूले तय गरेको समयसीमामा सेना र हतियार व्यवस्थापन सम्भव नहुने राष्ट्रसंघ सम्बन्धित स्रोत बताउँछ । किनभने, हतियार व्यवस्थापनबारे सरकार, माओवादी र राष्ट्रसंघबीच अझै त्रिपक्षीय विस्तृत सम्झौता नभई राष्ट्रसंघले अनुगमनको काम थाल्न सक्दैन र राष्ट्रसंघले काम थाल्नुअघि उक्त त्रिपक्षीय सम्झौतालाई राष्ट्रसंघ कार्यालयले अनुमोदन गर्नु पनि आवश्यक छ । यसैगरी माओवादी र नेपाली सेनाको हतियार ताल्चा लगाउन र त्यसको अनुगमनका निम्ति क्यामरा र साइरन व्यवस्था गर्न पनि राष्ट्रसंघलाई समय आवश्यक रहेको स्रोतहरू उल्लेख गर्छन् ।

सेना र हतियार व्यवस्थापन नभई माओवादीलाई अन्तरिम संसद् र सरकारमा समावेश नगराउने अडानमा सरकार अझै रहेकाले मंसिर १५ भित्र अन्तरिम संसद् र सरकार बनिसक्ने सम्भावना निकै कम छ । कार्तिक २१ को सहमतिले मंसिर १५ भित्र अन्तरिम संसद् र सरकार निर्माण भइसक्ने टुंगो गरेको थियो । सात दल र माओवादी शीर्षस्थ नेताहरूको बैठकले तोकेको समयसीमा तन्किने निश्चित भए पनि सरकार र माओवादीले अझै तोकिएको समयमै सम्झौता कार्यान्वयन हुने बताउन छाडेका छैनन् । माओवादीले पनि आफ्ना कारण सम्झौता कार्यान्वयनमा ढिलाइ नहुने दाबी गर्दैआएको छ । ■



खड्का र जोशीलाई सफाइ दिने निर्णयको आलोचना गर्दै सिस्नुपानी नेपालले निकालेको जुलुस

तस्बिरहरू : भास्वर ओझा, तेजबहादुर बस्नेत

# लथालिंग न्याय

**लोकतन्त्र स्थापनापछि जनमुखी बन्न नसकेको शासन व्यवस्था, अड्डा-अदालतमा व्याप्त भ्रष्टाचार र न्यायालयका केही विवादास्पद फैसलाहरूले शासन फेरि पुरानै दलदलमै भासिन त लागेन भन्ने आशंका उब्जाएको छ ।**

■ **किरण भण्डारी/काठमाडौं**

**नयाँ नेपालको** भावी राज्य व्यवस्थालाई भ्रष्टाचाररहित र सुशासनयुक्त बनाउने अठोटसहित सरकार-माओवादी बृहत् शान्ति सम्झौतामा एउटा अलग्गै दफा नै राखिएको छ । उक्त दफामा सार्वजनिक ओहदामा रहँदा अकुत सम्पत्ति कमाएकाहरूमाथि कडा कारबाही गरिने उल्लेख छ ।

बाह्रबुँदे समझदारी, जनआन्दोलन-२ को सफलता र त्यसपछि लगातारको मेहनतपछि मंसिर ५ गते सम्पन्न शान्ति सम्झौताले समृद्ध नेपालका लागि मार्ग प्रशस्त गरेको छ । तर, लोकतन्त्र स्थापनापछि जनमुखी बन्न नसकेको शासन व्यवस्था, अड्डा-अदालतमा व्याप्त भ्रष्टाचार र न्यायालयका केही विवादास्पद फैसलाहरूले शासन फेरि पुरानै दलदलमै भासिन त लागेन भन्ने आशंका उब्जाएको छ । ज्यानको बाजी लगाएर आन्दोलनमा होमिनेहरूले लोकतन्त्र बहाली भएपछि राज्यका सबै अंग विगतको भन्दा पारदर्शी, जवाफदेही र इमानदार हुने अपेक्षा गरिएको थियो । प्रजातन्त्र र राजाको साढे ३ वर्षे शासनकालमा पनि जनताको भरोसाको धरोहर बन्न नसकेको न्यायालयको आचरणमा आमूल सुधार हुने अपेक्षा आन्दोलनका लाखौं सहभागीहरूको थियो ।

तर बंगलादेश बैंक प्रकरणमा विवादमा परेको न्यायालय मंसिर महिनाको सुरुका २ दिन विशेष अदालतबाट फैसलाले आलोचनाको केन्द्र नै बनेको छ । पदको दुरुपयोग गरी अकुत सम्पत्ति आर्जन गरेको आरोपमा मुद्दा खेपिरहेका पूर्व मन्त्रीद्वय खुमबहादुर खड्का र गोविन्दराज जोशीलाई अदालतले सफाइ दिएको छ । खड्काका मुद्दामा प्रमाण नपुगेको फैसला दिएको भोलिपल्ट जोशीकोमा प्राविधिक कारण देखाएर विशेष अदालतले निर्णय दिएको छ । जोशीको मुद्दा उनी सार्वजनिक पदबाट हटेको १ वर्षभन्दा बढी अवधि नाघिसकेपछि दायर भएकाले हद म्याद नाघेको भन्दै रिट नै खारेज भएको छ । दुवै निर्णयको पूर्ण पाठ आउन बाँकी छ, तर अदालतको निर्णय सर्वमान्य बन्न सकेन, खड्का र जोशीलाई सफाइ दिने निर्णय बदनियतपूर्ण भन्दै चौतर्फी आलोचना भइरहेको छ ।

अदालतको मानहानिको तरवारदेखि नडराई उक्त फैसलाविरुद्ध नारा जुलुसदेखि गतिविधि संचालन भइरहेका छन् । फैसलाविरुद्ध सिस्नुपानी नेपालले मंसिर ५ गते कार्यक्रम नै आयोजना गऱ्यो । नारा जुलुस, प्लेकार्डसहित अघि बढेको जुलसमा 'भ्रष्टाचारी'हरूको जयजयकार मनाउँदै व्यंग्य गरिएको थियो छ ।

न्यायाधीशहरूको पुनर्नियुक्तिको विषयले केन्द्रविन्दुमा रहिरहेको न्यायपालिका यी दुई फैसलाले न्यायालयलाई आँखाको तारो बनाइदिएका छन् । यो निर्णयप्रति राजनीतिक फाँट र यसबाट प्रभावित हुने दुवै कांग्रेसभित्र भुइँचालो नै आएको छ, तर *समय*ले सम्पर्क गरेकामध्ये दुवै कांग्रेसका नेताहरूले यसबारेमा औपचारिक टिप्पणी गर्न मानेनन् । 'अदालत र अभियुक्तहरूबीचको गठबन्धनमा भएको फैसलाले खुमबहादुर, गोविन्दराज र अरूलाई व्यक्तिगत फाइदा हुन्छ', कांग्रेसका एक केन्द्रीय





गोविन्दराज जोशी



खुमबहादुर खड्का

भ्रष्टाचार जस्तो जघन्य अपराधमा कुतर्क गरेर सफाइ दिने मुलुकको न्यायालय सबैभन्दा भ्रष्ट निकाय हो भन्ने प्रमाणको सार्वजनीकरण भएको छ ।

■ *प्रदीप नेपाल, नेकपा एमाले*

कानुनको काइते बुँदामा टेकेर सफाइ दिने विद्यमान न्यायप्रणालीमा नै आमूल रुपान्तरण हुनुपर्छ ।

■ *दीनानाथ शर्मा, माओवादी वार्ताटोली सदस्य*

अन्तरिम विधान ल्याउँदा र अन्तरिम सरकार गठन गर्दा शुभलाभको आधारमा हिँडेको अदालतलाई ठिक स्थानमा नराखे न्यायपालिकामा लुटतन्त्र कायम रहन्छ ।

■ *चित्रबहादुर केसी, अध्यक्ष सार्वजनिक लेखासमिति*

फैसलाले कानुनको शासनलाई अशक्त पारी माओवादीले संचालन गरेजस्तै जनअदालतको अवधारणालाई लोकप्रिय बनाउने काम गऱ्यो ।

■ *प्रकाश वस्ती, अधिवक्ता*

फैसलाले न्यायालय शक्तिको पुजारी भयो भन्ने सन्देश मात्र प्रेषित भएको छैन, स्वतन्त्र न्यायपालिकाको छवि धराशायी भएको छ ।

■ *टीकाराम भट्टराई, केन्द्रीय सदस्य नेपाल बार एसोसिएसन*

यस्ता फैसलाहरूप्रति पुनर्विचार गरी आवश्यक कारबाही गर्न सर्वोच्च अदालतको गम्भीर ध्यानाकर्षण होस् ।

■ *डा. लीला पाठक, महासचिव ट्रान्सपरेन्सी इन्टरनेसनल*

सदस्यले भने, 'बदनामी प्रधानमन्त्री, पार्टी र अन्त्यमा लोकतन्त्रको हुन्छ ।'

नेताद्वयलाई सफाइ दिइएको दुई अलग फैसलाप्रति प्रतिनिधिसभाको ध्यानाकृष्ट भएको सुवास नेम्वाङले सार्वजनिक समारोहमा बताएका छन् । रिमेक नेपालद्वारा मंसिर २ गते आयोजित कार्यक्रममा सभामुख नेम्वाङले हालै भएका तीनवटा फैसलाको प्रसंग उल्लेख गर्दै आफू र सिंगो प्रतिनिधिसभा यसबारे गम्भीर भएको बताए । 'संसद्ले आवाश्यक कदम चाल्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छ', कार्यक्रममा उनले भने ।

सभामुखको टिप्पणीपछि भ्रष्टाचारविरोधी अभियानमा क्रियाशील संघ, संस्थाहरूले पनि फैसलाप्रति असहमति जनाउन थालेका छन् । यसै क्रममा ट्रान्सपरेन्सी इनटरनेसनल, नेपालले हालै भएका फैसलाहरूले न्यायालय बदनाम भएको उल्लेख गरेको छ । न्यायको मन्दिर मानिने अदालत जस्ता संस्था बदनाम हुनु राष्ट्रकै लागि दुर्भाग्यपूर्ण भएको धारणा ट्रान्सपरेन्सीको छ ।

खड्कालाई लगाइएको आरोपमा अख्तियारले प्रमाण पुऱ्याउन नसकेको भन्दै सफाइ दिइएको छ । २०४८ र २०५९ को बीचमा खड्काले राजधानीमा प्रशस्त घर-घडेरी र श्रीसम्पत्ति जोडेका छन् । आरोपपत्रमा उनी कुन कुन मन्त्री हुँदा कति अचल सम्पत्ति जोडियो भन्ने प्रस्ट छ ।

खड्काले पेस गरेको विभिन्न स्रोतहरूलाई अदालतले स्वीकार गरेको छ । खड्काको दाङको जग्गा जमिनबाट लाखौं रुपैयाँ कृषि आय भएको अदालतले सकारेको छ, तर २०५९ मा खड्का सत्ताबाट बाहिरिएपछि पनि खड्काले किन जोड्न सकेनन् । नेपाल आयल निगमका पूर्व महाप्रबन्धक रामाज्ञाप्रसाद चतुर्वेदीको हकमा यही अदालत र दुईजना यिनै न्यायाधीशले कृषि आय लगायतको प्रमाणलाई खासै मान्य दिएकाले नै दोहोरो मापदण्ड पुष्टि भइसकेको छ ।

पूर्वमन्त्री जोशीको भने मुद्दाको विषयवस्तुमा नै प्रवेश नगरी हदम्याद सकिएको भन्दै सफाइ दिएको छ । जोशी सार्वजनिक ओहदामा रहँदाको भ्रष्टाचार निवारण ऐनलाई प्रतिस्थापन गर्न नयाँ ऐन आइसकेको र १ वर्षभित्रै मुद्दा दायर हुनुपर्ने थियो भन्ने धारणा फैसलामा दिएको छ ।

तर विशेष र अदालतका यिनै न्यायाधीशहरूले चिरञ्जीवी वाग्लेले हदम्यादको विषय उठाउँदा त्यसलाई मनासिब मान्न नसकिने ठहर भएको छ । 'एउटै ऐनामा एउटै व्यक्तिको अनुहार हेर्दा अदालतले दुईवटा अनुहार देखेको छ', अधिवक्ता प्रकाश वस्ती भन्छन्, 'हदम्याद नाघेको तुरुन्त दरपीठ गरिन्छ, वर्षौंसम्म सुनुवाइ गरिन्न ।'

हद म्यादका आधारमा जोशीले पाएको सफाइले अर्को एउटा प्रश्न पनि जोडदार रुपमा उठेको छ । हदम्याद नलाग्ने विषय मुद्दा दर्ता गर्दा नै नभनी किन तीन वर्षसम्म सुनुवाइ गरी समय, स्रोत र पैसाको नाश गरियो । त्यति मात्र हैन, एक वर्षको हदम्याद लाग्ने हो भने बीसौं तीसौं वर्षअघि भारतबाट प्रमाणपत्र ल्याएर तल्लो तहमा जागिरमा रहेकालाई अहिले किन बर्खास्त गर्ने निर्णय गरिरहेको छ, अदालत ।

'कार्यविधि कानुन भूतप्रभावी हुँदैन' भन्ने सर्वमान्य सिद्धान्तको समेत अवज्ञा गरेर जोशीको फैसला भएको छ । अख्तियारले दायर गरेको मुद्दामा 'सानालाई ऐन ठूलालाई चैन' पुष्टि हुने गरेको छ विशेषको फैसलापछि । जोशी र खड्काको फैसलाका आधारमा अकुत सम्पत्तिको मुद्दा भोगिरहेका दर्जनौंलाई क्लिन चिट दिने निश्चत हुन्छ ।

नेपाल बार एसोसिएसनका सदस्य टीकाराम भट्टराईले माघ १९ देखि शक्तिमुखी देखिएको न्यायालय अब राजनीतिक दलका नेतालाई प्राविधिक रुपमा मुद्दा जिताउँदै फेरि नयाँ शक्ति रिझाउन लागिपरेको छ । जनताको आस्थाविना न्यायालय एक मिनेट पनि टिक्न सक्दैन भन्ने सत्यलाई बेवास्ता गर्दै प्राविधिक कारणले सफाई दिने प्रपञ्च रच्नेहरू आफैंमा दोषी भएको उनले बताएका छन् ।

कुनै शक्ति निकायबाट कुनै प्रकारको दबाव वा निर्णय नआएको भए पनि अदालतको व्यवहारले जनताको तारो अदालतबाहेक सरकार र दलहरू हुने आँकलन गरेर फैसला भएको अनुमान गरिएको छ । भावी प्रतिनिधिसभाको ठूलो शक्ति नेकपा माओवादीका नेताहरू यो फैसलाले न्यायलयको छवि झनै ध्वस्त बनेकाले न्यायप्रणालीमा सुधार ल्याउनुपर्ने अवस्था देखिएको बताउँछन् ।

'जनताले अपराध गरेको टुलुटुलु हेरेर बस्नुपर्ने र अदालतले अपराधीलाई स-सम्मान रिहाइ गर्ने अहिलेको न्यायप्रणालीमा सुधार नल्याइ हुँदैन' माओवादी वार्ताटोली सदस्य दीनानाथ शर्मा भन्छन्, 'अन्तरिम संसद् र सरकारले यसबारे सोच्नैपर्ने भएको छ ।' ■




रवी मानन्धर

रायमाझी आयोगको प्रतिवेदनका साथमा प्रधानमन्त्री कोइराला

# विवादास्पद निर्णय

■ **विश्वमणि पोखरेल/काठमाडौं**

**मंसिर ५ गते** प्रधानमन्त्री निवास बालुवाटारमा उच्चस्तरीय जाँचबुझ आयोगका अध्यक्ष सर्वोच्च अदालतका पूर्व न्यायाधीश कृष्णजंग रायमाझी, सदस्य हरिहर दाहाल र रामप्रसाद श्रेष्ठ प्रतिवेदनको ठेली लिएर पुग्नुअघि नै विमति जनाउने आयोका सदस्य रामकुमार श्रेष्ठ र डा. हरि श्रेष्ठ कोइरालासमक्ष हाजिर भइसकेका थिए ।

प्रतिवेदन अन्तिम तयारी गर्ने क्रममा आयोगले कारबाहीका लागि सिफारिस गरेको विषयमा असहमति जनाएर मूल प्रतिवेदनमा हस्ताक्षर नगर्ने ती दुई सदस्यको छुट्टै प्रतिवेदन पनि प्रधानमन्त्रीले बुझेका छन् । कोइरालाले आयोगमा पछिल्लो समयमा विकसित विवादबारे आफू अनभिज्ञ रहेको प्रदर्शन गर्दै दुवै प्रतिवेदन स्वीकार गरेका छन् । प्रधानमन्त्रीले दुवै प्रतिवेदनालाई महत्त्वका साथ ग्रहण गरेपछि छानबिन प्रतिवेदन विवादको भुमरीमा पर्ने निश्चित छ । कारण, असहमत पक्षले दिएको प्रतिवेदनले मूल प्रतिवेदनको मर्ममै प्रहार गरेको छ । गठन गर्दै राजनीतिक भागबन्डामा सदस्यहरू नियुक्त

## गैरन्यायिक



■ **कुसुम श्रेष्ठ (वरिष्ठ अधिवक्ता)**

**सबभन्दा** पहिले यो आयोगको बनावट नै राजनीतिक पूर्वाग्रहपूर्ण छ । आयोग पार्टी निर्देशनमा छ भन्नुमा अतिशयोक्ति नहोला । यसका सदस्यहरू राजनीतिक रुपमा प्रतिबद्ध छन् भन्ने कुरा सार्वजनिक जानकारीको विषय हो । यसका प्रमुख सर्वोच्चका अवकाशप्राप्त न्यायाधीश भए पनि उनी नागरिक समाजका कार्यकर्ता हुन् ।

प्रतिवेदन पेस गर्नुभन्दा धेरैअघि नै आयोगले आफ्नो गैरन्यायिक चरित्र प्रदर्शन गरेको छ । छानबिन सुरु गर्नुअघि नै उसले आफ्नो निष्कर्ष कस्तो हुन्छ भन्ने स्पष्ट संकेत दिइसकेको थियो । आयोगले के निर्णय देला भन्ने कुरा सबैले पहिले नै सही रुपमा अड्कल गरिसकेका थिए । अर्थात् आयोग न स्वतन्त्र थियो, न निष्पक्ष थियो न न्यायशील न त सक्षम नै । अझ हास्यास्पद त आयोगले कानुनी सिद्धान्तको अवधारणाविरुद्ध कतिपय निर्देशन दिएको छ । फौजदारी प्रकृतिका मुद्दामा भूतकालीन प्रभाव पार्ने कानुन बनाउने निर्देशन नै सिद्धान्ततः गलत छ । मानवताविरुद्धको अपराधमा बाहेक त्यसो गर्ने मान्यता कहीँ छैन ।

आयोगको काम तथ्य पत्ता लगाउनु हो, तर त्यसको साटो उसले प्रतिशोधपूर्ण प्रक्रिया अपनायो । राजनीतिक प्रतिशोधबाट ऊ प्रेरित भएको देखियो । एक किसिमले गैरन्यायिक प्रक्रियाद्वारा संचालित 'कंगारु कोर्टका' रुपमा आफूलाई प्रस्तुत गऱ्यो आयोगले । निष्पक्ष हुनुपर्ने मान्यतालाई उसले तीलाञ्जली दियो । न्यायाधीशका रुपमा कृष्णजंग रायमाझी राम्रा व्यक्ति हुन्, तर मलाई लाग्छ, अवकाशप्राप्त गरेपछि न्यायका सिद्धान्तबाट उनी धेरै टाढिए । अवकाशपछि पनि उनले कानुनका सिद्धान्त र मान्यताका किताब पल्टाएको भए सम्भवतः यस्तो रिपोर्ट दिँदैनथे र यस्ता शैली अपनाउँदैनथे । किनकि छानबिनका आधारभूत सिद्धान्त र अवधारणालाई मजाक बनाएका छन्, उनले ।

राजनीतिक रुपमा भन्दा यो आयोगले राजनीतिक प्रतिशोधको संस्कृतिलाई बलियो बनाएको छ,

गरिएको आयोगको ६ महिनाको कार्यकाल पनि आलोचनामुक्त थिएन । सदस्यहरूले पदीय दुरुपयोग गरेको र प्रभावमा परेर प्रहरी संयन्त्रमा राजनीति गरेको आरोप लाग्दै आएको थियो, तर अहिले औपचारिक रुपमा प्रतिवेदन बुझाउँदा उत्पन्न विवादले आयोगको प्रतिवेदनको कानुनी औचित्यमाथि मात्र प्रश्न उठेको छैन, कार्यान्वयन गर्न पनि उत्तिकै समस्या हुने विज्ञहरू बताउँछन् ।

जनआन्दोलन-२ मा भएको धनजनको क्षति, पद, सत्ता, शक्तिको दुरुपयोग, राष्ट्रिय ढुकुटीको दुरुपयोग र मानवअधिकार उल्लंघन गर्ने काम कसको प्रेरणा, योजना, निर्देशन, उक्साहटबाट भएको र जनआन्दोलन दबाउने काम कसको परिचालनबाट भयो भन्ने कुराको सत्य तथ्य पत्ता लगाएर कानुनी कारबाहीका लागि सिफारिस गर्न गठन भएको आयोगले एकै मतको प्रतिवेदन पेस गर्न नसकेपछि प्रतिवेदनको आधिकारितामाथि प्रश्न उठेको छ ।

विद्रोही रामकुमार श्रेष्ठ प्रधानमन्त्रीले असहमत प्रतिवेदनलाई पनि मुख्य प्रतिवेदनको मुख्य अंग मानेको दाबी गर्छन् । श्रेष्ठका अनुसार आयोगका अध्यक्ष सर्वोच्च अदालतका पूर्व न्यायाधीश कृष्णजंग रायमाझीले मूल प्रतिवेदनमा असहमति जनाउन नदिइएपछि मात्र बेग्लै प्रतिवेदन तयार गरेको आरोप लगाउँछन् । श्रेष्ठको सानो प्रतिवेदनले बहुमत पक्षले बुझाएको ठूलो प्रतिवेदनको औचित्यमाथि नै गम्भीर प्रश्न उठाएको छ । र, सदस्य श्रेष्ठद्वयले मूल प्रतिवेदनलाई अन्तिम नमान्न प्रधानमन्त्रीलाई सुझाव पनि दिएका छन् । रामकुमार भन्छन्, 'बहुमतको प्रतिवेदनलाई अन्तिम मान्न मिल्दैन, सरकारले अनुसन्धान गर्न आवश्यक छ ।'

आयोगका दुईजनाले दिएको अलग प्रतिवेदन मूल प्रतिवेदन नै अंग बनाएको अवस्थामा त्यो विरोधाभासपूर्ण हुने निश्चित छ । रामकुमारले



तेजबहादुर बस्नेत

▲ विमति जनाउने आयोका सदस्य रामकुमार श्रेष्ठ

'प्रजातान्त्रिक अधिकारको संरक्षण गर्दै अभिन्न अंग बनाउन आग्रह गर्दै' प्रतिवेदन बुझाएका थिए । असहमतपक्षको सानो प्रतिवेदनले आयोगको छानबिन पद्धति, उसको कानुन बनाएर राजालाई समेत कारबाही गर्न सकिने प्रचार तथा अहिलेकै कानुनका आधारमा गरिएका सजायको सिफारिसमाथि मौलिक प्रश्न उठाएका छन् ।

२०३५-३६ सालतिर आफूलाई रायमाझीले पढाएको स्मरण गर्दै रामकुमारले रायमाझीलाई 'त्यति बेला अपराधशास्त्र पठाउँदा भूतकालीन कानुन बनाएर कारबाही चलाउन नमिल्ने भन्नुहुन्थ्यो, तर अहिले कसरी कानुन बनाएर कारबाही गर्न निर्देशन दिने काम गर्नुभएको छ ? भन्ने प्रश्न गरेको बताउँछन् । श्रेष्ठका अनुसार रायमाझीले 'अहिले परिस्थिति'अनुसार सिफारिस गर्नु परेको जवाफ दिएर पन्छाएका थिए । औपचारिक रुपमा सार्वजनिक नगरिएको प्रतिवेदनका सार्वजनिक भएका तथ्यहरूले रायमाझीले कानुनका आधारभूत सिद्धान्त त्याग गरेको संकेत गरेको छ ।

आयोगका ससस्यहरूले दिएको जानकारीबाट मन्त्रिपरिषद्को अध्यक्षता गर्ने राजा ज्ञानेन्द्र, उनका मन्त्रीहरू, सेना र प्रहरीका प्रमुख तथा विभिन्न ओहदा प्रहरी, सेना र प्रशासनका अधिकारीहरू र साना तहका कर्मचारीहरू समेत २०२ जनालाई कारबाही गर्नुपर्ने सुझावहरू कानुनी सिद्धान्तभन्दा राजनीति प्रशंसा बटुल्ने उद्देश्यबाट प्रभावित बनेको देखिन्छ । आयोगले २९६ जनासँग बयान लिएर २०२ जनालाई दोषी देखाउने काम गरेको छ । जानकारहरू, पहिल्यै दोषीको रुपमा चित्रण गरेर बयानका लागि बोलाएको बताउँछन् । कतिपय अवस्थामा त बयानमा नबोलाएका प्रहरी अधिकारीहरू पनि रायमाझी आयोगको कारबाहीको सिफारिसमा परेका छन्, जुन कानुनी सिद्धान्तभन्दा बाहिरको कुरा हो । भीड नियन्त्रण गर्ने क्रममा सेनाले चलाएको गोलीबाट आफैं घाइते भएका झापाका तत्कालीन एसपी केशरी घिमिरेलाई घटुवा गर्ने सिफारिस गरिएको बुझिन्छ । घिमिरेसँग आयोगले बयान पनि लिएको छैन, उनी केही महिनादेखि विदेशमा सेवारत छन् ।

राजा ज्ञानेन्द्रलाई जनआन्दोलन दबाउने, राज्यको साधन स्रोतको दुरुपयोग गर्ने र मानवअधिकार उल्लंघन गर्ने प्रमुख दोषी ठहर गरेको आयोगले राजामाथि कारबाही गर्न कानुनको अभाव देखाएर सरकारलाई कानुन बनाउन भनेको छ । उता जनआन्दोलनका दबाउन प्रमुख जिम्मेवार भएको आरोप लगाइएका तत्कालीन सेनाप्रमुख प्यारजंग थापा, सशस्त्र

असहिष्णुताको राजनीतिलाई ऊर्जा दिएको छ । नेपालका लागि अपरिहार्य मेलमिलापको चरित्रविपरीत गएको छ, आयोग गैरन्यायिक चरित्र अंगीकार गर्दै । एकातिर माओवादीसँगको सहमतिमा सत्य र मेलमिलापको अवधारणा स्वीकार गरिएको छ भने अर्कातिर प्रतिशोध र असहिष्णुताको राजनीतिलाई आयोगले प्रोत्साहित गरेको छ ।

राष्ट्रका रुपमा नेपाल अहिले एकदम कमजोर ( फ्रेजाइल) छ । दुई ठूला राष्ट्रबीच एउटा सानो तर बहुजातीय, बहुभाषीय राज्य सम्मानपूर्ण स्थापित हुनुपर्ने चुनौती हामीसमक्ष छ । दुर्भाग्य हाम्रो राष्ट्र द्वन्द्वबाट ध्वस्त छ । राष्ट्रलाई बनाउन र अगाडि बढाउन राष्ट्रिय सहमतिको सिद्धान्तबाट सम्भव हुन्छ, एकतामा आधारित राजनीति त्यसका लागि मान्य सर्त हो । त्यस्तो हुन सकेमा अन्तर्राष्ट्रिय समुदायले विकासका लागि हामीलाई सहयोग गर्नेछन् ।

यस्तो परिस्थितिमा आयोगले आफ्नो नो छानबिन कानुनको सिद्धान्तमा आधारित भएर गरेको भए परिस्थिति सम्भवतः असहज हुने थिएन । त्यसले सघाउ पुऱ्याउने थियो, तर आयोगको कार्यशैली एवं निष्कर्ष त्रुटिपूर्ण र गैरकानुनी हुँदा विभिन्न किसिमका तनाव बढ्ने देखिन्छ । सम्भवतः सरकारले यो तथ्यलाई गम्भीरतासाथ लिनेछ । किनकि आयोगको काम तथ्य पत्ता लगाउने हो । आयोगले प्रतिवेदन दिइसकेको वर्तमान अवस्थामा त्यसबारे स्वतन्त्र रुपमा अध्ययन, छानबिन र अनुसन्धान गर्नु सरकारको जिम्मेवारी हो । त्यस्तो छानबिनका आधारमा मात्रै अगाडिको कारबाही हुनुपर्छ । आयोगको यो निष्कर्षका आधारमै गर्न मिल्दैन ।

अध्यक्ष रायमाझीले त्यस्तो न्यायाधीशका रुपमा आफूलाई चित्रित गरे, जसमा एउटा न्यायाधीशले राम्रा वकिलहरूको तर्क र बहस सुन्छ, तत्कालै खल्तीबाट निकालेर लिखित निर्णय सुनाउँछ ।

**(कुराकानीमा आधारित)**



रवी मानन्धर

▲ **प्रधानमन्त्री कोइरालालाई आयोगको प्रतिवेदन बुझाउदै अध्यक्ष रायमाझी**

प्रहरीका प्रमुख सहवीर थापा, नेपाल प्रहरीका प्रमुख श्यामभक्त थापालाई जागिरबाट खोसुवा गर्न सुझाएको छ। सेनाप्रमुख थापाले अवकाश पाइसकेका छन्। सुरक्षा प्रमुखपछिका वरिष्ठ प्रहरी अधिकारीहरूलाई सचेत गराउनेदेखि जागिर खोस्नेसम्मको लचिलो स्वविवेकीय अधिकार सरकारमाथि छोडिएको छ।

सशस्त्र प्रहरीका तत्कालीन अतिरिक्त प्रहरी महानिरीक्षक वासुदेव ओली, जो कार्यविभागमा रहेर सशस्त्र प्रहरीको परिचालन गर्ने गर्दथे र अर्का अतिरिक्त महानिरीक्षक रविराज थापा, जो मानव संसाधन विभागमा थिए, दुवैलाई एकै खाले सचेतदेखि बर्खास्त गर्नेसम्मको सिफारिस गरिएको छ। त्यस्तो स्वविवेकीय अधिकार सरकारमा छोडिएको छ। गृहमन्त्री ओलीका नातेदार ओली, आयोगको अनुसन्धान जारी रहेका बेला पदोन्नति पाएर अतिरिक्त महानिरीक्षक बन्ने भाग्यमानी हुन्। उता थापालाई भने गृह मन्त्रालयले आयोगलाई अनुसन्धान गर्न सहयोग पुऱ्याउने बहानामा गरेको निलम्बन अहिले पनि छँदै छ।

आयोगका सदस्य हरिहर विरही भन्छन्, 'प्रहरी र सेनाको ऐनअनुसार कारबाही गर्न सुझाव दिएका हौं, त्योभन्दा बढ्ता गर्ने आधार हामीसँग थिएन।' आयोगको प्रतिवेदनले राजनीतिक पहुँच, पद र शक्तिका आडमा कसैलाई पोल्ने र कसैलाई उम्काउने काम गरेको र अनुसन्धानभन्दा तत्कालीन परिस्थितिका आधारमा कारबाही तोकिएको देखिन्छ। काठमाडौंका तत्कालीन प्रमुख जिल्ला अधिकारी सुशील घिमिरेलाई बर्खास्ती गर्न सुझाएको विरही बताउँछन्। विरहीले भने, 'घिमिरेले गोली चलाउन आदेश दिएको स्विकारेको र उनले दिएको आदेशबाट चलेको गोलीबाट मानिस मरेकोले त्यस्तो सिफारिस गरिएको छ।'

राजा ज्ञानेन्द्रले सत्ता हातमा लिएपछि गृह प्रशासनमा दखल र रुचि नभएको घिमिरे लगायतका अधिकारीहरूलाई जबरजस्ती प्रमुख जिल्ला अधिकारीमा खटाइएको थियो। कानुनमा प्रमुख जिल्ला अधिकारीले गोली हान्ने आदेश दिने प्रावधान भए पनि जनआन्दोलनका व्यवहारमा सेना नै सर्वेसर्वा भएर दमनमा उत्रिएको आरोप लाग्ने गरेको छ। तर, घिमिरे जस्ता औपचारिकता निर्वाह गनुपर्नेहरूमाथि आयोगले गम्भीरखाले कारबाही सिफारिस गरेको छ। संयुक्त राष्ट्रसंघीय उच्चायोगले केही महिनाअघि नै आफ्नो प्रतिवेदनमा कतिपय स्थानमा आवश्यकताभन्दा बढी बल प्रयोग भएको प्रतिवेदन तयार गरेको थियो। उच्चायोगको प्रतिवेदनमा कतिपय स्थानमा सुरक्षानिकायले भीडलाई नियन्त्रण गर्ने उद्देश्यले बल प्रयोग गरेको पनि उल्लेख गरेको थियो, तर रायमाझी आयोगले सुरक्षानिकायले बल प्रयोग गर्नुपरेको सन्दर्भ समेत उल्लेख नगरेको बुझिन्छ। घटना भएका र मृत्यु भएका स्थानका सुरक्षानिकायका अधिकारीहरू सबैलाई दोषी देखाउने काम गरेको देखिन्छ।

रायमाझी आयोगले आदेश दिने तत्कालीन गृहमन्त्री कमल थापालाई राज्यकोष दुरुपयोग गरेका भन्दै भ्रष्टाचारको आरोप लगाएको छ भने सेना र प्रहरीका उच्चनेतृत्वलाई जागिर खोसेर उन्मुक्ति दिने, सचेत गराउने जस्ता सामान्य आरोप लगाइएको छ। सडकमा खटेका आदेश पालना गर्ने अधिकृत तथा सानो दर्जाका प्रहरीलाई ज्यानमाराको गम्भीर आरोप लगाइएको देखिन्छ। उच्चायोगले रायमाझी आयोगलाई, आयोगको काम अनुसन्धान गर्ने मात्र हो भन्ने सुझाव दिएको बुझिन्छ।

विरही 'मैले गोली हानेको हुँ'भनेर स्वीकार गर्नेहरूलाई ज्यानमाराको कारबाही गरिएको स्पष्टीकरण दिन्छन्। उता अर्का सदस्य रामकुमार भने आयोगको कारबाही गर्ने सिफारिसको कानुनी र अनुसन्धानका आधारमा नगरिएको दाबी गर्छन्। उनी भन्छन्, 'प्रतिवेदन कानुनी सिद्धान्तको प्रतिकूल छ, पक्षपातपूर्ण छ, व्यक्तिको अनुहार र पदअनुसार दोषी ठहर गरिएको छ।' श्रेष्ठ भन्छन्, 'जनआन्दोलन दबाउन आदेशअनुसार फिल्डमा खट्नेलाई कडा कडा सजाय तोकिएको छ भने आदेश निर्देशन दिने उच्चतहका जिम्मेवारलाई उन्मुक्ति दिने काम गरिएको छ।'

संवैधानिक कानुनका विज्ञ पूर्णमान शाक्य भन्छन्, 'आयोगको प्रतिवेदनले संवैधानिक प्रश्न उठ्न सक्छ।' उनी भन्छन्, 'भूतलक्षी कानुन बनाएर कारबाही गर्ने कुरा सिद्धान्ततः मिल्दैन।' नेपालको संविधान २०४७ मा मौलिकहकका रुपमा भूतलक्षी कानुन बनाएर कारबाही गर्न नपाउने व्यवस्था छ, सामान्य कानुन बनाएर मिल्दैन, नयाँ संविधान जारी गरेर भूतलक्षी कानुन बनाउन सक्ने प्रावधान राखेको अवस्थामा मात्र सम्भव छ। शाक्य टिप्पणी गर्छन्, 'गणतन्त्र आएपछि मात्र सम्भव होला।'

वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारी एवं हरिहर दाहाल प्रतिवेदन विवादास्पद हुनुलाई दुर्भाग्य ठान्छन्। अधिकारी भन्छन्, 'विवाद आयो, सुहाउँदो भएन।' दाहाल भन्छन्, 'एउटै राय नआएकाले कार्यान्वयनमा समस्या उत्पन्न हुनसक्छ।'

कांग्रेस पार्टीको कानुनी सल्लाहकारको हैसियत राख्ने एक वरिष्ठ अधिवक्ता भने रायमाझी प्रतिवेदनले माथ्लो तप्काका लागि उन्मुक्ति दिएको तर तल्लो तहका आदेश मान्नेहरूमाथि ज्यानमारासम्मको कारबाही गर्ने सिफारिस गरिनुलाई विडम्बना भन्न रुचाउँछन्। नाम उल्लेख गर्न नचाहने ती अधिवक्ताले भने, 'कसले गोली हान्यो भन्ने कुराभन्दा गोली हान्ने आदेश कसले दियो भन्ने कुरा महत्त्वपूर्ण हुन्छ।' उनी भन्छन्, 'आयोग जनभावनाको कदर गर्ने होइन, विवाद सृजना गरेर जनतालाई अलमल्याउने काम गरेको छ।'

आयोगका पदाधिकारी विभाजित भएर प्रतिवेदन पेस गरेर सरकारको काँधमा कारबाहीको जिम्मेवारी छोडेका छन्। प्रतिवेदको कानुनी हैसियत आफ्नो ठाउँमा छ, यसको संवैधानिकताका बारेमा बहस भइरहने छन्, तर प्रतिवेदन तयारीको अन्तिम घडीमा उत्पन्न हुनुका पछाडि राजनीतिक नियोजित कारणले भूमिका खेलेको होइन भन्ने प्रश्नले आकार लिँदै छ। आयोगका सदस्यहरूले कृत्रिम विवाद सृजना गरेर सरकारलाई तजबिजी अधिकार दिने चेष्टा गरेका त होइनन्? प्रश्न उपस्थित भएको छ। ■



भास्कर ओझा

बौद्धस्थित महानगरीय प्रहरीवृत्त कार्यालय

# छैन पर्याप्त तयारी

**सरकारले भर्खरै मात्र महानगरीय प्रहरीको व्यवस्था गरे पनि परम्परागत तौरतरिकाबाट जनतालाई प्रभावकारी सेवा पुऱ्याउने काम चुनौतीपूर्ण छ ।**

■ **छत्र कार्की/काठमाडौं**

**महानगर क्षेत्रमा** शान्तिसुरक्षाको स्थितिमा व्यापक सुधार ल्याई अमनचैन कायम गराउने लक्ष्यसाथ सरकारले पर्याप्त तयारीविना भर्खरै महानगरीय प्रहरी स्थापना गरेको छ । रानीपोखरीस्थित उपत्यका प्रहरी कार्यालयमा महानगरीय प्रहरी आयुक्त कार्यालय खडा गरी डिआइजी दीपकसिं थाङ्देनलाई आयुक्तको जिम्मेवारी दिइएको छ । उपत्यकाका सात ठाउँमा प्रहरी सर्कल स्थापना गरी विभिन्न डिएसपीलाई जिम्मेवारी तोकिएको छ, जसअनुसार बौद्धमा महेशविक्रम शाह, महाराजगन्जमा सुशील भण्डारी, नयाँबानेश्वरमा दिवसराज उदास, कालीमाटीमा सुरेशविक्रम शाह, बालाजुमा प्रद्युम्न कार्की, ललितपुर चापागाउँमा प्रकाशबहादुर चन्द, भक्तपुरमा रामप्रसाद श्रेष्ठले नेतृत्व सम्हालेका छन् ।

राजधानीमा हुने अपराधसम्बन्धी घटनाको अनुसन्धान उपत्यका अपराध अनुसन्धान शाखा हनुमानढोकाले गर्दै आएकोमा महानगर प्रहरीले पहिलो चरणअन्तर्गत कालीमाटी, बौद्ध, बालाजु, नयाँबानेश्वर, महाराजगन्जबाट अपराधी समातेर अनुसन्धान गर्ने काम सुरु भइसकेको छ । यो नयाँ व्यवस्थाबाट अपराधसम्बन्धी मुद्दामा काठमाडौं जिल्ला प्रहरी कार्यालय धाउनुपर्ने अवस्था अन्त्य भएको छ, जुन सकारात्मक पक्ष हो ।

सरकारले महानगरीय प्रहरी स्थापना गर्ने सम्बन्धमा गत कात्तिक ३ गते निर्णय गरेपछि अहिले प्रहरी महानिरीक्षककै मातहतमा रहने गरी आयुक्त व्यवस्था गरेर यसको नयाँ संरचना विकास गर्न लागेको छ । विश्वव्यापी मान्यताअनुसार महानगरीय प्रहरी पूर्णतः स्वायत्त संस्था हुनपर्ने विश्लेषकहरू बताउँछन्, तर अहिले वडा कार्यालयमा केही प्रहरी जवान र अधिकृत थपेकै भरमा महानगरीय प्रहरी नामकरण गर्नुको तुक नरहेको धारणा राख्नेहरू धेरै छन् । हुनपनि अहिले जुन जुन ठाउँमा महानगरीय प्रहरीको सर्कल स्थापना गरिएको छ, त्यहींको वडा प्रहरीको जनशक्तिमा केही थप गरेर इन्स्पेक्टरको ठाउँमा डिएसपी पठाइएको छ ।

आवश्यक गृहकार्य र तालिम नभए पनि मंसिर १ गतेबाट उपत्यकाका काठमाडौं, ललितपुर र भक्तपुरमा महानगरीय प्रहरीले काम सुरु गरेका छन् । महानगरीय प्रहरी स्थापना हुनुपूर्व जनताबीच जुन अन्तरक्रिया हुनुपर्ने हो, त्यो नगरीकन हतारमा जस लिनको लागि यो अवधारणा ल्याइएको धारणा राख्नेको संख्या धेरै छ । एक प्रहरी अधिकारी भन्छन्, 'जनताको कुरै छोडौं, प्रहरीसंगठनभित्र महानगरीय प्रहरी संरचना बुझेका प्रहरीको संख्या औंलामा गन्न सकिन्छ ।' महानगरीय प्रहरीको अवधारणाले व्यवहारिक स्वरुप ग्रहण नगरेसम्म अन्योलता आउन सक्ने देखिन्छ ।

प्रहरीको पुरानो जनशक्ति र उनीहरूको खस्कँदो मनोबलका कारण महानगर प्रहरी सुरुवातमै निम्सरो सावित भएको छ । मंसिर १ गतेपछि राजधानीमा भएका लुटपाटका घटनामा समेत महानगरीय प्रहरीले आफूलाई चुस्तरुपमा प्रस्तुत गर्न सकेको देखिँदैन । हुनत अहिले पनि महानगर प्रहरीले सीमित दरबन्दीका कारण महानगरभित्र सबलरुपमा उपस्थिति देखाउन नसकेको तर्क गरिन्छ । आसन्न संविधानसभाको निर्वाचनलाई समेत मद्देनजर राखी महानगर प्रहरीमा करिब २ हजार ३ सय ५७ नयाँ दरबन्दी थप्ने तयारी भइरहेको गृहमन्त्रालयले जनाएको छ । गृहमन्त्रालयका सहसचिव वामनप्रसाद न्यौपाने भन्छन्, 'महानगर प्रहरीको संरचनाले ३-४ महिनाभित्र प्रारम्भिक आकार लिन्छ, तर पूर्ण संरचनामा आउन भने ५ वर्ष लाग्ने देखिन्छ ।' महानगर प्रहरीलाई कतिसम्म अधिकार प्रदान गर्ने सम्बन्धमा सरकारले अध्ययन गरिरहेको जनाइएको छ ।

राजधानीको बढ्दो जनसंख्या, अस्तव्यस्त ट्राफिक, तीव्ररुपमा बढिरहेका लुटपाटका घटना आदिलाई हेर्दा महानगरीय प्रहरीको स्थापनाको औचित्यको विषयमा प्रश्न उठाउन मिल्दैन । राजधानीको जनसंख्या अहिले ३० लाखको हाराहारीमा छ । यो संख्या दिन दुगुना र रात चौगुनाका हिसाबले बढिरहेको छ । सवारीसाधन मात्र करिब ३ लाख रहेको अवस्थामा ट्राफिक अवस्थाबाट जनजीवन प्रभावित बनी दुर्घटनाका शृखंला बढ्दो छ, तर अहिलेको कार्यशैली

हेर्दा महानगरीय प्रहरीबाट जनताको हितमा प्रभावकारी काम गर्न त्यति सहज छैन ।

प्रहरी प्रशासनभित्र व्याप्त राजनीतिकरण, हचुवाको आधारमा हुने सरुवाबढुवा, नातावाद, कृपावाद, आर्थिक नियमितताले गर्दा पूरै संगठन अक्षम भइसकेको अवस्था छ । गिरेको मानसिकता लिएर काम गरिरहेका प्रहरी संगठनभित्रका जवानदेखि अधिकृतसम्मलाई स्थानान्तरण गरेर खडा गरिएको महानगरीय प्रहरीले पुरानै चालाबाट मुक्ति पाउन गाह्रो छ । गृहमन्त्रालयका सहसचिव न्यौपाने भन्छन्, 'भर्खरै स्थापित महानगरीय प्रहरीमा संरचनागत सुधारका साथै दरबन्दी विस्तार र प्रहरीको मानसिकतामा परिवर्तन ल्याएर जनसेवा प्रभावकारी बनाउन सकिन्छ ।'

महानगर प्रहरीअन्तर्गत स्थापित सेक्टरमा कार्यरत प्रहरीहरू पुरानै छन् । महानगरीय प्रहरीको अवधारणाअनुसार प्रहरी छनोट गर्दा जनपद प्रहरीभन्दा बढी सक्षम र योग्य उम्मेदवारलाई प्राथमिकता दिनुपर्ने आम मान्यता हो । सामान्य ओरिएन्टेसनबाहेक प्रहरी जवान र अधिकृतलाई विशेष तालिम नदिईकन हतारमा कार्यक्षेत्रमा खटाइएको छ । महानगरीय प्रहरीको हातमा अपराध अनुसन्धान, ट्राफिक नियन्त्रण, शान्ति सुरक्षाको व्यवस्थालगायत प्रमुख जिम्मेवारी आएको छ ।

महानगरीय प्रहरीको अवधारणा एक दशकअघि नै आएको हो । २०५४ सालमा उपत्यका अपराध अनुसन्धान कार्यालय स्थापना हुँदा नै भविष्यमा महानगरीय प्रहरीलाई समेत काम लाग्ने हिसाबले भवन डिजाइन गरिएको बताइन्छ । विगतमा सरकारको हानथापको कारण यसले मूर्त रुप लिन एक दशक लागेको बताइन्छ । दुई वर्षअघि महानगरीय प्रहरीको अवधारणा पत्र तयार पारिएको भए पनि त्यसबेला सरकारले तदारुकता नदेखाउँदा ऐन बन्न नसकी लागू हुन सकेको थिएन । यसपटक भने नयाँ ऐन बन्नुअघि नै महानगरीय प्रहरीले काम सुरु गरिएको छ । मुलुकको राजनीतिक समीकरण परिवर्तन हुने निश्चित भएपछि भोलिको अवस्थामा फेरि महानगरीय प्रहरीको अवधारणा ओझेलमा त पर्ने होइन भन्ने आशंकाले हतारमै यो निर्णय गरिएको बताइन्छ ।

सरकारले महानगरीय प्रहरी नाम दिएपछि सोहीअनुरुप व्यवहारमा पनि जनतामा सेवा पुऱ्याउन सक्नुपर्ने हुन्छ, नत्र भने आम जनताले जनपद प्रहरी र महानगर प्रहरीलाई एउटै रुपबाट हेर्छन् । भौतिक संरचना र आवश्यक पूर्वाधार नकेलाईकन मुखले जनतालाई विभिन्न सुविधा उपलब्ध गराउँछौं भनी आश्वस्त पार्ने प्रहरीप्रमुखका वचन भोलि पूरा हुन नसके यसले समग्र प्रहरीको प्रतिष्ठामै आँच आउने निश्चित छ । जनताको अपेक्षा महानगरीय प्रहरीको हकमा बढी रहेको छ ।

आयुक्त थाङ्देन भने कन्ट्रोल रुम भेहिकल भएपछि गाडी पुग्ने ठाउँमा छिटोभन्दा छिटो प्रहरी पुग्ने जानकारी दिन्छन् । काठमाडौं, ललितपुर र भक्तपुरमा ८० वटा कन्ट्रोल रुम भेहिकल आएपछि घटना भएलगत्तै प्रहरी घटनास्थलमा पुग्ने बताइन्छ । कन्ट्रोल रुम भेहिकल नभएको अवस्थामा महानगरीय प्रहरीले ५८ थान मोटरसाइकल प्रयोग गरी शान्ति सुरक्षाको क्षेत्रमा काम गरिरहेका छन् । आयुक्त थाङ्देन भन्छन्, 'अहिले हामीले भएकै स्रोतसाधनबाट काम गरिरहेका छौं, तैपनि हामी जनतालाई प्रभावकारी सेवा पुऱ्याउन कटिबद्ध छौं ।'

महानगर प्रहरीलाई सशक्त बनाउने क्रममा अर्धन्यायिक प्रकृतिका मुद्दा हेर्न दिइनुपर्ने कुरा उठिरहेको छ, तर सरकारले भने प्रहरीलाई प्रशासनिक अधिकार दिने सम्बन्धमा अहिलेसम्म केही निर्णय गरेको छैन । गत मंसिर १ गते महानगरीय प्रहरी आयुक्त कार्यालयको औपचारिक उद्घाटनपछि आयुक्त थाङ्देनले महानगर क्षेत्रमा घटना भएको सूचना पाउनासाथ १० मिनेटमा प्रहरी उपस्थित जानकारी दिएका थिए । घटनास्थलमा १० मिनेटभित्र प्रहरी उपस्थित हुने कुरा सुन्दा आकर्षक लागे पनि अहिलेको अवस्थामा पूरा गर्न चुनौतीपूर्ण छ ।

महानगरीय प्रहरीको अवधारणा व्यावहारमा लागू गर्न त्यति सजिलो छैन । जनतालाई प्रभावकारी सेवा दिन शारीरिक, मानसिक, सामाजिकरुपले नै गतिशील प्रहरी संरचनाले मात्र महानगरको अहिलेको अवस्थामा परिवर्तन ल्याउन सक्छ । महानगरीय प्रहरीको काम कर्तव्य र अधिकार समेटेर चाँडै नै प्रहरी ऐनमा सुधार गर्ने तयारी भइरहेको जनाइएको छ । व्यवहारिक प्रतिबद्धताविना कानुन ल्याउनु मात्र ठूलो कुरा होइन, यसो नभए जतिसुकै राम्रो कानुन ल्याए पनि, महानगर प्रहरीलाई भौतिकरुपले सुविधासम्पन्न बनाए पनि जनतालाई सेवा पुऱ्याउने सवालमा कुनै ठोस प्रगति हुन नसक्ने निश्चित छ । ■





विशेष बचत
बार्षिक ६ प्रतिशत
(दैनिक मौज्दातमा ब्याज प्रदान गरिने)

बचत खाता
बार्षिक ६ प्रतिशत (मासिक न्यूनतम मौज्दातमा)

कर्जामा ब्याजदर
वैदेशिक रोजगार कर्जा, हायर पर्चेज कर्जा,
आवास कर्जा, व्यापारिक कर्जा १६-१८ प्रतिशत

मुद्दती निक्षेप
१ वर्ष- ८ प्रतिशत, २ वर्ष- ८.५ प्रतिशत,
३ वर्ष- ९ प्रतिशत, ६ वर्षमा १२.५ प्रतिशत (yield)
Unfixed fixed deposit*

क्रमिक बचत
दैनिक तथा मासिक क्रमिक बचतको व्यवस्था

© BP/AC/R/06

*निक्षेप अवधिको कुनै पनि समयमा ९० प्रतिशत सम्म (थप ३ प्रतिशत ब्याज तिरी) कर्जा लिन पाइने । तर ५० प्रतिशत सम्ममा कुनै थप ब्याज नलाग्ने

एग्रेसिभ बहुउद्देश्यीय सहकारी संस्था लि.
Aggressive Multipurpose Co-operative Ltd.
Kalimati, Kathmandu, Ph. 01-4286867, P.O. Box: 4022, Fax: 4272760, E-mail: amcl@enet.com.np

वित्तिय क्षेत्रमा अनुभव प्राप्त स्थानीय युवाहरुद्वारा संचालित



भुटानी शरणार्थी बालबालिकाहरु

# भिन्न परिस्थिति

**गत साता** परराष्ट्रमन्त्री केपी शर्मा ओलीको बहुप्रचारित भुटान यात्रा अचानक स्थगित भयो। ओलीले भुटानसँग निर्णायक वार्ता हुने प्रचार गरेजस्तो १५ वर्षदेखि जकडिएको समस्या तत्काल समाधान हुनेछ भनेर आशा गर्ने ठाउँ त थिएन, तर तीन वर्षदेखि स्थगित द्विपक्षीय वार्ताको सिलसिला सुरु हुने थियो। अन्तिम घडीमा भुटानसँगको वार्ता स्थगित हुनुमा ओलीले नेपालको राजनीतिक अवस्था गतिशील भएका कारण औंल्याएका छन्, तर अचानक वार्ता स्थगित भए पनि मौलिक रुपमा भुटानी शरणार्थी मामलामा भिन्न परिस्थिति विकसित भएको छ। पहिलोपटक आधिकारिक रुपमा नआए पनि भारतको सत्ताधारी संयुक्त प्रगतिशील गठबन्धन सरकारमा प्रभुत्व राख्ने भारतीय मार्क्सवादी कम्युनिष्ट पार्टीका महासचिव सीताराम याचुरीले भुटानी समस्यामा भारतले पनि भूमिका खेल्नुपर्ने कुरा सार्वजनिक रुपमा व्यक्त गरेपछि नयाँ परिस्थिति विकसित भएको विज्ञहरू बताउँछन्। याचुरीले भुटानी शरणार्थी मामला समाधान गर्न नेपाल, भुटान र भारतबीच त्रिपक्षीय वार्ता हुनुपर्ने अडान राखेका थिए। सम्भवतः याचुरीको भनाइपछि उनको मान्यतालाई मौका दिन ओलीले प्रस्तावित यात्रा अन्तिम क्षणमा स्थगित गरेका हुन्।

अमेरिकाले करिब ६० हजार अर्थात् ६० प्रतिशत भुटानी शरणार्थीलाई आफ्नो देशमा बसोवासका लागि लग्ने सार्वजनिक प्रतिबद्धतापछि भुटानी मामिलामा भारतले लिँदै आएको नीति फेरिने संकेत याचुरीले दिएको अर्थ लाग्दै छ। झन्डै डेढ दशक पुरानो शरणार्थी समस्या भुटानका राजा जिग्मे सिग्मे वाङ्चुकले नेपालीमूल र नेपाली संस्कृतिविरोधी जातीय सफायाको नीति लिएर नेपालीमूलका भुटानीलाई लखेट्न थालेपछि सुरु भएको हो। राजाले खेदेका भुटानी भारतीय भूमि हुँदै नेपाल प्रवेश गरेका हुन्। १५ वर्षदेखि नेपाल र भारतबीच विभिन्न तहमा पटक-पटक विभिन्न चरणका वार्ता भए पनि भारतले अप्रत्यक्ष रुपमा भुटानलाई समर्थन पुऱ्याउँदै आएको थियो। 'यो नेपाल र भुटानबीचको द्विपक्षीय मामिला हो र दुवैले आपसी कुराकानीबाट यसको समाधान खोज्नुपर्छ' भन्ने भारतीय नीतिलाई भुटानले आफूप्रतिको समर्थनका रुपमा लिँदै आएको छ र समस्यालाई अल्झाइरहने नीति अख्तियार गरेको छ। चार तहमा शरणार्थी प्रमाणीकरण तथा उनीहरूको सम्मानजनक घरफिर्तीबारे सैद्धान्तिक सहमति भएपछि पनि भुटानले विभिन्न बहानामा अस्वीकार गर्दै आएको थियो।

तर अमेरिकाले ६० हजार भुटानी शरणार्थी लिने घोषणा गरेपछि ती शरणार्थीलाई अन्तर्राष्ट्रिय जगत्ले भुटानीकै रुपमा मान्यता दिने हुँदा त्यसले भुटानी राजालाई अविश्वसनीय बनाउने तथ्य बुझेर भुटानले नयाँ रणनीति अपनाएको देखिन्छ। प्रत्यक्ष रुपमा भुटानले नयाँ रणनीति व्यक्त नगरे पनि पछिल्लो समयमा विकसित परिस्थितिपछि शरणार्थी फिर्ताबारे आफू गम्भीर भएको संकेत याचुरीमार्फत दिएको हो, तर यो भारतको प्रतिबद्धता भने होइन। यद्यपि, पहिलोचोटि भारतका महत्त्वपूर्ण नेताबाट व्यक्त मान्यतालाई सामान्य रुपमा लिन मिल्दैन।

ओलीको भ्रमण स्थगित हुनुका पछाडि दक्षिण तथा मध्यएसियाली मामिला हेर्ने अमेरिकी सहायक विदेशमन्त्री रिचर्ड बाउचरको हालैको नेपाल तथा भुटानको भ्रमण पनि हो भनिन्छ। बाउचरले भुटान भ्रमणका क्रममा त्यहाँका राजा जिग्मेलाई जातीय सफाया नीति अपनाएको अवस्थामा भुटानमा गर्न लागिएको राजनीतिक परिवर्तनले अन्तर्राष्ट्रिय मान्यता पाउन नसक्ने सन्देश दिएको बताइन्छ। भारतको सुरक्षा छाताभित्र रहेको भुटानका राजाले 'प्रजातान्त्रिक' संविधान जारी गर्ने आश्वासन दिँदै आएका छन्।

बाउचरको भ्रमणलगत्तै याचुरीले नेपालमै आएर भुटानी शरणार्थी समस्या समाधानमा भारतले पहल गर्नुपर्छ भन्ने मान्यता अघि सार्नुलाई भारतीय सरकारमाथिको दबाबका रुपमा लिन सकिन्छ। उता भारतभित्रै पनि केही समाजवादी नेताहरूले शरणार्थी समस्याबाट भारत पन्छिन नहुने दबाब दिन थालेका छन्। दुई साताअघि भारतको दिल्लीमा आयोजित इन्डियन सोसलिस्ट फोरमको कार्यक्रममा एमएलए डा. सुनिलमले भुटानको प्रजातान्त्रिक आन्दोलन तथा शरणार्थी समस्या समाधानमा भारतले सहयोग र समर्थन गर्नुपर्ने प्रस्ताव राखेका थिए। भुटान पिपुल्स पार्टीका अध्यक्ष बलराम पौडेलका अनुसार डा. सुनिलमको प्रस्ताव फोरमबाट अनुमोदन भएको छ। सुनिलमको टोलीले एक महिनाअघि नेपालमा रहेका भुटानी शिविरहरूको भ्रमण गरेका थिए। भारतका सम्मानित समाजवादी नेता सुरेन्द्र मोहनले पनि भारतीय सरकारलाई भुटानी शरणार्थी समस्या समाधान गर्न दबाब दिँदै आएको अवस्था छ।

भुटान प्रजातान्त्रिक आन्दोलनका नेता टेकनाथ रिजाल याचुरीको मान्यतालाई सकारात्मक रुपमा लिएको बताउँछन्। रिजाल भन्छन्, 'भारतीय नेताबाट सकारात्मक भनाइ आएको छ, हामी त्यसको स्वागत गर्छौं।' पौडेल पनि पछिल्लो समय भुटानी शरणार्थी समस्यालाई लिएर भारतीय नेताहरूबाट व्यक्त भनाइबाट भारतको मान्यतामा आंशिक परिवर्तन आएको अनुभव सुनाउँछन्। पौडेलले भने, 'भारतमा पनि कुरा उठ्न थालेको छ, नेपालले औपचारिक रुपमा भारतसमक्ष आग्रह गऱ्यो भने भारत समस्या समाधानमा सहभागी बन्छ।' ओलीको भुटानयात्रा अचानक रुपमा स्थगित भए पनि अहिले देखिएको भिन्नखाले परिस्थितिबाट भुटानी शरणार्थी समस्या नयाँ मोडमा उभिएको देखिन्छ।

■ **विश्वमणि पोखरेल/काठमाडौं**



कानुनको अज्ञानता, परम्परागत सामाजिक संरचनाको प्रभावले पनि अझै असुरक्षित गर्भपतनको प्रचलन सोचेअनुरुप घटेको छैन: चिकित्सकसँग परीक्षण गराउँदै एक महिला ।

# छैन सहज

■ गोविन्द परियार/काठमाडौं

**कृपा नामक गैरसरकारी संस्थाले गरेको मत सर्वेक्षणअनुसार समाजको नकारात्मक धारणा, कानुन तथा सेवासम्बन्धी ज्ञानको अभाव, महँगो सेवा शुल्क, सेवामा पहुँच हुन नसक्नु, धर्म र दम्पत्तिबीच खुला छलफलको अभावजस्ता कारणले महिलाहरू अझै पनि लुकिछिपी असुरक्षित तथा अवैध गर्भपतन गर्न बाध्य छन् ।**

सरकारले मातृमृत्युदर घटाउने उद्देश्यअनुरुपमा गर्भपतनलाई कानुनी मान्यता दिएको चार वर्ष बितिसक्दा पनि महिलाहरूको स्वास्थ्य र गर्भपतनको स्थितिमा कुनै परिवर्तन आएको छैन ।

महिलाको राजीखुसीमा १२ हप्तासम्मको गर्भपतन गर्न पाउने व्यवस्था नयाँ कानुनले गरेको छ । यसअतिरिक्त जबरजस्ती वा हाडनाता करणीबाट रहेको १८ हप्तासम्मको गर्भ र गर्भवती महिलाको ज्यान जान सक्ने भएमा वा भ्रूण विकलांग हुने भएमा जनुसुकै समयमा गर्भपतन गराउन पाउने व्यवस्था ऐनले गरेको छ । यसअघि सबै प्रकारका गर्भपतन कडा दण्डनीय थियो ।

संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (युएनएफपिए)ले गरेको अध्ययनअनुसार नेपाल विश्वमै मातृमृत्युदर उच्च रहेको मुलुकमध्येमा पर्छ । सन् २००० मा प्रतिएक लाख जीवित जन्ममा मातृमृत्युदर ७४० थियो भने सन् २००४ मा विश्व स्वास्थ्य संगठनको तथ्यांकले त्यसैको हाराहारीमा मातृमृत्युदर रहेको देखाएको छ ।

राजधानीको प्रसूतिगृहबाट सुरु भएको गर्भपतन सेवा अहिले फैलँदो अवस्थामा भए पनि अझै सरकारको लक्ष्यअनुरुप ग्रामीण क्षेत्रमा पुग्न सकेको छैन । उता सेवा संचालन भएका क्षेत्रमा पनि दक्ष जनशक्तिका अभावका कारण चुस्त सेवा दिन नसकेको गुनासो पीडितहरूको छ ।

महिला अधिकारवादी डा. रेणु राजभण्डारी भन्छिन्, 'सरकारले गर्भपतनलाई कानुनी मान्यता दिए पनि सर्वसुलभ सेवा उपलब्ध गराउन नसकेका कारण उद्देश्यअनुसारको लक्ष्य प्राप्त हुनसकेको छैन ।' उता गर्भपतन गराउनको लागि आवश्यक प्रविधि, भौतिक पूर्वाधार, आवश्यक वातावरणको अभावमा महिलाहरूमा थप समस्या देखिन थालेको छ । डा. रेणुको शब्दमा, 'जिल्ला अस्पतालसम्म गर्भपतन सेवा पुगे पनि दक्ष जनशक्ति र आवश्यक भौतिक पूर्वाधारको कमीका कारण महिलाहरू इन्फेक्सनको सिकार हुने गरेका छन् ।'

सरकारले तालिमप्राप्त चिकित्सकबाट मात्रै गर्भपतन सेवा दिन पाउने बताए पनि जिल्ला अस्पतालमा चिकित्सक नहुँदा अन्य तल्लोस्तरका कर्मचारीहरूले गर्भपतन गराउँदै आएका छन् । नारी अधिकारसँग जोडिएको यस्तो संवेदनशील क्षेत्रमा देखिएको लापर्वाहीले झन् खतरा निम्त्याउने विज्ञहरूले बताएका छन् ।

कानुनको अज्ञानता, परम्परागत सामाजिक संरचनाको प्रभावले पनि अझै असुरक्षित गर्भपतनको प्रचलन सोचेअनुरुप घटेको छैन ।

गर्भपतनलाई महिला अधिकारको रूपमा हेरिनु पर्ने महिला अधिकारवादीहरूले बताउँदै आए पनि भ्रूण पहिचान गराएर गर्भपतन गर्नेहरूलाई भने यो ऐनले बाटो बन्द गरेको छ । भ्रूणको पहिचान गरेर गर्भपतन गराएमा गर्ने र गराउने चिकित्सकलाई समेत दण्डित हुने ऐनमा व्यवस्था छ, तर अझैसम्म यस्तो मुद्दामा कसैलाई पनि कारबाही गरिएको छैन । पुरुषवादी नेपाली समाजको धारण अझै कायम रहको कारण गर्भपतनले कानुनी मान्यता पाएपछि भ्रूण पहिचान गरेर छोरी भए गर्भपतन गराउने घुमाउरो बाटो प्रयोग हुन थालेको जानकारहरू बताउँछन् । भ्रूणको पहिचान गरेर

गर्भपतन गर्ने-गराउनेलाई ६ महिनादेखि २ वर्षसम्म जेल सजाय हुने व्यवस्था ऐनले गरेको छ ।

अस्पतालहरूमा डाक्टरहरूले सुरक्षित गर्भपतन सेवालाई पनि महत्त्वपूर्ण सेवाको रुपमा लिनुपर्ने धारणा प्रजनन स्वास्थ्यमा कार्यरत गैरसरकारी संस्था कृपाले गरेको सर्वेक्षणले देखाएको छ । राजधानीको प्रसूतिगृहमा गर्भपतन सेवा सञ्चालन हुँदै आए पनि अन्य केन्द्रीय अस्पतालहरूमा यो सेवा उपलब्ध छैन । देशभरि गर्भपतन सेवा नपुगेका कारण असुरक्षित गर्भपतनको सिकार ग्रामीण क्षेत्रका महिलाहरूले अझै भोगिरहेका छन् ।

अधिवक्ता मीरा ढुंगाना भन्छिन्, 'सर्वसुलभ र सहज गर्भपतन सेवा नभएका कारण १२ साता नाघेर गर्भपतन गराएको भन्दै अझै तेह्रजना महिलाहरू कारागारमा छन् ।' सरकारले ग्रामीण क्षेत्रका महिलाहरूलाई लक्षित गरेर गर्भपतनलाई कानुनी मान्यता दिएको भए पनि ग्रामीण भेगका जनताले यो सेवा अझै पाउन सकेका छैनन् । ढुंगाना भन्छिन्, 'गर्भपतनप्रतिको नकरात्मक सामाजिक संरचना, अशिक्षा लगायत चर्को शुल्कले गर्दा यो सेवा लक्षित महिलाहरूले उपभोग गर्न सकेका छैनन् ।'

गर्भपतन सेवा नेपाल परिवार नियोजन संघले मुलुकभर नौ स्थानमा सुरु गरेको छ । त्यसैगरी केही गैरसरकारी संस्थाहरूले पनि गर्भपतन सेवालाई जिल्लास्तरसम्म पुऱ्याउने अभियान संचालन गरेका छन्, तर अझै अधिकांश जिल्लामा यो सेवा पुग्न सकेको छैन । जसले गर्दा महिलाहरूमा अझै असुरक्षित गर्भपतनको मात्रा घट्न सकेको छैन । महिलाहरू अझै पनि लुकिछिपी असुरक्षित तथा अवैध गर्भपतन गर्न बाध्य पार्ने कुराहरूमा समाजको नकारात्मक धारणा, कानुन तथा सेवासम्बन्धी ज्ञानको अभाव, महँगो सेवा शुल्क, सेवामा पहुँच हुन नसक्नु, धर्मको कारण र दम्पत्तिबीच खुला छलफल नहुनु नै भएको कृपाले गरेको मत सर्वेक्षणले देखाएको छ । कतिपय सेवा पुगेका क्षेत्रमा पनि दक्ष जनशक्तिको अभावमा चुस्त सेवा लिन पाएका छैनन् ।

जिल्लास्तरका सरकारी अस्पतालहरूमा आवश्यक पूर्वाधारको विकास गरी गर्भपतन सेवाको विस्तार गरेर नियमित रुपमा सेवा संचालन गरिनुपर्ने साथै अनुमति प्राप्त अस्पतालहरूको बारेमा व्यापक प्रचार प्रसार गरिनुपर्ने आवश्यकता खट्किएको छ ।

## चर्को शुल्क

सरकारले ग्रामीण क्षेत्रका महिलाहरूको मातृमृत्युदर घटाउने लक्ष्य लिएर गर्भपतन सेवालाई कानुनी मान्यता दिए पनि अझै अधिकांश जिल्लामा यो सेवा पुग्न नसक्दा चर्को शुल्कमा यो सेवा लिन महिलाहरू बाध्य भएका छन् । कतिपय सेवा पुगेका क्षेत्रमा पनि चर्को शुल्कका कारण सेवा उपभोग गर्नबाट वञ्चित भएको यस क्षेत्रमा कार्यरतहरू बताउँछन् । सरकारले एक हजार रुपैयाँमा गर्भपतन सेवा दिनुपर्ने नीति बनाए पनि अधिकांश निजी अस्पतालहरूले अनियन्त्रितरुपमा शुल्क असुल्ने गरेका छन् । महिला कानुन तथा विकास मञ्चकी अध्यक्ष अधिवक्ता सपना प्रधान मल्ल भन्छिन्, 'गर्भपतन सेवा महिलाहरूको अधिकार भएकाले शुल्क तिरेर होइन, निःशुल्क गर्न पाउने व्यवस्था हुनुपर्छ ।'

कृपाले गत असोज-कात्तिकमा गर्भपतन सेवाका बारेमा गरेको सर्वेक्षणमा ९८ प्रतिशतले निजी क्षेत्रबाट संचालित अस्पताल तथा क्लिनिकहरूले लिने सेवा शुल्क अत्यधिक भएकाले त्यसलाई सरकारले नियन्त्रण गर्नु पर्ने बताएका छन् । डा. राजभण्डारी भन्छिन्, 'गर्भपतनलाई कानुनी मान्यता दिनुको लक्षित उद्देश्य नै ग्रामीण क्षेत्रका महिलाहरू भएकाले पनि सरकारले सहज र सुलभ गर्भपतन सेवा उपलब्ध गराउनुपर्छ ।' राजधानीको प्रसूतिगृहमा नौ सय रुपैयाँमा लिन सकिने यो सेवा क्लिनिक र निजी नर्सिङ होमहरूले दस हजार रुपैयाँसम्म लिने गरेका छन् ।

## दक्ष जनशक्तिको अभाव

गाउँमा चिकित्सकहरू नजाने प्रवृत्ति कायमै रहेकाले पनि गर्भपतन सेवा ग्रामीण क्षेत्रको पहुँचमा पुग्न सकेको छैन । असुरक्षित गर्भपतनको कारण वार्षिक सयौं महिलाले अझै अकालमा ज्यान गुमाउने गरेको तथ्यांकहरूले देखाएका छन् । गर्भपतनले कानुनी मान्यता पाए पनि दक्ष जनशक्तिको अभावमा यो सेवा सहज र चुस्त हुन सकेको छैन । ग्रामीण क्षेत्रमा चिकित्सकको अभाव हुने भएकाले सरकारले स्टाफ नर्सहरूलाई तालिम दिएर गर्भपतन गराउन स्वीकृति दिने नीति लिएको छ । डाक्टरहरूले सुरक्षित गर्भपतन सेवालाई पनि सुरक्षित मातृत्व जतिकै महत्त्व दिनु पर्ने विज्ञले बताएका छन् । प्रसूतिगृहकी कार्यकारी निर्देशक कस्तूरी मल्ल भन्छिन्, 'दक्ष जनशक्ति अभावलाई पूर्ति गर्नको लागि अहिले नर्सहरूलाई सुरक्षित गर्भपतनसम्बन्धी तालिम दिइरहेकाले केही समयपछि जनशक्तिको अभाव हुँदैन ।' जनशक्तिको अभावका कारण चिकित्सक बाहेकका अन्य स्वास्थ्यकर्मीले पनि यो सेवा दिँदै आएका छन् । ■



चिकित्सकसँग आफ्नो गर्भ परीक्षण गराउँदै एक महिला ।



घुम्टे महोत्सवमा नृत्य गर्दै युवतीहरू

# फर्कियो खुसी

■ ज्योति देवकोटा/बागलुङ (तस्बिरहरू : तेजबहादुर बस्नेत)

**आन्तरिक पर्यटनलाई आकर्षित गराउनका लागि गरिएको महोत्सवमा पाँच वर्षदेखि गुम्सिएको हाँसो प्रस्फुटित भयो । माओवादी समस्याबाट निसासिएका गल्कोटका सर्वसाधारण स्वतस्फुर्त खुसी मनाउन ओर्लिए, महोत्सवको बहाना बुनेर ।**

**बाह्रवर्षे जनयुद्धपछि** माओवादीले राजनीतिक मूलधारमा आउने निश्चित भएपछि आयोजना गरिएको घुम्टे महोत्सवले बागलुङ गल्कोटका सर्वसाधारणमा खुसीको चमक ल्यायो । एक सातासम्म चलेको घुम्टे महोत्सवमा आफ्नो आँगनबाहिर खुट्टा टेक्न बिर्सिसकेका बूढापाकाले समेत सक्रिय सहभागिता जनाए ।

गल्कोटको हरिचौरमा कार्यरत खेलकुद, संस्कृति तथा वातावरण संरक्षण समाजको सहयोगमा घुम्टे पर्यटन विकास तथा प्रवर्द्धन केन्द्रले धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाले सम्पन्न गलकोटमा महोत्सव गर्ने अवधारणा सार्वजनिक गरेको थियो । यसलाई सफल पार्न जुटेका गल्कोटेले महोत्सवको मौका पारेर यहाँका भौगोलिक, जैविक र कलासंस्कृतिको प्रचारमा मात्र लागेनन्, भेटघाट गर्ने अवसरको पर्खाइमा रहेकालाई समेत मौका जुराइदिए ।

'लोप हुन लागेको संस्कृति-सम्पदाको संरक्षण, प्राकृतिक जैविक तथा आन्तरिक र बाह्य पर्यटनको प्रवर्द्धन'को मूलनाराका साथ थालनी भएको महोत्सवले प्राकृतिक, जैविक र सांस्कृतिक सम्पदालाई मात्र समेटेन । प्राकृतिक र सांस्कृतिक सम्पदाले सम्पन्न हुँदा पनि मुलुकमा चलेका द्वन्द्वका कारण ओठमा हाँसो फुटाउन नसकेका गल्कोटेहरूका लागि महोत्सव खुसी पोख्ने थलो बन्यो ।

महोत्सवकै मौका छोपेर गल्कोट क्षेत्रका सबै स्कुल, कलेजसमेत एक साता लामो सार्वजनिक बिदा दिइयो । महोत्सवमा सबै तहतप्काका मानिसहरूको सक्रिय सहभागिता रहेको थियो । 'यो आन्तरिक विकासका लागि सक्रिय समाजको उदाहरण हो । हामीले महोत्सवबाट गरेको आशा पनि यही थियो', आयोजक समितिका सदस्य देवेन्द्र खत्री भन्छन् ।

२०५४ सालमा धौलागिरी अञ्चलमै ढोरपाटन महोत्सव गरिएको थियो । उतिखेर पनि गल्कोट



क्षेत्रको सम्भावना र महत्त्व दर्शाइएको थियो । 'गाउँमा बिग्रँदो परिस्थितिका कारण त्यो बेला गल्कोट महोत्सवको अवधारणा सफल हुन सकेन', तत्कालीन महोत्वसका संयोजक परि थापा बताउँछन् ।

आन्तरिक पर्यटनलाई आकर्षित गराउनका लागि गरिएको महोत्सवमा पाँच वर्षदेखि गुम्सिएको हाँसो प्रस्फुटित भयो । माओवादी समस्याबाट निसासिएका गल्कोटका सर्वसाधारण स्वतस्फुर्त खुसी मनाउन ओर्लिए, महोत्सवको बहाना बुनेर ।

गलकोटबाट २०२६ सालमा सदरमुकाम बागलुङ सारिएपछि पुरानो सदरमुकामका बासिन्दाको आवाजलाई वास्ता गर्न छोडेको तितो अनुभव सँगालेका छन्, गल्कोटवासीले । तैपनि कला, सम्पदा र संस्कृतिको जगेर्ना गर्न छाडेनन् । 'शान्ति आउन लागेका बेला यी सबै कुराको पहिचान होस् भनेर गल्कोटको मौलिक परिचय दिनु यो महोत्सवको मुख्य उद्देश्य हो', साताव्यापी घुम्टे महोत्सवका संयोजक लालबहादुर राना भन्छन् ।

गल्कोट क्षेत्र धौलागिरी अञ्चलकै कला, संस्कृति, धार्मिक र पौराणिक अस्तित्व बोकेको प्रमुख क्षेत्रका रुपमा गनिन्छ । द्वन्द्वताका स्थानीय कला र संस्कृति बचाइराख्न निकै जोखिम उठाउने जिल्लाको परिचय समेत भिरेको थियो बागलुङले ।

'द्वन्द्वबाट बचाएर राखिएको सम्पदाको कला संस्कृति, सम्पदा र ओझेलमा परेको प्राकृतिक रमणीयताको प्रचारका लागि पनि यो महोत्सवको जरुरी देख्यौं', संयोजक राना भन्छन् । तर, महोत्सवमा भएको बाक्लो उपस्थितिले ठूलै उत्सव बन्यो, घुम्टे महोत्सव ।

२०४६ पछि पहिलोपटक यति धेरै संख्यामा सर्वसाधारण उपस्थित भएर महोत्सवको आनन्द लागेको बताउँदै जनप्रतिनिधि परि थापा बताउँछन्, 'यसले जनता निसासिएका छन् र उनीहरू जमघट हुने र रमाइलो गर्ने खुला वातावरणको प्रतीक्षामा रहेको प्रमाणित गर्छ ।'

गल्कोट क्षेत्रमा मात्र रहेका बाह्रवटा गाविसको सहयोग र स्थानीयहरूको सक्रियताका कारण साताव्यापी महोत्सव सफल भएको बताउँदै थापा अगाडि भन्छन्, 'घुम्टे महोत्सवको उद्देश्य यहाँको संस्कृति बचाउने र स्थानीय पर्यटकलाई प्रोत्साहन गर्ने भए पनि लक्ष्य सर्वसाधारणले गुमाएको ओठको हाँसो फिर्ता ल्याएझैं भएको छ ।'

गल्कोटलाई मात्र तीनवटा निर्वाचन क्षेत्रमा बाँडेका कारण पर्वतको छेउमा रहेको सदरमुकाम बागलुङले यहाँको आवाज सुन्न छोडेको गुनासो छ, गल्कोटवासीको । तैपनि आफ्नो क्षेत्रको विकासमा आफैं संलग्न हुनुपर्ने अद्भुत नमुना पेस गर्न तल्लीन रहेका छन् ।

'२०५४ देखि विकासको गति रोकिएको थियो । अबको शान्ति माहोल बन्दै जाने हो भने गल्कोटले सदरमुकाम ताक्न पर्नेछैन', समाजसेवी दीर्घदत्त लोहनी भन्छन् । बाह्रवटा गाविस समेटेको गल्कोटमा राजनीतिक रुपले भने विखण्डित छ ।

एउटै भेकलाई तीनवटा निर्वाचन क्षेत्र बनाइएको छ । जसको कारण गल्कोटको पर्यटकीय सम्भावना समेत ओझेलमा परेको बताउँछन् उनी ।

बुर्जुवा शिक्षा सिकाएको आरोपमा धौलागिरी अञ्चलमै एसएलसीमा उत्कृष्ट नतिजा ल्याउँदै आएको बागलुङ गलकोटको मजुवा फाँटमा रहेको न्यु लाइफ बोर्डिङ स्कुल माओवादीले २०५८ सालमा बन्द गराए । त्यसपछि उक्त स्कुलमा अध्ययनरत झन्डै दुई हजार विद्यार्थीहरू पढ्नको लागि सहरतिर लागे । दार्जीलिङ र सिक्किमबाट पढाउन गल्कोट पुगेका शिक्षकहरू कुम्लो बाँधेर घरतिर फर्किए ।

त्यसपछि गल्कोटमा विकास गतिविधि ठप्पै भएको थियो । विदेशमा राम्रो पहुँच भएका यहाँका बासिन्दाहरू विदेशिने क्रम बढ्यो । सांस्कृतिक, आर्थिक, भौतिक रुपमै धनी मानिएको र पर्यटकीय सम्भावना प्रशस्त रहेको गल्कोट क्षेत्रको विकासमा अवरुद्ध बन्यो ।

माओवादीको अति प्रभावित क्षेत्रमा गनिन थालेपछि हटिया नजिकैको जामुनडाँडामा सेना आएर बस्यो । माओवादी र सेनाको दोहोरो चेपुवामा परेपछि सर्वसाधारणको ओठको हाँसो उड्दै गयो । यो क्रम पाँच वर्ष लगातार चल्यो गल्कोटमा । महोत्सव आयोजनापछि गल्कोटवासीले पहिलेको दिन फिरेको अनुभव गरेका छन् । उनीहरूको कामना छ - सशस्त्र द्वन्द्वको चक्रमा अब मुलुक नपरोस् । ■

## संस्कृतिको माया

लामो कपाल, कानमा टप अनि नेपाली लोकगीतमा झुम्दै गरेका युवाहरू । घुम्टे महोत्सवमा पुगेका नवागन्तुकका लागि आकर्षणका केन्द्रविन्दु बने यीँ दृश्य । धौलागिरी अञ्चलको विशेषतामा गनिने सालैजो, यानीमाया, सुनिमाया, नानी लै र सोरठीजस्ता लोप हुन लागेका भाका र गीतहरू गाउँदै महोत्सवलाई सफल बनाउन ओइरिएका युवा-युवतीहरूको आफ्नो संस्कृतिप्रति देखाएको मायाले त्यहाँ उपस्थित पुरानो पुस्तालाई समेत दंगदास तुल्यायो ।

गल्कोट क्षेत्रका बाह्रवटा गाविसहरूका युवाहरूको संस्कृतिप्रतिको माया त्यतिखेर देखियो जतिखेर दोहोरी गीत प्रतियोगितामा भाग लिन चौधवटा युवा जोडीहरूको भीड लाग्यो । 'हामीलाई खुसी लागेको छ, नयाँ पुस्ताले पनि संस्कृतिलाई माया गर्न छाडेको छैन', बागलुङमा लोकगीतको खोजीमा लागेका देवेन्द्र खत्री बताउँछन् ।

एक सातासम्म लगातार चलेको लोकगीतको वातावरण नै घुम्टे महोत्सवको आकर्षणको केन्द्र बन्यो । खेलकुद, दौड जस्ता विषयभन्दा युवाहरूबीच बढी लोकप्रिय बन्यो, लोकदोहोरीको माहोल ।

लोकगीतको क्षेत्रमा धौलागिरीले विशेष स्थान ओगट्ने गर्छ । सांस्कृतिक लय तथा भाकामा अग्रस्थान ओगट्ने गर्छ बागलुङले । नयाँ पुस्ताका युवायुवतीहरूले आफ्नो कला र संस्कृतिप्रति देखाएको मोह कदर गर्नलायक थियो ।



सांस्कृतिक घाटु नाच प्रस्तुत गर्दै एक युवती

ट्युववेलबाट तरकारी खेती सिँचाइ गर्दै किसान



तस्बिरहरू: पवित्र गुरुङ/एडिबी

# हरित खुसी

■ मधुसूदन पौडेल/विराटनगर

**लालबहादुर तामाङको** जीवनमा अहिले वहार छाएको छ। झापाको भित्री गाउँ घेराबारी नन्दीडाँडाका यी किसानले उनका सुख्खा खेतहरू सिंचित हुनेछन् भनेर कहिल्यै सोचेका थिएनन्। जेनतेन एक बाली धान लगाउँदा पनि 'फोगटा' लाग्ने खेत लटरम्म भुइँकटहरले भरिनेछ। वास्तवमा उनले नचिताएको उपलब्धि हात परेको छ, उनको पोल्टामा। लालबहादुर भन्छन्, 'सिँचाइले हामी गरिब किसानको जीवनमा खुसी भरिदिएको छ।'

आकाशेपानीको भरमा बल्लतल्ल धान रोपिने घेराबारीका यी डाँडेखेतमा तामाङ सहितका ६ किसानको समूहले ५ बिघा जमिनमा भुइँकटहर रोपेको छ। भर्खर पसाउँदै गरेका भुइँकटहरमा ती किसानको खुसी भरिएको छ।

एसियाली विकास बैंक (एडिबी), नेपाल सरकार र क्यानडाली सहयोग नियोग (सिडा)ले पूर्वी तराईका १२ जिल्लामा ६ वर्षअघि सुरु गरेको सामुदायिक भूमिगत जल सिँचाइ आयोजनाको उपलब्धि किसानका खेतमा देखा परेको छ, यति बेला। सुख्खा क्षेत्रमा लागू गरिएको यो परियोजनाले साँच्चै नै हरितक्रान्ति ल्याइदिएको छ, यस क्षेत्रमा।

घेराबारीका किसानका लागि भुइँकटहर थप आम्दानी हात पार्ने विकल्पका रुपमा प्रयोग गरिँदै छ। योभन्दा बढी यस क्षेत्रमा केराखेती फस्टाएको छ। स्थानीय किसान दुर्गा भण्डारीका अनुसार घेराबारीमा ६० बिघा जमिनमा मालभोग केरा फैलिएको छ। किसानले लगानीको कम्तीमा चारगुना बढी आम्दानी हात पारेका छन्। घेराबारी जल उपभोक्ता संस्थाका उपाध्यक्ष केदार ढकालका अनुसार यहाँ संचालनमा आएका ३५ वटा ट्युववेलबाट ३ सय ५० बिघा जमिन सिंचित भएको छ। यसै वर्षभित्र थप २५ वटा ट्युववेल जोड्ने योजना छ, उनीहरूको। विस्तार हुँदै गएको उखु, रबर, केरा र भुइँकटहर जस्ता नगदेबालीबाट किसानको जीवनस्तरमा उल्लेख्य सुधार हुँदै गएको छ।

साना सिँचाइबाट मोरङ डाँगीहाटका किसानले सबैभन्दा बढी फाइदा हात पारेका छन्। उनीहरूलाई साथ दिएको छ, बजारसम्म सहज पहुँच पुऱ्याउने राजमार्ग र खेती विविधीकरण गर्न सक्ने क्षमताले पनि। यहाँ ७ सय बिघा जमिनमा उन्नत केराखेती फैलिएको छ। यसबाट मात्रै वार्षिक १० करोड रुपैयाँको कारोवार हुने गरेको छ। किसान आफ्नो आर्थिक जीवनमा आएको सुधार निर्धक्कसाथ प्रस्तुत गर्छन्, 'हामीले एक बिघा जमिनमा लगाएको केराबाट डेढ लाख रुपैयाँ नाफा गरेका छौं।'

सडकवरपर फैलिएको साँच्चिकै रहरलाग्दो केराबारीले त्यहाँ पुग्ने जो कोहीलाई पनि मोहित बनाउँछ। मुख्य रुपमा एडिबीको आर्थिक सहयोगमा सुरु भएको भूमिगत सिँचाइ कार्यक्रमले किसानलाई स्थानीय वित्तीय संस्थाको ऋणमा ट्युववेल जोड्न प्रोत्साहन गर्छ र सँगै 'पकेट प्याकेज'हरू लागू गरिन्छन्। जसअनुसार यो कार्यक्रम लागू भएका केही ठाउँमा केरा खेती गरिएको छ भने केही ठाउँमा बेमौसमी तरकारी। स्थानीय अनुकूलताअनुसारका कार्यक्रममा किसानलाई सहयोग पुऱ्याइएको बताउँछन्, आयोजना निर्देशक मोतीबहादुर कुँवर। विकट गाउँका उत्पादनलाई बजारसम्म पुऱ्याउन निश्चित मापदण्डका आधारमा सडक संजाल विस्तार गरिएको छ भने किसानका लागि आवश्यक प्राविधिक जनशक्ति र उन्नत वीउ विजनको व्यवस्था पनि मिलाइएको छ।

मौलाउँदो केराखेतीसँगै डाँगीहाटका किसानमा पनि भुइँकटहर खेतीप्रतिको आकर्षण बढ्दो छ।

केराबाटभन्दा यो खेतीबाट थप आम्दानी प्राप्त गर्न सकिने यथार्थता बुझेका छन्, अधिकांश किसानले । कतिपय किसानले त केरा खेती विस्थापित गरी भुइँकटहर लगाउन पनि सुरु गरेका छन् । यसै अभियानमा सक्रिय पहलमान खड्का भन्छन्, 'भुइँकटहरमा जोखिम कम र आम्दानी बढी हुन्छ ।' आकाशेखेतीमा भर पर्नु पर्ने यस क्षेत्रमा विस्तार गरिएको साना सिँचाइले हरियाली छाएको छ ।

समुदायस्तरमा ट्युववेलको माध्यमबाट जमिनमुनिको पानी सिँचाइमा उपयोग गरी गरिब किसानको जीवनस्तरमा सुधार ल्याउनु यस आयोजनाको मुख्य उद्देश्य रहेको छ । जसका लागि थोरै जमिन हुने किसानलाई कार्यक्रमको क्षेत्रभित्र ओगटेर उनीहरूको आयमा वृद्धि गर्ने लक्ष्य कार्यान्वयनमा ल्याइएको छ । एडिबीका आयोजना कार्यान्वयन अधिकृत गोविन्द ज्ञवालीका अनुसार एक हेक्टरभन्दा कम जमिन भएका साना किसानलाई विनाधितो ऋण, बजार व्यवस्थापन र कृषि तालिमको व्यवस्था मिलाइएको छ । जसलाई 'सामुदायिक स्यालो ट्युववेल विकासमा आधारित गरिबी निवारण आयोजना भनिएको छ ।

साना सिँचाइको प्रभावकारी कार्यान्वयन भइरहेको छ, झापाको सतासीधाम, चारपाने र अर्जुनधारामा पनि । सतासीधाम जल उपभोक्ता संस्थाका अध्यक्ष इन्द्रप्रसाद प्रसाईका अनुसार यो गाविसमा ५३ वटा स्यालो ट्युववेल जोडिएका छन् र ९ सय बिघा जमिन सिंचित भएको छ । बेमौसमी तरकारी र गोलभेडा खेती फस्टाएको छ । किसानहरूले सस उद्योग पनि चलाएका छन् । सिँचाइले ल्याएको परिवर्तनलाई थप प्रभावकारी बनाउन उनीहरूले दुधेमा किसानलाई आवासीय सुविधाको तालिम केन्द्र निर्माण सुरु गरिएको छ । अर्जुनधारा र चारपानेमा जुसका लागि उपयोगी उखुखेती फस्टाएको छ । स्थानीय किसानका अनुसार यस क्षेत्रको २ सय २१ बिघा क्षेत्रफलमा उखुखेती फैलिएको छ । जसको मुख्य बजार काठमाडौं हो । यसअघि परम्परागत रुपमा रोपिँदै आएको धानखेतीसँग तुलना गर्दै किसान आफ्नो अनुभव सुनाउँछन्, 'उखुखेतीबाट धानको तुलनामा चारगुणा बढी आम्दानी हात परेको छ ।' यहाँका किसानले आफ्नै खेतमा प्रतिलाक्रा औसतमा १५ रुपैयाँमा उखु बिक्री गर्दै आएका छन्, जब कि ५ रुपैयाँमा बिक्री हुँदा पनि उनीहरूलाई धानबाटभन्दा दोब्बर आम्दानी हुने बताउँछन् किसानहरू । किसानहरू यत्तिमै चित्त बुझाउने पक्षमा छैनन् । उनीहरूले स्थानीय तहमै जुस उत्पादनका लागि एउटा उद्योग संचालनमा सहयोग पुऱ्याउन सरकार र दातासमक्ष आग्रह गरेका छन् ।

मोरङका रंगेली र बबिया बिर्ताका किसान पनि नगदेबालीमा केन्द्रित बनेका छन् । उनीहरूले नजिकको विराटनगर र आसपासका बजारमा आफ्ना उत्पादन बिक्री गर्दै आएका छन् । बबिया-३, बेतौनाझोडाका किसान रुद्रप्रसाद राजवंशी भन्छन्, 'बेमौसमी तरकारीबाट हामीले राम्रो आम्दानी हात पारेका छौं ।' उनले दुई बिघा जग्गामा बेमौसमी तरकारी लगाएका छन्, ट्युववेलको सिँचाइबाट । प्रतिकठ्ठा १५ हजार रुपैयाँ आम्दानी भएको अनुभव सुनाउँदै उनले ट्युववेल जोड्न लिएको ६० हजार रुपैयाँको पाँचवर्षे किस्ता तिर्न आफूलाई कुनै समस्या नभएको बताउँछन् । बेतौनाझोडाका केही किसानले पहिले सुख्खाग्रस्त खेतमा अहिले वासमती धान लहराएका पनि छन् । उनी भन्छन्, 'हिजो मरुभूमिजस्ता हाम्रा खेतमा आज हरियाली छाएको छ । हाम्रा लागि योभन्दा खुसीको कुरा के हुन सक्छ र ?'

आयोजनाअन्तर्गत झापामा १ हजार दुई सय ट्युववेल जोडिएका छन् र जसबाट ६ हजार एक सय ५० बिघा जमिन सिंचित भएको छ । त्यसैगरी मोरङमा ८ सय ट्युववेल जोडिएका छन् र २ हजार ९८ हेक्टर भूमि सिंचित गरिएको छ भने ३ हजार ६ सय परिवारले यसको फाइदा हात पारेका छन् । त्यस्तै सुनसरीमा ५ सय ९० वटा स्यालो ट्युववेलबाट २ हजार ३ सय ६० परिवार समेटिएका छन् । जसबाट २ हजार ६५ हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको छ ।

कस्तो छ आयोजना ?

सुख्खाग्रस्त क्षेत्रका गरिब किसानलाई सिँचाइ समेतको 'पकेट प्याकेज' कार्यक्रममार्फत गरिबी निवारण गर्ने उद्देश्यका साथ यो आयोजना समुदाय केन्द्रित अवधारणामा संचालन गरिएको छ । चितवनदेखि पूर्वी क्षेत्रका बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा, सप्तरी, सुनसरी, मोरङ र झापाका गरिब किसानले यसबाट फाइदा उठाएका छन् । १ करोड १० लाख अमेरिकी डलरमा संचालित यो आयोजना सन् २००० देखि कार्यान्वयनमा ल्याइएको थियो र २००७ को जुलाईमा यसको अवधि सकिँदै छ । सुरुमा यस आयोजनाका लागि दाताहरू ३ करोड डलर लगानी गर्न तयार भएकोमा कार्यान्वयन अवधिमा उक्त रकम खर्च गर्न नसकिने देखिएका कारण करिब २ करोड डलर रकमको सहयोग फिर्ता गरिएको थियो । एकातिर किसानका खेतहरूमा सिँचाइ पुऱ्याउन बाँकी नै छ भने अर्कोतर्फ दाताहरूबाट आएको सहयोगको रकम खर्च गर्न नसकी फिर्ता गर्नु पर्ने अवस्था छ । सहयोग उपयोग गर्न नसक्ने सरकारी अक्षमताको सिकार अन्ततः गरिब किसान बन्नु परेको छ । बाह्र जिल्लामा यस अवधिमा निर्धारण गरिएको लक्ष्य पनि पूरा हुन सकेको छैन । यस अवधिमा १५ हजार ट्युववेल जोड्ने लक्ष्य राखिएकोमा हालसम्म ७ हजार ट्युववेल संचालनमा आएका छन् । बाँकी ९ महिनाको अवधिमा ५ हजार ४ सय ट्युववेल जोड्ने कार्य पूरा हुने आयोजनाका निर्देशक कुँवर बताउँछन् । गरिब किसानका लागि केन्द्रित कार्यक्रम भएका कारण माओवादीले विकासका अधिकांश क्षेत्रमा अवरोध पुऱ्याउँदा पनि यो आयोजना कार्यान्वयनमा भने खासै अवरोध पुऱ्याएनन् । तैपनि, द्वन्द्वका कारण लक्ष्य प्राप्तिमा भने स्वभाविक असर परेको छ । एक लाख १० हजार परिवारका करिब साढे ५ लाख जनसंख्यालाई यस आयोजनाअन्तर्गत समेट्ने



# ग्रामीण बैंकको बेवास्ता

पूर्वाञ्चल ग्रामीण विकास बैंकले गरिबलाई बेवास्ता गरेको किसानले बताएका छन् । स्यालो ट्युववेल जडानका लागि किसानले ऋण माग्दा पूर्ण बेवास्ता गरेको र जसका कारण सरकारबाट लागू हुने 'पकेट प्याकेज' कार्यक्रमबाट वञ्चित हुनु परेको गुनासो उनीहरूको छ । गरिबको सेवाका लागि संचालनमा ल्याइएको यो बैंकले किसानलाई ऋण प्रवाहमा अनेकौं दुःख दिँदै आएको किसानहरू बताउँछन् ।

सामुदायिक भूमिगत जल सिँचाइ संस्था सुनसरीका अध्यक्ष शिवनारायण यादव भन्छन्, 'किसानले ट्युववेल जोड्न चाहन्छन्, तर ग्रामीण विकास बैंकले ऋण प्रवाहमा बेवास्ता गरिरहेको छ ।' यो बैंकबाट ऋण पाउनका लागि सबैभन्दा महत्त्वपूर्ण योग्यता गरिब हुनु हो, तर तिनै गरिब किसान भने बैंकबाट पीडित बनिरहेका छन् । बैंकले ऋण नदिएकै कारण मोरङको बबिया बिर्तामा आवश्यक संख्यामा ट्युववेल जोडिएनन् । जसका कारण उनीहरू सडक सुविधाबाट वञ्चित हुनु पऱ्यो । आयोजनाले पचासवटा ट्युववेल पुऱ्याएपछि ग्रामीण सडक र पुल निर्माण गर्ने आधार बनाएको थियो । बबिया बिर्ताका किसान भन्छन्, 'ग्रामीण बैंकले ऋण नदिएका कारण नै हामी अन्य सुविधाबाट वञ्चित हुनु परेको छ ।'

ऋण प्रक्रिया सुरु गरेपछि पनि ऋण स्वीकृतिका लागि एक वर्षसम्म लगाइदिने गरेको र ट्युववेल लगायतका सामग्री बैंकका कर्मचारीले भनेकै पसलबाट खरिद गर्न बाध्य पार्ने गरेको दुखेसो पनि किसानको छ । यसरी निश्चित पसलबाट किसानलाई सामान खरिद गर्न लगाएर बैंकका कर्मचारीले कमिसन खाने गरेको आशंका गरिएको छ । 'नत्र भने किन त्यही पसलबाट सामान किन्न बाध्य पार्छन् हामीलाई', किसानको एउटै आवाज छ । बैंकका कार्यकारी निर्देशक श्याम योगी भने आयोजनासँग समन्वयन हुन नसक्दा ऋण प्रवाहमा समस्या आएको बताउँछन् । स्थानीय गैरसरकारी संथाहरूले ऋण असुली गरी बैंकमा पुऱ्याउने वाचाविपरीत लगानी गरिएको ऋणको असुलीमा समस्या आएको दाबी उनको छ । तर, बैंक अवधारणाअनुसार किसानका लागि आवश्यक लगानीका क्षेत्र पहिचान गर्ने, विनाधितो ऋण दिने र असुलीको काम बैंक आफैंले गाउँमा पुगेर गर्नु पर्छ । तर, सरकार अन्य दाताहरूले लगानीको वातावरण तयार पारिदिँदा पनि बैंकले अनेक बहाना बनाएर किसानलाई समस्यामा पार्दै आएको छ ।

चरम राजनीतिकरण, संस्थागत अनुशासनको कमी र गरिबका घरमा पुगेका काम गर्ने उत्साहको साटो जागिरे मानसिकताका कारण पूर्वाञ्चल ग्रामीण विकास बैंकले किसानको विश्वास गुमाउँदै गएको छ । यस क्षेत्रमा साना सिँचाइमा लगानी गर्दै आएका सहारा, डिप्रोस र अन्य सहकारीहरूको क्षेत्रभित्र रहेका किसानलाई भने ऋण लिन समस्या परेको छैन । ■

लक्ष्य राखिएको छ । आयोजना सकिन ९ महिना मात्रै बाँकी रहे पनि यस क्षेत्रका किसान आयोजनाको अवधि बढाइनुपर्नेमा एक मत छन् । यसका लागि उनीहरूले सरकार र दाताहरूसँग आग्रह गरिरहेका छन् ।

साना सिँचाइमा किसानलाई थप प्रोत्साहित गर्न सरकारले ग्रामीण विद्युतीकरण कार्यक्रमलाई प्राथमिकता दिनु पर्ने आवश्यकता देखिएको छ । किनभने किसान अहिले विद्युत्को अभावमा डिजेलबाट ट्युववेल संचालन गर्न बाध्य छन्, जसबाट उनीहरूको लागत महँगो पर्दै गएको छ । सरकारले ग्रामीण विद्युतीकरणको सुविधा उपलब्ध गराउन सरकारसमक्ष आग्रह गरेका छन् ।

## सामाजिक परिवर्तन

साना सिँचाइ आयोजनाले प्रत्यक्ष रुपमा सामाजिक जीवनमा परिवर्तन ल्याइदिएको छ । सतासीधामकी महिला किसान निमा भट्टराई भन्छिन्, 'हिजो पुरुषहरू बजारमा गफ गरेर वा तास खेलेर दिन बिताउँथे, तर आज उनीहरू दिनभर उत्पादन बढाउन र बजार प्रवर्धनमा केन्द्रित बनेका छन् ।' वास्तवमा आम्दानी वृद्धिले मानिसको जीवनशैलीमा ठूलो परिवर्तन ल्याइदिन्छ । यसबाट शिक्षा, स्वास्थ्य र खानपिनमा पनि परिवर्तन आउँछ । सामुदायिक भूमिगत जल सिँचाइ संस्था मोरङकी कोषाध्यक्ष मीना कार्की भन्छिन्, 'जुन ठाउँका किसानले राम्रो आम्दानी हात पारेका छन्, उनीहरू आफ्ना सन्ततिको भविष्य सुधार्ने अभियानमा पनि जुटेका छन् ।' बबिया बिर्ताका रुद्रप्रसाद राजवंशी यसका उदाहरण हुन् । उनले गाउँमै पढ्दै गरेकी छोरीलाई विराटनगरको बोर्डिङ स्कुलमा पढाउन थालेका छन् र आफूसँगै रहेकी सानी छोरीलाई पनि गाउँकै बोर्डिङमा पढाएका छन् । उनी भन्छन्, 'बेमौसमी तरकारीखेतीबाट आम्दानी गर्न नसकेको भए मैले छोरीहरू बोर्डिङमा पढाउन सक्ने थिइनँ ।' स्थानीय समूहहरूमा महिला प्राथमिकतामा परेका छन् । उनीहरूले बाहिरी दुनियाँ नियाल्न पाएका छन् यसैको माध्यमबाट । कोषाध्यक्ष कार्की भन्छिन्, 'कतिपय ठाउँमा महिलाहरू मात्रै रहेका समूहहरू कार्यरत छन् ।' सतासीधाममा महिलाले चलाएको सहकारीले यसको पुष्टि गरेको छ । 'सतासीधाम महिला कृषि सहकारी लिमिटेड तथा महुरी पालन स्रोतकेन्द्र'मार्फत महिलाहरूले मह उत्पादन गरी राम्रो आम्दानी गरेका छन् भने स्थानीय तहमा घरेलु उद्योग संचालनका लागि पनि उनीहरू सक्रिय छन् । बाहिरी मानिससँग राम्रोसँग बोल्न नसक्ने यस क्षेत्रका किसान अहिले सरकारी अधिकारी र दाताहरूलाई पनि प्रस्ट रुपमा आफूहरूको छनोटअनुसारका योजना लागू गर्नु पर्ने कुरा निर्धक्कसँग भन्न सक्ने अवस्थामा पुगेका छन् । जसका कारण लागू गरिएका कार्यक्रमबाट सरकार पछि हट्दा उनीहरू आफैं ती कार्यक्रम संचालन गर्न सक्ने हैसियत बनाएका छन् । यसले दिगो विकासको आधार देखाइदिएको छ । ■



मोरङ डाँगीहाटका सुख्खा भूमि अहिले केराले भरिएका छन्

## एपेक्स अल्टिमा




**एसियन पेन्ट्स** नेपाल प्रालिले एपेक्स अल्टिमा बजारमा ल्याएको छ। नेपालमा पहिलोपटक सात वर्षको वारेन्टीसहित उपलब्ध गराइएको कम्पनीले जनाएको छ। एपेक्स अल्टिमामा उच्चस्तरीय तत्त्व रहेको र यसले भित्तामा कालो धब्बा लाग्नबाट बचाउने दाबी गरिएको छ।

एपेक्स अल्टिमाका रङहरू विभिन्न रङमा पनि उपलब्ध छन्, जसमा गाढा र हल्का रङ दुवै सम्मिलित छन्। यिनमा धुलोरहित बनाउने प्रक्रिया पनि छ, जसले भित्तामा धुलो रहन नदिई वातावरणलाई सफा बनाउन मद्दत गर्छ। जुनसुकै मौसममा पनि एपेक्स अल्टिमाले घरलाई सुरक्षित राख्ने दाबी कम्पनीको छ।

## मल्ली ब्रदर्सलाई पिकान्टो कार

**कन्टिनेन्टल ट्रेडिङ** इन्टरप्राइजेजले पिकान्टो कार बिक्रीका लागि मल्ली ब्रदर्सलाई 'एक्सक्युसिप डिलरसिप' प्रदान गरेको छ। किया मोटर्स कर्पोरेसन कोरियाबाट उत्पादित सुविधाजनक उक्त कार अब नेपाली उपभोक्ताले पनि उपयोग गर्न पाउनेछन्। मंसिर ४ गते राजधानीको थापाथलीमा मल्ली ब्रदर्सले औपचारिक रुपमा सोरुमको उद्घाटन गरेको थियो। १०८६ सिसिको इन्जिन रहेको उक्त कार अहिले तीनवटा मोडेलमा बजारमा आएको छ। यसको मूल्य १३ लाख ५५ हजारदेखि १५ लाख ९९ हजार रुपैयाँसम्म कायम गरिएको छ। सानो आकारको आकर्षक यो कारमा पाँचजनासम्म सुविधापूर्ण रुपमा बस्न सकिनेछ। एयर कन्डिसनर, पावर स्टेरिङ, डबल फोल्डिङ सिट, दुई गेयर बक्स र लगेज नेट लगायतका सुविधा कारमा रहेका छन्। इन्टरप्राइजेजका अनुसार उक्त कारको बिक्रीपछिको सुविधा उपभोक्ताले आवश्यकताअनुसार सम्बन्धित ठाउँमै लिन सक्नेछन्, जसका लागि मोबाइल वर्कसपको अवधारणा अगाडि सारिएको छ। कार खरिदका लागि एक्सचेन्ज र फाइनान्सको सुविधा पनि उपलब्ध गराइएको छ।

## कुमारी बैंकको उपहार

**कुमारी बैंकले** संचालन गरेको 'बैंकका ब्यालेन्स हातमा घर' उपहार योजनाअन्तर्गत ज्ञानेश्वरका इन्द्रबहादुर बस्न्यातले हात पारेका छन्। उनले मासिक साधारण उपहार योजनाअन्तर्गत उक्त उपहार जितेका हुन्। सुपर सेभिङ योजनाअन्तर्गत एडभान्टेज प्लसतर्फ प्रदीपकुमार राजभण्डारीले नगद २० हजरा रुपैयाँ र आङ दोर्जे शेर्पा र पुनम गोयलले सुनको सिक्का उपहार पाएका छन्। खातामा न्यूनतम २५ हजार रुपैयाँको ब्यालेन्समा बैंकले ग्राहकलाई घर उपहार दिने योजना कार्यान्वयन गरिरहेको छ।

## कस्मिक एक्सचेन्ज मेला



**नेपालको प्रथम** मोटरसाइकल उत्पादक कस्मिक मोटरसाइकल म्यानुफ्याक्चरिङ कम्पनी प्रालिले मोटरसाइकलप्रेमीहरूको लागि 'कस्मिक एक्सचेन्ज' मेला सम्पन्न गरेको छ। मंसिर १-३ मा आयोजना गरिएको उक्त मेलामा विविध सुविधा उपलब्ध गराइएको थियो।

प्रज्ञाप्रतिष्ठानको प्रांगणमा नै 'स्पोट एक्सचेन्ज', 'स्पोट फाइनान्सिङ', निःशुल्क मर्मत र 'टेस्ट राइड'को सुविधा उपलब्ध गराइएको थियो। यसमा उपभोक्ताले पुरस्कार पनि हात पारेका छन्।

## औषधी उत्पादनमा इल्डर युनिभर्सल

**नेपालमा औषधीको** आवश्यकता पूरा गर्न इल्डर युनिभर्सल फार्मास्युटिकल प्रालिले विभिन्न औषधी उत्पादन गरेको छ। यसै साता राजधानीमा आयोजित कार्यक्रममा कम्पनीका अध्यक्ष नूरप्रताप राणाले आफ्ना उत्पादनलाई देशव्यापी पुऱ्याइने जानकारी दिएका छन्। भारतको ख्यातिप्राप्त औषधी उत्पादक कम्पनी इल्डर फार्मास्युटिकसँग नेपालको व्यवसायिक घराना युनिभर्सलले संयुक्त रुपमा उक्त कम्पनी सञ्चालन गरेका छन्। कम्पनीका अनुसार पहिलो चरणमा ११ प्रकारका पेनिसिलिन तथा १८ प्रकारका सेफालोस्पोरिन बजारमा ल्याइएको छ। नेपालमा औषधीको आवश्यकता पूर्तिका लागि गुणस्तरीय औषधी उत्पादन गरिने जानकारी पनि सो अवसरमा दिइएको थियो। नेपालभरि बजार प्रवर्धनका लागि पाँच दर्जन वितरकहरू परिचालन गर्ने योजना बनाइएको छ। नेपालमा उत्पादित औषधी अन्तर्राष्ट्रिय बजारमा समेत पुऱ्याउने लक्ष्य कम्पनीले राखेको छ। कार्यक्रममा नेपालमा स्थापित औषधी कम्पनीहरूले एकै प्रकारको औषधी उत्पादन गरी एकापसमा प्रतिस्पर्धा गर्नुको सट्टा नयाँ उत्पादनमा ध्यान दिनु पर्ने सुझाव कम्पनीलाई दिइएको छ। औषधीको उत्पादनमा अत्याधुनिक प्रविधि प्रयोग गरिएको छ।

## एभरेस्ट बैंकमा जसपाल



**एभरेस्ट बैंक** लिमिटेडमा जसपाल सिङ जस कार्यकारी निर्देशकमा नियुक्त भएका छन्। जसले पञ्जाव नेसनल बैंकका विभिन्न शाखाहरूमा ३० वर्षभन्दा बढीको बैंकिङ अनुभव हासिल गरेका छन्। एभरेस्ट बैंकको उक्त जिम्मेवारी सम्हाल्नुअघि उनी पञ्जाव नेसनल बैंकको जम्मु कश्मीर क्षेत्रीय कार्यालयका प्रबन्धका रुपमा कार्यरत थिए। त्यसअघि उनले क्षेत्रीय ग्रामीण बैंक अम्बलाको अध्यक्ष पद सम्हालिसकेका छन्। उनको नेतृत्वमा एभरेस्ट बैंकले थप प्रगति हासिल गर्ने विश्वास बैंकले लिएको छ।



# फसे राजेन्द्र

**धावक राजेन्द्र भण्डारीको** डोपिङ प्रकरणमा नेपाल-जर्मनी एथ्लेटिक्स विकास परियोजनाका डाइरेक्टर गुन्टर लागेको हात भएको निष्कर्ष निकाल्दै छानबिन समितिले प्रशिक्षकद्वय नारायण प्रधान र सुशीलनरसिंह राणालाई विभागीय कारबाही गर्न राष्ट्रिय खेलकुद परिषद् (राखेप)समक्ष सिफारिस गरेको छ ।

परियोजना सञ्चालन हुँदा जर्मन प्रशिक्षक लागेले नेपाली धावकहरूमाथि अनुसन्धान गरेको र त्यसलाई तत्कालीन सदस्य-सचिव किशोरबहादुर सिंहले मौन स्वीकृति दिएको ठहर समितिले निकालेको छ ।

गत भदौमा श्रीलंकाको राजधानी कोलम्बोमा आयोजित दसौं दक्षिण एसियाली खेलकुद (साग) प्रतियोगितामा दोहोरो स्वर्ण पदक जितेका धावक भण्डारी डोपिङमा मुछिएपछि राखेपले असोज ६ गते परिषद्का उपाध्यक्ष सीताराम मास्केको संयोजकत्वमा सात सदस्यीय छानबिन समिति गठन गरेको थियो । समितिले एक महिना २१ दिन लामो अनुसन्धानपछि कात्तिक २७ गते राखेपलाई प्रतिवेदन बुझाएको थियो । अट्ठाइस पेज लामो प्रतिवेदनमा धावक भण्डारी स्वयंले जानाजान शक्तिवर्द्धक औषधी सेवन नगरेको तर, यसमा लागे, प्रधान र राणाको संलग्नता रहेको बताइएको छ । तत्कालीन सदस्य-सचिव किशोरबहादुर सिंहको पनि यसमा समर्थन रहेको प्रतिवेदनमा उल्लेख छ । प्रशिक्षक राणाको संलग्नतालाई छानबिन समितिले गम्भीरताका साथ लिएको बताएको छ ।

'वयानका क्रममा राणा र लागेको सम्बन्ध निकट रहेको पाइयो । औषधी उपलब्ध गराउने सम्बन्धमा लागेले सबैभन्दा बढी राणालाई नै विश्वास गरेको पाइयो', छानबिन समितिका एक सदस्यले आफ्नो नाम उल्लेख नगर्ने सर्तमा *समय*लाई बताए । उनले छानबिन समितिले राणासँग पहिलो वयान लिँदा राणाले नेपाल-जर्मनी एथ्लेटिक्स विकास परियोजनाको साँचो आफूसँग रहेको र साँचो खोल्ने सहमति गरे पनि भोलिपल्टै जर्मनेली दूतावास गएर छानबिन समितिको बारेमा नचाहिँदो कुरा गर्दै साँचो दूतावासमा छोडेर आएको बताउँदै भने - डोपिङ प्रकरणमा समावेश थिएनन् भने यिनले दूतावासलाई उचाल्नु पर्ने कुनै कारण नै थिएन ।

अनुसन्धानका क्रममा समितिले धावक भण्डारीसहित प्रशिक्षकद्वय प्रधान र राणाको वयान दोहोऱ्याएर लिएको छ । आफ्नो पहिलो वयानमा प्रशिक्षक राणाले जर्मन प्रशिक्षक लागेको बचाउ गर्न खोजे पनि दोस्रो वयानमा लागेले नेपाली खेलाडीहरूमाथि अनुसन्धान गरेको स्विकारेका छन् । उनले खेलाडीले प्रयोग गरेको कतिपय औषधी लागेले नै उपलब्ध गराएको र उनैको निर्देशनअनुसार आफूहरूले खेलाडीलाई उपलब्ध गराउने गरेको रहस्योद्घाटन गरेका छन् ।

नेपाली एथ्लेटिक्स प्रशिक्षक र रेफ्रीहरूलाई मात्र तालिम दिने उद्देश्यले लागे तीन वर्षअघि नेपाल आएका थिए । तर, पछि खेलकुदमा बढ्दो राजनीतिका कारण तत्कालीन सदस्य-सचिव किशोरबहादुर सिंहको सहयोगले प्रशिक्षक र रेफ्रीहरूलाई तालिम दिन आफूलाई केन्द्रित राख्नेभन्दा पनि नेपाली एथ्लेटिक्स खेलाडीहरूलाई तालिम दिन सुरु गरेका थिए । दसौं सागको तयारीको जिम्मा पनि परिषद्ले उनलाई नै सुम्पिएको थियो । प्रमुख प्रशिक्षक प्रधान र तत्कालीन सदस्य-सचिव किशोरबहादुर सिंहले आफ्नो मातहतमा स्थापना गरेको नेपाल एथ्लेटिक्स संघको महासचिव पनि बनेका प्रशिक्षक राणालाई खेलाडीहरूलाई औषधी उपलब्ध गराउन लागेले प्रयोग गरेको निष्कर्ष पनि समितिले निकालेको छ ।

प्रतिवेदनमा दसौं सागमा रजत जित्न सफल कान्छीमाया कोजूले आफूहरूलाई नाम थाहा नभएको औषधी खुवाउने गरेको उल्लेख गरेकी छन् । उनले तयारीका क्रममा कान चिरेर आफ्नो रगत लिने गरेको समितिलाई वयान दिएकी छन् ।

छानबिनको क्रममा पदक जित्ने सम्भावना बोकेका खेलाडीहरूमा औषधीको प्रयोग अधिक भएको खुलासा भएको छ । यसैगरी खेलाडीहरूको स्वास्थ्य परीक्षण गर्ने सवालमा लागेले खेलकुद परिषद्मा आबद्ध चिकित्सकहरूलाई नगराएर आफ्नै चिकित्सक श्रीमती देवी लागेकोमा गराउँदै आएको र त्यसमा तत्कालीन सदस्य-सचिव सिंहले मौन स्वीकृति दिएको जनाइएको छ ।

लागे विदेशी कूटनीतिक नियोगका व्यक्ति भएको हुँदा उनलाई कारबाही गर्ने सम्बन्धमा राखेप मौन देखिए पनि प्रतिवेदनबारे जर्मनेली दूतावासलाई जानकारी गराइएको सदस्य-सचिव जीवनराम श्रेष्ठले *समय*लाई बताए । 'हामीले छानबिनको प्रतिवेदन दूतावासलाई उपलब्ध गराइसकेका छौं', सदस्य-सचिव श्रेष्ठले *समय*सँग भने । परिषद्ले यसै साता धावक भण्डारीको छानबिन प्रतिवेदन सार्वजनिक गर्ने बताएको छ । तर, प्रतिवेदनले ठहऱ्याएका आरोपीहरूलाई के-कस्तो कारबाही हुन्छ भन्ने सम्बन्धमा परिषद् अहिलेसम्म मौन छ । खेलकुदमा डोपिङसम्बन्धी मुद्दामा कारबाही गर्ने कानुन छैन । त्यसैले परिषद्लाई दोषीमाथि कारबाही गर्न गाह्रो परिरहेको छ । परिषद् स्रोतका अनुसार यो काण्डमा संलग्न देखिएका पूर्व सदस्य-सचिव किशोरबहादुर सिंहको नाम सार्वजनिक गरिनेछ भने परिषद्कै कर्मचारी रहेका प्रशिक्षकद्वय नारायण प्रधान र सुशीलनरसिंह राणालाई अनुशासनसम्बन्धी परिषद्को नियमअनुसार कारबाही हुनेछ । राजेन्द्रको हकमा उनले अन्तर्राष्ट्रियस्तरमै दुई वर्ष प्रतिबन्ध भोल्नु पर्ने र दसौं सागमा जितेको दोहोरो स्वर्ण गुमाएको सन्दर्भमा राखेपले अरू खेलाडीहरूलाई डोपिङबाट सचेत गराउन नजिरको रुपमा राजेन्द्रलाई एक वर्ष राष्ट्रिय प्रतियोगिताहरूमा सहभागी हुन नपाउने गरी प्रतिबन्ध लगाउन सक्ने सम्भावना रहेको छ ।

■ **नवीन अर्याल/काठमाडौं**



# दूतावासलाई उपाधि

**यस वर्षको** सोल्टी सुपर सिक्सको उपाधि भारतीय दूतावासले जितेको छ। कीर्तिपुरको अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा मंसिर ३ गते भएको फाइनलमा कुमारी बैंकलाई चार विकेटले हराएको भारतीय दूतावास चौथोपल्ट सोल्टी सुपर सिक्सको विजेता बनेको हो ।

विगत आठ वर्षदेखि सोल्टी होटलले आयोजना गर्दै आइरहेको यो प्रतियोगिता विभिन्न कर्पोरेट हाउसहरूमा काम गर्ने कर्मचारीहरूका लागि सबैभन्दा ठूलो र रमाइलो क्रिकेट प्रतियोगिताको रुपमा चिनिन्छ ।

अन्य वर्षको तुलनामा दुई दिन थप गरी पाँच दिन खेलाइएको यो प्रतियोगिता कुमारी बैंकका लागि विशेषतः नमिठो रह्यो । गत वर्ष फाइनलमा पुगेर आयोजक सोल्टी क्राउन प्लाजासँग अन्तिम बलमा पराजित हुन पुगेको कुमारी बैंक यसपालि पनि अन्तिम बलमै भारतीय दूतावाससँग हार्न पुग्यो । विशेषतः यसपालिको प्रतियोगिता पूर्वाञ्चलका पूर्व राष्ट्रिय अलराउन्डर कुमारी बैंकका सन्तोष राठीका लागि तितो अनुभव बन्यो । गत वर्ष उनकै अन्तिम बलमा छक्का हिर्काउँदै सोल्टीले उपाधि जितेको थियो भने यसपालि दूतावासका राजेश चौहानले अन्तिम बलमा आवश्यक चौका प्रहार गर्दै कुमारी बैंकबाट उपाधि खोसे ।

कुमारी बैंक र भारतीय दूतावासबीचको फाइनलमा दूतावासले ६२ रनको चुनौती पाएको थियो । यसपालि कान्तिपुर पब्लिकेसन, भारतीय दूतावास, कुमारी बैंक र हिमालयन बैंक सेमिफाइनलसम्म पुग्न सफल भएका थिए । भारतीय दूतावासले सेमिफाइनलमा कान्तिपुरलाई पाँच विकेटले पराजित गरेको थियो । यस्तै, कुमारी बैंकले हिमालयन बैंकलाई चार रनले हराएको थियो ।

प्रतियोगितामा कान्तिपुरका प्रवीण कर्ण उत्कृष्ट बलर, हिमालयन बैंकका रोहित शर्मा उत्कृष्ट ब्याट्सम्यान र कुमारी बैंकका मञ्जय पाण्डे प्रतियोगिताकै उत्कृष्ट खेलाडी घोषित भएका थिए । यसपालि प्रतियोगितामा २० कर्पोरेट हाउस तथा कूटनीतिक नियोगको सहभागिता थियो । ■

# दावाको सान



दावा शेर्पाले मलेसियन ओपन प्रोएम-२००७ मा सहभागिता जनाउने पक्का भएको छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नजिकै शाही नेपाल गल्फ क्लबमा भएको काल्सवर्ग क्लासिक गल्फ प्रतियोगिताको उपाधि आफ्नो पक्षमा पार्ने क्रममा दावाले आगामी वर्ष मलेसियामा हुने मलेसियन ओपन प्रोएमका लागि आफूलाई योग्य ठह-याएका हुन् । 'यो उपाधिले उत्साहित भएको छु । मेरो लक्ष्य मलेसियामा राम्रो प्रदर्शन गर्ने हुनेछ', दावाले *समय*सँग भने । मंसिर २ गते ३७ अंकपछि खेल्न सुरु गरेका दावाले गोपाल चित्रकार र मेजर जनरल ओम पुनलाई काउन्टब्याकमा पछि पार्दै उपाधि जिते ।

स्टेबलफोर्ड ७/८ ह्यान्डिक्यापको आधारमा खेलाइएको यस प्रतियोगितामा कुल ९६ खेलाडी सहभागी थिए, जसमा १२ महिला खेलाडी सम्मिलित थिए । प्रतियोगितामा धरानबाट तीन र पोखराबाट एक खेलाडीको पनि सहभागिता थियो । प्रतियोगितामा कुल चौध विधामा पुरस्कार राखिएको थियो, जसमा काउन्टब्याकमा गोपाल चित्रकार दोस्रो र ओम पुन तेस्रो भए । टासी घलेले बेस्ट ग्रोस र मोस्ट बडीको उपाधि जिते । कल्पना लिम्बूलाई सात अंकले पछि छोड्दै स्वस्तिका श्रेष्ठले महिलातर्फको उपाधि जितिन् ।

# वाद, विचार र अनुभवको 'फ्युजन' आवश्यक

**लाखौं जनतालाई चेतना छर्ने सर्जक सजिलै कुनै तस्कर वा विवादास्पद व्यक्तिको तलुवा चाट्न पुगेका देखेर एउटा ठूलो पंक्ति प्रजातान्त्रिक धारबाटै निरास भयो । अर्को पंक्ति भने त्यस्ता व्यक्तिलाई पुरानै ढर्रामा सम्मान गरिरहन थाल्यो ।**

■ पदम गौतम

**नेपालमा साहित्यकार** भन्नेबित्तिकै समाजले यौटा विचित्रको बिम्ब आफ्नो मस्तिष्कमा ल्याउँछ । फुस्स दाह्री पालेको, मैलो र पुरानो कपडा लगाएको, अरूका कुरा नसुन्ने, राजनीति र अन्य विषयमा नबोल्ने, वैचारिक नपुंसक तथा मान्छे भेट्नेबित्तिकै कविताको पोको फुकाउने व्यक्तिको बिम्ब जनमानसमा स्थापित भएको छ । तर, राज्यमा राजनीतिक र सामाजिक सोचमा भएको परिवर्तनसँगै साहित्यकला, संगीत र समग्र सांस्कृतिक क्षेत्रको मूलधार नै फेरिन खोज्दै छ ।

सिंगो समाजको स्तरभन्दा कुनै पनि सामाजिक क्षेत्रको व्यक्तिको स्तर खासै फरक नहुनु स्वभाविक नै हो, तर साहित्य र साहित्यकारको ऊर्जा एवं प्रयत्नलाई समाजको अग्रगामी रुपान्तरणका लागि प्रयोग गर्ने काम न त राजनीतिक नेतृत्वले गर्‍यो, न त साहित्यका हस्तीहरूले नै त्यसतर्फ प्रयत्न गरे । निकटविगतका तिता घटनालाई अहिलेसम्म स्मरण गर्नुपर्ने हुन्छ । नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका उपकुलपति डा. वासुदेव त्रिपाठीले अहिलेसम्म सरकारलाई नटेरेर राजीनामा नदिईकन बसेका छन् । उनले विगतको व्यवस्थाको मात्र प्रतिनिधित्व गर्दैनन् कि त्यसभन्दा अगाडिको पञ्चायतकालको मानसिकताको प्रतिनिधित्व गर्छन् । साहित्यकारले राजनीति गर्नु हुँदैन भन्ने मान्यता स्थापित गरेर राज्य संयन्त्र सञ्चालक र दरबारियाहरूलाई फाइदा पुर्‍याउने रणनीति अब असफल हुने त छ नै त्यसका साथसाथै अहिलेसम्मका वाद, मान्यता, विचार र हाम्रा अनुभवहरूको राजनीतिमा जस्तै 'फ्युजन'को जरुरी भइसकेको छ ।

साहित्य भनेको समाजका ठूलाठालुको चाकडी गर्ने माध्यम हो भनी ठान्ने साहित्यकारलाई राज्यले विगतमा प्रश्रय दिनु नौलो कुरा होइन । नेपालमा प्रजातन्त्रको पुनःस्थापनापछिको करिब डेढ दशकको प्रजातान्त्रिक समाजमा पनि साहित्यकारहरूबाट दास चिन्तनलाई निरन्तरता दिने काम भए । राज्यसत्ताले तावेदार बनाउन खोज्दा साहित्यको महत्त्व र गरिमा बिर्सिएर जनविरोधी क्रियाकलापमा अग्रज साहित्यकारहरू लाग्नाले उनीहरूलाई आदर्श मानिरहेको पछिल्लो पुस्ता निरास बन्यो । पछिल्लो पुस्ताले के बुझ्यो भने, दल विभाजन सँगसँगै साहित्यिक संस्थाहरू विभाजन गर्नुपर्ने रहेछ, भयो पनि त्यस्तै । लाखौं जनतालाई चेतना छर्ने सर्जक सजिलै कुनै तस्कर वा विवादास्पद व्यक्तिको तलुवा चाट्न पुगेका देखेर एउटा ठूलो पंक्ति प्रजातान्त्रिक धारबाटै निरास भयो । अर्को पंक्ति भने त्यस्ता व्यक्तिलाई पुरानै ढर्रामा सम्मान गरिरहन थाल्यो । उनीहरूले पनि आफ्नो आम्दानी, व्यवहार र विचारबारे समाजलाई प्रस्ट पार्न जरुरी ठानेनन् । उनीहरूका दलले पनि यसो गर्नु जरुरी ठानेनन् र सम्बद्ध साहित्यिक र सांस्कृतिक फाँटको नेतृत्व पनि स्तुति मात्र गाइरहयो वा निरास बनेर पलायन भयो । साहित्यकारहरू दलका लेखनदास र कलाकारहरू पार्टीका गाइने तथा दमाई मात्र बनाइए । तर, हालै मात्र राज्यले आर्थिक अपराधी घोषणा गरेका सीताराम प्रसाईंलाई विगतमा रिझाएर उनीबाट पुरस्कार थाप्ने महान् प्रगतिशील साहित्यकारहरूको पनि वस्तुनिष्ठ मूल्यांकन गरी उनीहरूलाई कम्तीमा सामाजिक बहिष्कारको अभियान थालिनु जरुरी भएको छ ।

२०४६ सालपछि राजनीतिक परिवर्तन भएपनि आर्थिक र सामाजिक क्षेत्रमा परिवर्तन हुनसकेन । राजनीतिमा देखिएको विकृतिलाई दलभित्र वा बाहिरबाट सच्याउन मद्दत गर्दै आलोचनात्मक क्षमताको विकास गरिनुपर्नेमा स्थिति त्यसको उल्टो भयो । समाज परिवर्तन गर्छु भन्ने संस्कृतिकर्मी र साहित्यकारहरू आफैं परिवर्तित भए, तर स्थिति भने उस्तै थियो । लोकतन्त्रवादी विचार र प्रवृत्ति विस्तारै झिनो आवाजमा मात्र सीमित भयो । प्रजातन्त्रका नाममा फेरि ठालुतन्त्र र केन्द्रीयता लागू गरियो । यसबीचमा साहित्यिक एवं सांस्कृतिक क्षेत्रबाट केही प्रयत्न भए पनि ती प्रयत्न जनताको चाहना एवं समयको मागअनुसार थिएनन् । सही कुरा गर्ने व्यक्तिहरू दलको मूलधारबाट बाहिरिएको अवस्थामा प्रजातन्त्र दलीय तन्त्रबाट अलग थिएन । तसर्थ पनि विगतमा सही कुरा गर्ने व्यक्तिहरूको आवाजलाई जनता र युवा पंक्तिले विश्वास गर्ने स्थिति रहेन । तर, अबको संकेत भने यसविपरीत हुने देखिएको छ । सञ्चारमाध्यमको पहुँचदेखि लिएर आन्दोलन र त्यसअघिको जनयुद्धले सिकाएको पाठका कारण पनि नेपाली जनता आफ्ना नेताहरू जत्तिकै राजनीतिक हैसियत राख्छन् र उनीहरूभन्दा बढी नै इमानदार छन् भन्ने प्रमाणित गरिसकेको छ ।

२०५८ सालको दरबार हत्याकाण्ड र त्यससँगैको प्रतिक्रान्ति अढाई करोड नेपालीलाई जनावर शैलीमा मूर्ख बनाउने खेल थियो । मुलुकको राजनीतिक नेतृत्व नपुंसक नभएको भए त्यस समयमै क्रान्ति र अग्रगामी निकासको सम्भावना थियो । तर, राजनीतिक नेतृत्वको गुलामी प्रवृत्तिजस्तै सिर्जनाकर्मीहरू पनि राजा वीरेन्द्रप्रति श्रद्धाञ्जली अर्पण गर्नमै सीमित रहे । त्यस समयमा प्रतिगमनको सम्भावित रुपरेखा आँकलन गर्न नसके पनि २०५९, असोज १८ को घातक कदमपछि बल्ल सिर्जनकर्मीहरूले लोकतान्त्रिक साहित्यकार संघको गठनमार्फत आफूहरूलाई सार्वजनिक गर्न जरुरी ठाने । त्यसपछि पनि राजाको तस्बिर पुजेर प्रगतिशील क्षेत्रको प्रबुद्ध व्यक्ति बन्ने व्यक्तिहरू हामीबीचकै धेरै व्यक्तिका लागि अझै पुजनीय बन्नु राजाको निरंकुश राजतन्त्रकै शैलीको अर्को प्रहसन थियो । तर, सबै पुस्ताका सर्जकहरू सचेत बन्दै लोकतन्त्रको विषयमा बहसमा ओर्लिनु, लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्च गठन हुनु जस्ता सार्थक प्रयासले सबैको कित्ता स्पष्टचाहिँ पारिदिएको छ ।

राजनीतिक नेतृत्वबाट जनतालाई सयौं वर्षदेखि पटक-पटक धोका दिइएको अवस्थामा अझै पनि पूर्ण विश्वस्त रहने अवस्था छैन । पटक-पटक निरंकुश सत्ताका समर्थकहरूले गरेका चलखेललाई बुझेर वा नबुझेर राजनीतिक नेतृत्वबाट धोका दिने काम फेरि पनि नहोला भन्ने अवस्था छैन । राजनीतिको कालो छाप फेरि पनि साहित्य र संस्कृतिकर्मीहरूमा पर्ने सम्भावनालाई ठाडै इन्कार गर्न सकिँदैन । अहिले पनि वामपन्थी सर्जकहरूद्वारा नेतृत्व गरिएका संस्थाहरू दलसँगै फुट्ने र दलको अवसरवादको व्याख्याको अगाडि मौन बस्ने परम्परा कायम नै छ । त्यसैगरी कांग्रेस र अन्य दलका नेताहरूको सांस्कृतिक संगठन र अभियान उनीहरूको सांस्कृतिक उचाइ जस्तै पुड्का भएको प्रस्ट नै छ ।

लोकतान्त्रिक गणतान्त्रिक चेतले मुलुकमा र यसका सामाजिक जीवनका हरेक पक्षमा विद्यमान कुनै पनि प्रकारको सामन्ती अवशेषलाई अमान्य ठान्छ । रंग, जात, वंश, धर्म, लिंग, क्षेत्र आदिका आधारमा चालू पुराना मध्ययुगीन मान्यताहरू वा नयाँ-नयाँ रुप र आकारमा देखापर्दै जाने नयाँ त्यस्ता मान्यताहरू पनि यसका लागि अमान्य हुनेछन् । मित्र फेर्न सकिए पनि छिमेकी फेर्न नसकिने भएका कारण राष्ट्रमाथि हुने कुनै पनि प्रकारको वैदेशिक हस्तक्षेप, अपमान वा दमनहरूप्रति पनि सजग हुनु जरुरी छ । अझ नेपालको सन्दर्भमा त राष्ट्रियताको मसला हरेक दलका लागि जनतामा स्थापित हुने गतिलो मसला बनेको छ । हाम्रो बाध्यता, सीमा र वास्तविकतालाई मद्देनजर राखेर अब सांस्कृतिक र साहित्यिक क्षेत्रबाट राष्ट्रियताको पनि व्याख्या गर्नु जरुरी भएको छ ।

जनस्वाभिमानी रचना यात्रालाई टेवा दिने दीर्घकालीन अभियानको रुपमा यस्ता संस्था क्रियाशील हुनु जरुरी छ । देशमा स्थापित हुनलागेका नयाँ प्रज्ञाप्रतिष्ठानलगायत सांस्कृतिक संघ-संस्थाहरूको संरचना र क्रियाशीलताको दिशालाई लोकतान्त्रिक बनाइनु जरुरी छ । यसबाट मुलकका सबै भाषाभाषी साहित्यकारहरू हरेक क्षेत्रमा समावेश हुनेछन् । त्यसपछि मात्र संस्थाहरूको कार्यविधि पूर्णतः लोकतान्त्रिक हुनेछ । ■

# रजनीको सुख

■ प्रदीप नेपाल



जेनी, रजनी थिई नेपालमा छँदासम्म । अंग्रेजी साहित्यमा स्नातकोत्तर गरेको दस महिनामै उसको बिहे भएको थियो, चिकित्सा विज्ञानमा स्नातकोत्तर गरेको विद्वान्सँग । बिहे र कलेजको जागिर एकैचोटि हात लागेको थियो रजनीको ।



**उसले सुत्ने कोठाबाट** बाहिर नियाली । सेप्टेम्बर महिनाको मौसम सफा थियो । झ्यालबाट देखिने थोरै आकाश कन्चन नीलो थियो । जेनीलाई त्यो सागर पो हो कि जस्तो लाग्यो । आकाशमा कतै एक टुक्रो बादल पनि थिएन । आकाशले आफ्नो छातीमा शरीर छर्लङ्ग देखिने पातलो च्यालच्याले लुगा पनि लगाएको थिएन । मन चंगा हुनुपर्थ्यो जेनीको । अहँ, त्यो त्यस्तो हुन सकेन ।

जेनीको मन रमाउन सकेन । किनभने त्यो आकाशको छेउमा सगरमाथा थिएन ।

जेनीको उदास मन मातृभूमिको माटोको गन्ध सुँघ्न थाल्यो ।

बीस वर्षको उदासी जेनीको मनमा बाढी जसरी थोपरिएर आयो ।

जेनी, रजनी थिई नेपालमा छँदासम्म । अंग्रेजी साहित्यमा स्नातकोत्तर गरेको दस महिनामै उसको बिहे भएको थियो, चिकित्सा विज्ञानमा स्नातकोत्तर गरेको विद्वान्सँग । बिहे र कलेजको जागिर एकैचोटि हात लागेको थियो रजनीको । दुईतिर चिरिएको कपालको बीचमा कोरिएको सिउँदोतिर हेर्दै विद्यार्थी र सहकर्मी सबैले उसलाई 'रजनी म्याम' बनाइदिएका थिए । बिहे भएको दोस्रो वर्षमै श्रीमान् रजनी धिताल नाम र दाम कमाउन अमेरिका हान्निएको थियो । भरखरै जोडिएको जीवनलाई एक्लो बनाउन रजनीको मन मानिरहेको थिएन । सानो स्वरमा उसले प्रतिवाद पनि गरी । मुख फोरेरै भनी रजनीले, 'हजुर, हामी जस्ताले देश छोडेर किन जाने अर्काको देशमा ? सानो सुखमै रमाऊँ हामी । पराई मुलुक, पराई चेतना, पराई संस्कृति, पराई सभ्यता, पराई धर्म, पराई रीतिरिवाजसँग एकाकार हुन हामीले एक कक्षाको विद्यार्थी हुनुपर्छ ।'

तर सुनेन श्रीमान् धितालले ।

'लाटी, अमेरिका कसैको देश होइन, त्यसले त्यो त्यहाँ बस्ने सबैको देश हो । अमेरिकामा धेरै सम्भावना छन् । अमेरिका भास्सिएका भारतीय विद्वान्हरूले नोबल प्राइज पाएका छन् । म पनि त्यो सम्भावनाको नजीक पुग्न सक्छु । तिमी त आफैं अंग्रेजी साहित्यकी विद्वान् । नेपाल बसेर के पाइन्छ ? हद्दै भए राम्रो जागिर । किन नाइँ भन्छ्यौ ?'

रजनीसँग उत्तर थिएन ।

श्रीमान् धितालले सबै तारतम्य मिलाएपछि भन्यो, 'मैले न्युयोर्कको अस्पतालमा काम पाउने भएँ । म अहिले जान्छु । मलाई व्यवस्थित हुन वर्ष दिन लाग्छ । आउने साल दसैं मनाएर तिमी अमेरिका आउनू ।'

लोग्नेको बोली आदेश थियो कि मायाको सल्लाह थियो – रजनीले बुझ्न सकिन । सन् ७२ सालको त्यो पुरातन परिवारमा उसले लोग्नेसँग बहस गर्न पनि सकिन । श्रीमान् धिताल उड्यो हवाइजहाजसँगै बतास्सिएर कतै ।

श्रीमान् धितालले बेइमानी गरेन । आउने साल त होइन, त्यसपछिको साल अर्थात् १९७४ सालमा रजनीले पनि अमेरिकातिर उड्ने मौका पाई ।

अमेरिका रमाइलो लाग्यो रजनीलाई । वेशभूषामा अलिअलि अप्ठ्यारो लागे पनि बोलिचाली सजिलै लाग्यो रजनीलाई ।

श्रीमान् धिताल एउटा सन्तान जन्माउन चाहन्थ्यो अमेरिकामा । अमेरिकामा जन्मिएको बच्चाले अमेरिकी नागरिकता पाउँछ भन्ने उसलाई थाहा थियो, तर रजनीलाई आफ्नो भविष्यको पनि चिन्ता थियो । ऊ तीनचार वर्ष अध्ययन गर्न चाहन्थी ।

त्यसका लागि ऊ बरु कुनै पनि शारीरिक श्रम गर्न पनि तयार थिई ।

'तिमी कुरै बुझ्दिनौ', लोग्नेले सम्झायो, 'सन्तान जन्मिएपछि अमेरिकामा बस्ने आधार हुन्छ । हामी अमेरिकी नागरिकको बाबुआमा हुन्छौं ।'

'तर त्यसले हामीलाई के दिन्छ ? हामी जहाँ छौं त्यहीँ सुखी छौं । छोराछोरी जन्माउने रहरले हाम्रो रहरलाई बन्धनमा पारिदिन्छ ।'

रजनीले प्रतिवाद गर्ने साहस गरेकी थिई । असफल साहस ।

त्यो पहिलो प्रतिवाद असफल भएपछि रजनीका हातमा असफलताहरू मात्रै पर्न थाले । हार्दै गई रजनी । एउटा घटना होइन, दुइटा घटना होइन, दर्जनौं घटनामा उसले हारको सामना गरी । विजेता सधैं श्रीमान् धिताल नै रह्यो ।

अमेरिकामा स्वास्नीमान्छेको स्वतन्त्रता व्यंग्य जस्तो लाग्यो रजनीलाई ।

अंग्रेजी अस्पतालमा एउटा छोरो र एउटी छोरी जन्माई रजनीले । ती छोराछोरी जन्मँदै अमेरिकी नागरिक भए । राणा शासनमा रोलवाला राणाका छोराहरू जन्मिँदै कर्णेल हुन्छन् भन्ने सुनेकी थिई रजनीले । आफ्नै सन्तानलाई राणाका सन्तानसँग जोडेकोमा सन्ताप मनाउन सकिन रजनीले ।

छोरीको जन्मसँगै रजनी जेनी भई । अमेरिकी साथीभाइलाई 'र' उच्चारण गर्न अप्ठ्यारो भएको देखेर श्रीमान् धिताल आफैंले रजनीलाई जेनी बनाइदियो ।

जेनी नाम राखिए पनि रजनीले आफूलाई कहिल्यै जेनी बनाइन । उसले छोराछोरीलाई माया गरेर हुर्काई । श्रीमान् धिताल छोराछोरीले नेपाली नसिकून् भनेर विशेष ध्यान दिन्थ्यो । अंग्रेजीको विद्वान् भए पनि जेनीले कहिल्यै छोराछोरीसँग अंग्रेजीमा कुरा गर्न चाहिन, तर यहाँ पनि जेनीकै हार भयो । स्कुलमा अंग्रेजी, साथीभाइसँग अंग्रेजी, बाउसँग अंग्रेजी जोडजाड गर्दा जेनीका दुइटै सन्तान नेपालीका शब्द बुझ्न सक्ने, तर बोल्दा अंग्रेजी नै बोल्ने भए ।

जेनी र श्रीमान् धितालको दाम्पत्य जीवनमा कुनै दुःख थिएन बाहिरबाट हेर्दा । जेनी घर सम्हाल्थी श्रीमान् धिताल धन कमाउँथ्यो । खान, लाउन, हिँडडुल गर्न सबै पुगेको थियो त्यो परिवारलाई । छोराछोरी दुवै कलेज जान थालेका थिए ।

तर जेनीको मन रुन्थ्यो धुरुधुरु । छोराछोरी अठार वर्ष पुगेपछि एकदिन उसले आफ्नो लोग्नेलाई मायाले मुसार्दै भनी, 'केटाकेटी हुर्किए, अब जाऊँ आफ्नै देश ।'

श्रीमान् धिताल छक्क पऱ्यो । उसले झन् मायाले मुसार्दै भन्यो, 'हनी (अंग्रेजी भाषामा मायाको शब्द) हामी आफ्नै देशमा छौं ।'

'तर यो त कसैको देश होइन', बीस वर्ष पुरानो लोग्नेको वाक्य दोहोऱ्याउँदै जेनीले भनी, 'हामीले यहाँ आएर के पायौं ? हजुरले आफ्नो परिचय गुमाउनु भयो । धनप्रसाद धिताल डेभिडमा रुपान्तरित भयो । रजनी जेनी भई । छोराछोरीलाई जन्माउने र हुर्काउने काम गरियो । न हामीले तिनलाई मायाले तान्न सक्यौं, न तिनले हाम्रो बुढेसकालको जिम्मेवारी लिने स्वभाव बनाए । अब पिरिएर नबसौं । जाऊँ आफ्नै देश ।'

श्रीमान् धिताल अलमल्ल पऱ्यो । जेनी भए पनि रजनीको मन अमेरिकी हुन सकेको थिएन भन्नेसम्म त उसलाई लागेको थियो, तर अहिलेसम्म पनि त्यो नेपाली नै छ भन्ने ज्ञान उसको दिमागमा घुसेकै थिएन । कुरा टार्ने हिसाबले उसले भन्यो, 'हनी, अहिले सुत । म साह्रै थाकेको छु ।'

त्यो रात जेनी सुती, तर उसका आँखा र उसको मन निदाउन मानेनन् । लोग्नेको निद्रा नबिथोलियोस् भनेर धेरैबेरसम्म ऊ चुपचाप पल्टिइरही ।

जेनीका आँखामुनि काला धर्साहरू बस्न थाले । उसै पनि जेनीले सिँगारपटार गरेर आफूलाई राम्री बनाउन सिकेकी थिइन । बिहान खाजा बनाउनु, दिउँसो र बेलुका खाना बनाउनु, घरको स्याहारसुसार गर्नु, छोराछोरीको हेरविचार गर्नुभन्दा बाहिरको अमेरिकासँग उसको चासै थिएन । २० वर्ष यसै गरी कटेका थिए उसका ।

एकदिन बिहानको सातै बजे ओछ्यानको छेउमा राखेको टेलिफोन टिरिङ टिरिङ गर्दै बज्यो । जेनीले टेलिफोन उठाई र अल्छीलाग्दो स्वरमा भनी, 'हेलो !'

'हाइ मम', उताबाट शुद्ध अंग्रेजी स्वरले भन्यो, 'तपाईंहरूको विवाहको २५ वर्ष पूरा भएकोमा बधाई छ । म आफ्नो काममा व्यस्त छु । आउन पाउदिनँ । ड्याडलाई पनि मेरो शुभकामना सुनाइ दिनुहोला ।'

जेनीले थ्यांक यु पनि भनिन ।

'हुन्छ' मरेको स्वरमा उसले भनी ।

टेलिफोनको घन्टीभन्दा अगाडि नै जेनी ब्यूँझिइसकेकी थिई । छोरालाई हुन्छ भनेर बिदा दिएपछि ऊ ओछ्यानबाट बाहिर निस्किई ।

फेरि टेलिफोनको घन्टी बज्यो ।

'हेलो !' जेनीको स्वर कम्प्युटरकै जस्तो थियो ।

'हाइ मम', उताको केटीको स्वर अंग्रेजीमै चहकियो, 'ड्याड खै ?'

'सुतिरहनु भा'छ', जेनीले नेपालीमै जवाफ दिई ।

'ह्यापी एनिभर्सरी', छोरीले पनि २५ वर्षे वैवाहिक जीवनलाई बधाई दिई ।

'तँ पनि आउँदिनस् ?'

'सरी मम', छोरीले माफ माग्दै भनी, 'कामबाट छुट्टी लिनै मिल्दैन । फेरि अहिले रस पनि फुर्सदमा छैन ।' रस भन्ने नाउँ छोरीको केटा साथीको हो भन्ने जेनीलाई थाहा थियो । त्यो रसका बाबुआमा पनि नेपाली नै थिए, तर छोरो अंग्रेजी रसमा भिजिसकेको थियो ।

अल्याङटल्याङ गर्दै जेनीले नित्यकर्म सिध्याई । चिसो मनले चिया पकाई । श्रीमान् धिताल ओछ्यानबाट बाहिर निस्कँदा बिहानको खाजा झन्डै झन्डै तयार भइसकेको थियो ।

'हाइ हनी, ह्यापी एनिभर्सरी !' श्रीमान् धितालले पनि छोराछोरीकै भाका बोल्यो ।

'छोरा र छोरीले पनि एनिभर्सरीलाई हाइ गरिसकेका छन् ।'

'जेनी, आज त खुसी होऊ ।' 'हजुरले मलाई जेनी नाउँ नदिनुस् । म रजनीमै ठिक छु ।'

श्रीमान् धिताल एकछिन छक्क पऱ्यो । 'एनिभर्सरी'लाई जेनीले 'थ्यांक्स' पनि दिइन ।

'हजुरको ब्रेकफास्ट तयार छ । यसो हातमुख धुनुस्', उदास स्वरमा रजनीले भनी ।

श्रीमान् धितालले सजिलै आदेश पालन गऱ्यो । पच्चीस वर्षको वैवाहिक जीवनको खुसियाली जेनीको मनभित्र पसेको छैन भन्ने उसले थाहा पाइसकेको थियो ।

'बिहानको खाजा खाँदा खाँदै रजनीले भनी, 'बिहानै छोराले हाइ गऱ्यो, तर आउन सक्दिन भन्यो । एकछिन पछि छोरीले फोन गरी । उसले पनि आउन सक्दिन भनी । सायद हजुर पनि हाइ गरेर आफ्नो कामतिर लाग्ने होला । झरिलो भरिलो परिवार भएर पनि मैले यो शून्यतामा आफैंलाई बधाई दिएर सुस्ताउनु पर्छ होला ।

'जेनी, काम त गर्नै पर्छ अमेरिकामा । बसी बसी खान पाइने ठाउँ होइन यो ।'

'मलाई जेनी भनेर नबोलाउनुस् ।' रजनीले नाममा मात्रै प्रतिवाद गरी ।

'पहिले त तिमीलाई यो नाम नराम्रो लाग्दैनथ्यो ।'

'त्यति बेला मैले तपाईंको अमेरिकालाई बलात् स्विकारेकी थिएँ । यति बेला अमेरिकी जीवनबाट म वाक्क भइसकेकी छु । नेपालमा भएकी भए मेरा भाइहरू मलाई भेट्न आउँथे, मेरी सासूले मलाई सिँगार्नु हुन्थ्यो । आज एकदिन काम नगर्दा पनि हुन्छ भनेर मेरी बहिनी मसँग खुसी साट्न आउँथी', बिरसिलो भाषण गरे जसरी रजनीले भनी, 'तर यो निष्ठुरी अमेरिकामा नौ महिना कोखमा हुर्काइएका छोराछोरी समेत मेरो खुसीमा सामेल हुन सकेनन् ।'

'अमेरिकामा त यही स्वभाविक हो', श्रीमान् धितालले सम्झाउन खोज्यो । आफ्नी जेनीलाई उसले यति उदास र हतास कहिल्यै देखेको थिएन ।

'त्यसैले त म अमेरिकामा रमाउन सकिनँ । हजुरका लागि म अमेरिकामा आएँ । हजुरका लागि मैले दुई थान छोराछोरी जन्माइदिएँ । मैले के पाएँ ?', लोग्नेको अनुहारमा एकछिन नियालेर हेरेपछि रजनीले भनी, '२५ वर्षे वैवाहिक जीवनको यो बिहानीमा मैले नेपाल फर्किने निर्णय गरेकी छु । मेरो यो प्रतिज्ञा नबिथोली दिनु होला । साह्रै कर गर्नुभयो भने मैले आफ्नो वैवाहिक जीवन नै समाप्त पार्नुपर्ने पनि हुनसक्छ ।'

छक्क पऱ्यो श्रीमान् धिताल । एउटा अँध्यारो धर्सो उसको आँखाबाट सलल्ल बगेर गयो ।

'आज म तपाईंलाई अन्तिम सुखको दिन दिन्छु, अन्तिम सुखको रात दिन्छु । मैले आफ्नो यात्रा व्यवस्था गरिसकेकी छु । २० वर्ष मैले पीडाका दिन र रातहरू बिताएकी छु । अब म यो अनकण्टार मृत्युको जीवन बाँच्न सक्दिनँ ।'

'रजनी', श्रीमान् धितालले परिस्थिति अत्यन्तै गम्भीर छ भन्ने महसुस गरेर पत्नीलाई सम्झाउन खोज्दै भन्यो, 'एकै दिनमा यत्रो ठूलो निर्णय लिन कसरी सकिन्छ ? अलिक धैर्य गर । हामी बरु कतै घुम्न जाऊँ । समुद्री लहरसँगै निदाउने फ्लोरिडा ? मेपल फुलेको भर्मन्ट ? अथवा युरोप जाने भन्छ्यौ कि !'

'म नेपाल जान चाहन्छु', दृढ स्वरमा रजनीले भनी, 'घुम्न मात्र होइन, म अब उतै बस्न जान चाहन्छु । तपाईंका सामु यति बोल्न मैले दुई दशकको धैर्य र साहस समेटेकी छु । यहाँ म जीवन बाँचिरहेकी छु भन्नै सक्दिनँ । हामी चारजना चारओटा टापु भएका छौं । कहिलेकाहीँ आउने ज्वारभाटाले हामीलाई एकैसाथ छोएर जान्छ, तर हामी कहिल्यै एकाकार हुन सक्दैनौं । म यो परदेशमा एक्लो मृत्यु मर्न चाहन्नँ । मलाई मेरै आँगनमा फर्काइदिनुस् ।'

श्रीमान् धिताल केही बोलेन । सधैं चुपचाप स्वीकृतिको छाप लगाउने रजनीको अनुहारमा विद्रोह त थिएन, तर त्यहाँ बलियो दृढता थियो । श्रीमान् धितालको मनले सोध्यो, 'नेपाल फर्किने निर्णय गरेर के रजनी सुखी भएकी छ ?'

**गेट्र्सवर्ग, अमेरिका**
**२ अक्टुबर, २००६**

# सस्ता जोकरको राज

■ दीपक रौनियार/काठमाडौं

'...हैन त, खसीजी !'
'हो, बोकाजी... !'

इमेज च्यानलबाट प्रस्तुत भइरहेको मोहन मिश्र निर्देशित हास्य शृंखला *आम्मै*मा मानिस चरित्रको नाम समेत खसी र बोका राखिएको छ ।

नेपाल टेलिभिजनबाट प्रसारण हुने एउटा यस्तै शृंखला *जिरे खुर्सानी*का पात्रहरू केही सुन्नेबित्तिक्कै जिब्रो टोक्छन् ।

यसैगरी टेलिभिजनको अर्को एउटा हास्य प्रस्तुति *बाउन्न घुस्सा त्रिपन्न ठक्कर*का अधिकांश चरित्रले कवितात्मक परामा संवाद बोल्छन् ।

जिब्रो टोक्नु वंशाणुगत गुण हो, भनौं भने अभिनय गर्ने चरित्रहरू छुट्टाछुट्टै परिवार र परिवेशका छन् । एउटै परिवेशका सबै चरित्रहरू पनि कवितात्मक भाकामा बोल्न सम्भव नहोला अनि मानिसलाई खसी र बोका नामकरण गरेको हेर्दा दर्शक कत्तिको हाँसिरहेका होलान् ? हाँस्छन् । तर, प्रस्तुति हेरेर होइन ! प्रस्तुतिमा समावेश गरिएको कथा र घटनाक्रमले पनि होइन, चरित्रले गर्ने 'अलौकिक' व्यवहार र निर्माता निर्देशकको 'फितलोपन' देखेर कुरीकुरी गर्दै हाँस्छन् ।

नेपाली टेलिभिजनहरूको संख्या वृद्धिसँगै हास्य शृंखलाको पनि अचाक्ली वृद्धि भएको छ । मानौं टेलिभिजनहरूले हास्य शृंखलाहरूलाई दालभात नै ठानिसके । हरेक दिन कुनै न कुनै हास्य शृंखला प्रसारण भइरहेको हुन्छ, तर यिनीहरूको स्तर ? नुनखुर्सानीबिनाको अचार जस्तै छ । नेपाली टेलिभिजनहरूले दालभात ठाने पनि वास्तवमा भने हास्य शृंखलाहरू अचार मात्र हुन् । जुन हुँदा राम्रो, नभए पनि चल्छ, तर टेलिभिजनहरूले दर्शकलाई 'अ'विनाको चार समेत जबरजस्ती कोच्याइरहेका छन् । यो भने अत्याचार हो ।

एउटा प्रसंगमा नेपाल टेलिभिजनका महाप्रबन्धक मदनकुमार शर्माले भने, 'म दर्शकको रुचिअनुसारको कार्यक्रमलाई प्राथमिकता दिन्छु ।' टेलिभिजनको काम दर्शकको रुचिअनुसारको कार्यक्रम पस्कने मात्र होइन । दर्शकको रुचि बनाउने पनि हो ।

सबैभन्दा बूढो भए पनि नेपाल टेलिभिजनले आजसम्म शैली पुस्तिकाको अनुहार देख्नै पाएको छैन । दुई दशक पुरानो दुईपन्ने कार्यक्रम निर्देशिकाको भरमा आज पनि नेटे घिस्रिरहेको छ । उनीरूले बुझेको कथित दर्शक केही विज्ञापन संस्थाका मालिकहरू हुन् । उनीहरूलाई जे कुरा 'राम्रो' लाग्छ, त्यो सबै दर्शकले हेर्नै पर्ने बाध्यता छ । यो स्थिति नेपाल टेलिभिजनको मात्र नभई सबै जसो टेलिभिजनको हालत यस्तै छ ।

सीधा रुपमा हेर्ने हो भने यस्तो स्थिति आउनु स्वभाविक पनि लाग्छ । किनभने सिनेमा हल र दर्शकको जस्तो टेलिभिजन र दर्शको प्रत्यक्ष सम्पर्क हुँदैन । त्यहाँ कुनै झुर कार्यक्रम प्रसारण हुँदा हेर्ने कोही नहोला भन्ने हलवालाको जस्तो टेलिभिजनका निर्माता र हाकिमहरूलाई समस्या हुँदैन । कार्यक्रम प्रसारण भएबापत विज्ञापन एजेन्सीले पैसा तिर्ने हो । त्यसैले उनीहरू खुसी भए पुग्छ भन्नेठान्छन् टेलिभिजनका हाकिमहरू । त्यही नै ठूलो गल्ती गर्छन् । किनभने मिडियाको आफ्नो दायित्व पनि हुन्छ । अझ त्यो जनताको राजस्व खाने सरकारी टेलिभिजनका हाकिमहरूले त झनै सोच्नु पर्ने । जुन कार्यक्रम गर्दा पैसा आउँछ त्यही गरिरहने हो भने, त्यस्ता कार्यक्रमहरूले दीर्घकालमा सामाजिक विकासमा पार्ने नकारात्मक असरको जिम्मेवारचाहिँ को हुने ?

नेपाली टेलिभिजनका कार्यक्रम निर्माता हुन् वा चलचित्र निर्देशक उनीहरूमध्ये अधिकांशको गुरु भारतीय टेलिभिजन र बलिउड नै हो । नाम, विषय वस्तु मात्र होइन, सके सटहरू पनि उस्तै फ्रेमिङ गर्छन् उनीहरूले । तर, यति बेला बलिउडको हास्य स्वाद कता फरक भइसक्यो ।

तर, हाम्रा टेलिभिजनहरू भने अझै जोकरमय नै छ । मुख बटार्नु र चटपटे आवाज बजाउनुमै सीमित छन् उनीहरू । अझै अभिनेताको संख्या टेलिभिजनमा एकदमै कम देखिएको छ । भारतीय टेलिभिजनबाट उतारिएकै भए पनि लुनिभा तुलाधरले पवनकली सोमार्फत आफ्नो अभिनय कुशलता देखाएकी हुन् । उनले आफ्नो चरित्रलाई स्पष्टसँग स्थापित गर्नु र त्यसलाई निरन्तरता दिन सक्नु नै उनको विशेष खुबी हो । अधिकांश जोकरहरूले यही कुरा स्थापित गर्न नसक्दा उनीहरूको सो 'अ'विनाको चार भएको हो । चरित्रलाई होइन, परिस्थिति हास्यास्पद बनाउनु पर्ने कुरा उनीहरूले बुझेकै छैनन् जस्तो लाग्छ । उनीहरूको सो वास्तविकतासँग कत्ति पनि नजिक हुँदैन । सामाजिक दायित्वबोध त कता कता, न त उनीहरूले सजिलो हुँदै गएको प्रविधिलाई राम्ररी सदुपयोग गर्न सकिरहेका छन् न उनीहरूसँग विषयवस्तुको गाम्भीर्य नै छ ।

तपाईंहरूले प्रस्तुतिमा कस्तो विषयवस्तुलाई प्राथमिकता दिनुहुन्छ ? भन्ने पत्रकारहरूको प्रश्नमा प्रायः त यी कार्यक्रम प्रस्तोताहरूले मुसुक्क हाँसेर, 'विशेष गरी सामाजिक विकृतिलाई विषयवस्तुको रुपमा स्थान दिन्छौं' भन्ने उत्तर दिइरहेको देखिन्छ । व्यक्तिगत भेटघाटका क्रममा तितो सत्यका दीपकराज गिरी मात्र होइन्, जिरे खुर्सानीका जितु नेपाल र शिवहरि पौडेलहरूले पनि धेरै पटक यस्तो उत्तर दिएका छन् ।

समाजको विकृति हेर्छु भन्नेहरूको शृंखलाले समाजमा ल्याइरहेको विकृतिको चाहिँ कसले हिसाब गर्ने ? मुखमा हान्नु जस्तो थेगोहरू अब टेम्पुमा पनि लेखिएको भेटिन थाल्यो । स-साना केटाकेटीहरूको मुखमा झुन्डिएको छ । यसको जिम्मेवारी कसले लिने ? तितो सत्यको बेइमान चरित्रले बिगारिरहेको नेवारी भाषाको धुन चाहिँ कसले सुधार्ने । मैथली र विभिन्न जनजातिका भाषालाई यसरी खिल्ली उडाइँदै छ कि यस्तै भइरह्यो भने कुनै दिन मानिसहरू आफ्नै भाषा बोल्न लजाउन थाल्नेछन् ।

निर्देशक तुलसी घिमिरेलाई यस्तै भइरह्यो भने यसले साम्प्रदायिकता भड्कन सक्ने डर छ । उनी भन्छन्, 'कसैको भाषा बिगार्दा मान्छे हाँस्छन् भन्ने सोच्नु निर्देशकको मुर्खता हो ।'

सञ्चारकर्मी केदार शर्मा यस्ता टेली शृंखलाहरू तत्काल बन्द गरिनु पर्ने विचार राख्छन् । 'सबै दर्शकले समेत यस्ता शृंखला हेर्न बहिष्कार गर्नु पर्छ', उनी भन्छन् ।■





जनआन्दोलन-२ का क्रममा सडकमा उभिएका स्रष्टाहरू

# विद्रोही स्रष्टा

**नेपाली सामाजिक** तथा राजनीतिक परिवर्तनमा पनि साहित्य र सिर्जनाको ठूलो भूमिका रहेको छ। यो सत्य हो, धेरै सहिद तथा राजनेताहरूले राजनीतिक परिवर्तनका लागि बलिदान गरेका छन्। नेपाली कला र सिर्जनात्मक आन्दोलनले राजनीतिक र सामाजिक परिवर्तनमा खेलेको भूमिका सानो देखिन सक्छ, तर यो ज्यादै महत्त्वपूर्ण छ। प्रजातान्त्रिक मुलुक निर्माणका लागि स्रष्टाहरू बारम्बार निरंकुश सत्तासँग पौठेजोरी खेलेका छन्।

नेपाली साहित्यलाई निरंकुश शासनको विरुद्धमा उभ्याउने कामको थालनी गरेका हुन्, कृष्णलाल अधिकारीले। सन् १९७७ मा मकैको खेती लेखेकै कारण उनलाई राणा शासकले सर्वस्वहरण गरेर बन्दी बनायो र बन्दी अवस्थामै उनको मृत्यु भयो। त्यसो त राणा काल र पञ्चायती व्यवस्थामा एकथरि समूह दरबारबाट संरक्षित थियो। उत्कृष्ट सिर्जना, गायन तथा अभिनय देखेर राजाहरूले कलाकारलाई बक्सिस दिने चलन थियो। यसरी संरक्षित स्रष्टाहरूले कसरी निरंकुश सत्ताविरुद्ध आवाज उठाउन ? अझै पनि यस्तो परिस्थिति छ। केही गुट उपगुट बनेर प्रतिगामी कलाकर्मीहरू दरबारको नजिक बस्न खोजेका छन्। राजा ज्ञानेन्द्रको राज्याभिषेकको केही महिना नबित्तै मधुपर्कमा तारानाथ शर्माले 'जी शाहका गीतमा मानवीय संवेदना' शीर्षकमा लेख छपाएका छन्। त्यसो त डा. दयाराम श्रेष्ठ, डा. मोहनहिमांशु थापा, घटराज भट्टराईहरूले गाएको राजाको गुणगान पनि कम छैन। अर्का भक्तहरूको ढुकुटी नई प्रकाशनले निकालेको राजा ज्ञानेन्द्रको विशेषांकमा हेर्दा त्यो लामो फेहरिस्तले बताउँछ चाकडीबाजहरूको हविगत। राजाको माघ १९ पछिको गोरखापत्रमा छापिएका लेखमा झल्किन्छ, प्रतिगामी लेखकहरूको अनुहार।

लक्ष्मीप्रसाद देवकोटा, धरणीधर कोइराला, गोपालप्रसाद रिमाल जस्ता कविले राजनीतिक चेत राखेर लेख्न थाले। यिनले राणा शासनको खुलेर विरोध गरेका थिए। त्यसपछिको अर्को पुस्ता सिद्धिचरण श्रेष्ठ, युद्धप्रसाद मिश्र, भीमदर्शन रोक्का, ईश्वर बल्लभ, वैरागी काइँला आदिका कलमले निरंकुशताको विरोध गऱ्यो। राजा महेन्द्रको ०१७ सालको हस्तक्षेपपछिका कलमहरू हुन् यी। यतिखेरसम्म चित्रकला, संगीत र नाटकको कुनै सहभागिता थिएन। प्रायः कलाकारहरूलाई रेडियो नेपाल, नाचघर, प्रज्ञा-प्रतिष्ठान र दरवारले किनेर राखेको थियो। वि.सं. २०२३ सालमा पारिजात, रामेश, मञ्जुल, निनु चापागाईं, रायन आदि मिलेर सुरु गरेको राल्फा समूहदेखि नेपाली संगीतले राजनीतिक र सामाजिक चासो बोकेको देखिन्छ। राल्फाली आन्दोलनले नेपाली सिर्जनात्मक आन्दोलनमा वास्तवमै गहन भूमिका खेल्यो। गीतसंगीत र साहित्यको माध्यमबाट जनतालाई जागरुक बनाउनु जस्तो ठूलो परिवर्तन अर्को छैन। रामेश आज पनि त्यही गरिरहेका छन्, उनका सार्थक संगीतमार्फत।

यस बीचमा भारतबाट केही नाटकहरू नेपालमा मञ्चन गरियो। वि.सं. २०२४ सालमा नेपाली एकता समाजको कार्यक्रममा भागि लिन दिल्ली गएको नेपाली सांस्कृतिक टोलीले भारतीय कथाकार कृष्ण चन्दरको कथा 'खड्डा'मा आधारित नाटक 'खाडल'लाई दिल्ली, फरिदावाद, राँची आदि ठाउँमा मञ्चन गऱ्यो र नेपाल भित्र्याइयो। काठमाडौंमा त्रिचन्द्र क्याम्पस, संस्कृत छात्रावासअगाडि, ललितपुर, भक्तपुर र कीर्तिपुरका चोकहरूमा प्रदर्शन गरियो। निरंकुशताको विरोधको प्रतीकात्मक उक्त नाटक प्रदर्शन गरेको थाहा पाएर तत्कालीन पञ्चायती व्यवस्थाले कलाकारहरूलाई गिरफ्तारीको आदेश दियो, तर कलाकारहरू भारत पुगिसकेकाले समाउन सकेन।

साहित्यतर्फ भने विभिन्न अभियानहरू भइरहेका थिए। वि.सं. २०३१ सालको बुट पलिस आन्दोलन, ०३६ सालको सडक कविता आन्दोलन, अमलेख आन्दोलन, कोलाज आन्दोलन विशुद्ध रुपमा राजनीतिक परिवर्तनका लागि गरिएका साहित्यिक आन्दोलन थिए। वि.सं. २०३८ सालमा सर्वनाम नाट्य समूहको स्थापनापछिका नाट्य गतिविधिहरू पनि पञ्चायती शासनको विरुद्धमा थियो। सर्वनामले सडक नाटकलाई आफ्नो शैली बनायो र नाटकमार्फत जनतालाई राजनीतिक रुपमा सचेत बनाउने काम गऱ्यो। वि.सं. २०३८ सालमै आरोहणको स्थापनालाई पनि नेपाली नाटक आन्दोलनमा महत्त्वपूर्ण मानिन्छ।

वि.सं. २०४६ सालमा मात्रै केही चित्रकारहरू राजनीतिक अर्थ बोकेर सडकमा ओर्लिए। नत्र संगीतकर्मी र चित्रकारहरूको ठूलो हिस्सा 'हामीलाई राजनीतिप्रति चासो छैन' भनेर समाजबाट धेरै समयसम्म निरपेक्ष बसेको थियो।

वि.सं. २०४६ सालको आन्दोलनमा स्रष्टाहरूको ठूलो भूमिका रह्यो। निरंकुश पञ्चायतविरुद्ध ०४६ साल चैत्र ३ गते त्रिचन्द्र क्याम्पसमा भएको स्रष्टाहरूको कालोपट्टी अभियान प्रजातान्त्रिक आन्दोलनमा महत्त्वपूर्ण कदम हो।

सन् २०६२-०६३ को आन्दोलनलाई हेर्दा पनि यो पुष्टि हुन्छ। यसपटकको आन्दोलन अझै बृहत् र संगठित बन्यो। लेखक, संगीतकर्मी, चित्रकार, रंगकर्मी, चलचित्रकर्मीहरू सबै एकै ठाउँमा आएर आन्दोलन गरे। ०६२ साउन २४ गते वैरागी काइँला, आनन्ददेव भट्ट, तुलसी भट्टराई, निनु चापागाईं, हरिगोविन्द लुइँटेल, नवीन सुब्बा आदिको अगुवाइमा बनेको लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्चले सबै स्रष्टालाई एकत्रित गऱ्यो। धेरै विरोध, गिरफ्तारी, रचनात्मक गतिविधि भए। आफैं कविता लेख्ने कथित सर्जक राजा ज्ञानेन्द्रको शासनकालमा थुप्रै स्रष्टाहरू बन्दी भए। त्यसो त यस बीचमा आन्दोलनका लागि धेरै समूह बने। यसपटकको आन्दोलनमा अखबारी साहित्यले पनि ठूलो योगदान गऱ्यो।

स्रष्टाहरूको आन्दोलनको एक महत्त्वपूर्ण अभियान थियो विचलित वर्तमान। वि.सं. २०५९ सालमा नेपाली कवि-साहित्यकार, गायक, चित्रकार, रंगकर्मीहरू मिलेर बृहत् अभियानको सुरुवात गरे वसन्तपुर डबलीबाट। त्यहाँ कविहरूले कविता पढे, वात्स्यायनले चित्र कोरे। अस्मिना रञ्जितले 'ऐठन कला'को निर्माण गरिन्। सर्वनाम, आरोहण र प्रतिबिम्ब नाट्य समूह मिलेर नाटक मञ्चन गरे। ती सबै सिर्जनाले राजनीतिक विषयवस्तुलाई सम्बोधन गरे। तत्कालीन राजनीतिक विचलन र गृहयुद्धमाथिको सम्बोधन थियो उक्त अभियान।

नेपाली साहित्यकारहरू फाट्टफुट्ट रुपमा धेरै अघिदेखि राजनीतिक सचेतता बोकेर अगाडि बढेका छन्, तर यसको बृहत् रुप देख्न बाँकी नै छ। पछिल्लो जनआन्दोलनले केही सम्भावना देखाएको छ। तर, सांस्कृतिक र सामाजिक रुपान्तरणका निम्ति स्रष्टाहरू अब लाग्नु आवश्यक छ। सांस्कृतिक विचलन र विदेशी संस्कृतिको प्रभावबाट बच्न पनि नेपाली स्रष्टाहरूले राजनीतिक र सामाजिक रुपमा सचेत भएर अघि बढ्नु पर्छ।

■ **घिमिरे युवराज/काठमाडौं**



संगीत साधनारत गायक
प्रकाश गुरुङ

# अविरल संगीत यात्रा

प्रकाश गुरुङ नेपाली सांगीतिक क्षेत्रमा चिनाइरहनु पर्ने नाम होइन। संगीतकार, गायक, व्यवस्थापक, शिक्षक यही हो- उनको अहिलेको परिचय। भनिन्छ, सप्रिने विरुवाको सानैदेखि राम्रो लक्षण देखिन्छ। दार्जीलिङमै जन्मिएर त्यहीबाट शिक्षादीक्षा पाएका उनले स्कुल पढ्दा नै राम्रो संगीतकर्मी बन्ने छाँट ल्याइसकेका थिए। साधनालाई निरन्तरता दिएपछि अन्ततः ख्यातिप्राप्त संगीतसर्जकको रुपमा स्थापित भएका छन् उनी। संगीतिक क्षेत्रमा प्रवेश गर्न घरायसी वातावरणले महत्त्वपूर्ण भूमिका खेलेको उनी बताउँछन्। उनी भन्छन्, 'मेरा पिता हरिमान गुरुङ शास्त्रीय संगीतका ज्ञाता थिए। पिताकै छाप परेर होला, म नजानिँदो पाराले संगीतमा आकर्षित भएँ।'

अहिले ख्यातिको शिखरमा पुगेका प्रकाशले कहीँबाट पनि औपचारिक संगीत सिकेका होइनन्। उनी भन्छन्, 'मैले शास्त्रीय संगीतको सामान्य ज्ञान लिएँ, अरू बाजागाजाचाहिँ सिक्दासिक्दै दक्षता हासिल गरेको हुँ।' तीसको दशकमा पप संगीतले उधुम मचाएको थियो। नेपाली संगीतमा पपका प्रणेता गायक ओमविक्रम विष्टले प्रशस्तै नाम कमाए, त्यो बेला। ओमविक्रम विष्टको नाम आउँदा संगीतकार प्रकाश गुरुङलाई छुटाउनै मिल्दैन। नेपालीपनमा ढालिएका त्यस बेलाको पपगीतले साँच्चिकै सबैको मन जितेको थियो। अहिले पपको नाममा बाढी आएको छ, पपको लहरप्रति सन्तुष्ट छैनन् उनी।

जुनसुकै संगीत भए पनि नेपालीपन जोगाउनुपर्ने विचार राख्दै उनी भन्छन्, 'अहिलेको संगीत, शब्द र गीतमा पूरै पश्चिमको प्रभाव छ, यस्तो हुनुहुँदैन। गीतले नेपालीपन अभिव्यक्त गर्न सक्नुपर्छ, भलै संगीत त जहाँको पनि हाल्न सकिन्छ नि।' आफ्नो सांगीतिक यात्राबाट खुसी भएको उनी बताउँछन्। उनकी छोरी रिमा गुरुङले पनि सांगीतिक क्षेत्रमा आफ्नो स्थान बनाएर बाबुकै पदचिन्ह पहिल्याएर अघि बढिरहेकी छन्। अहिलेको युवापुस्ताको प्रतिभाप्रति आशावादी रहेका उनी साधनाविनाको संगीत दीर्घजीवी नबन्ने विचार राख्छन्। उनी भन्छन्, 'नयाँ सर्जकले व्यवसायिक मात्र होइन, दीर्घकालीन बन्न सक्ने संगीतमा पनि काम गर्नुपर्छ।'

संगीतकर्मी गुरुङको योगदानको कदर गर्दै विभिन्न संघसंस्थाले उनलाई पुरस्कार र सम्मान प्रदान गरिसकेका छन्। सम्मानकै निरन्तरताका रुपमा पछिल्लोपटक इमेजअवार्ड २०६३ मा सर्वोत्कृष्ट संगीतकारको रुपमा समेत उनी सम्मानित भइसकेका छन्। सधैं जसो हसमुख र प्रफुल्ल देखिने प्रकाश राम्रो सिर्जना ल्याउन सके वास्तविक खुसी लाग्ने बताउँछन्।

■ मिना वोगटी/काठमाडौं


रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज

रेडियो खबर पत्रिका
पत्रपत्रिकाको संगालो, विशेषज्ञहरूको प्रतिक्रिया र विश्लेषण, फिचर र रिपोर्ट, शेयर बजारको साप्ताहिक विश्लेषण, दैनिक हुने औपचारिक कार्यक्रमको जानकारी साथै चाडपर्व, जात्रा, दिवस, जन्मदिन र महत्त्वपूर्ण घटनाहरूको संगालो। हरेक विहान (६:००-७:१५)

हालचाल
ताजा खबर थाहा पाउन- हालचाल, विहान, ८:४५, ११:४५, अपरान्ह, २:४५, ४:४५, साँझ ६:४५ र राती ९:४५ बजे

बिबिसी नेपाली सेवा
हरेक दिन राती (८:४५-९:१५)

हरेक विहान ५:०० देखि राती ११:०० बजेसम्म सूचना, शिक्षा र स्वस्थ मनोरञ्जनका लागि भरपर्दो साथी रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज




नेपाली रेडियो
नेपाली आवाज

ठेगाना :
रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज
बखुण्डोल, ललितपुर
फोन: ५५२८०९१, ५५४२२४५, ५५४५६८०
पोष्ठ बक्स, ६९५८, काठमाडौं
ईमेल : info@radiosagarmatha.org

# फुच्चे गुरु



भास्कर ओझा

**आठ वर्षअघि** कलिलो उमेरमा आफ्नो छोरा पहिलोपल्ट तेक्वान्दो खेलको प्रारम्भिक शिक्षा लिन डोजाङ जाँदा आमा मन्जु कार्की निकै छटपटाएकी थिइन्, 'कुन घुँडो फुस्काएर आउने होला ?' तर, गत साता आफ्नो छोरा दक्षिण एसियामै सबैभन्दा कान्छो उमेरमा दोस्रो डान सर्टिफिकेट लिने खेलाडी भएको सुन्दा कार्की यति हौसिइन् कि उनले छोरालाई अन्तर्राष्ट्रिय खेलाडी बनाउन कुनै कसर बाँकी नछोड्ने प्रण गरिन्।

दीपसन कार्की, नेपाली तेक्वान्दोमा कान्छो उमेरमा दोस्रो डान सर्टिफिकेट (कोरियाको) लिने खेलाडी बन्न पुगेका छन्। अफ्न अखिल नेपाल तेक्वान्दो संघ (एन्टा)ले उनी दक्षिण एसियामै कान्छो उमेरमा कोरियाबाट प्राप्त दोस्रो डान सर्टिफिकेट लिने खेलाडी भएको दाबी गरेको छ। दीपसनको उमेर १३ वर्ष हो। गौशालास्थित श्री शारदा माविमा ६ कक्षामा अध्ययनरत उनी होनहार विद्यार्थीमा गनिन्छन्। मूल घर पर्वत जिल्लाको कुस्मा भए पनि काठमाडौंको पिंगलस्थानमा टेलरिङको काम गरिरहेका कार्की परिवारका कान्छा छोरा दीपसन पाँच वर्षको उमेरदेखि अनवरत पशुपति डोजाङमा तेक्वान्दोको प्राविधिक ज्ञान लिन तल्लीन छन्। उनले पहिलो डान (कोरियाको सर्टिफिकेट) २०६१ सालमा लिएका थिए। दोस्रो डान ५ अगस्टमा पाएका हुन्।

'ऊ प्रतिभाशाली खेलाडी हो। मौका पाएको खण्डमा भविष्यमा धेरै माथि पुग्न सक्छ', दीपसनका गुरु अन्तर्राष्ट्रिय रेफ्री अनुयाज गौतम भन्छन्। दीपसनले २००५ को अक्टोबरमा दार्जीलिङमा सम्पन्न 'फस्ट वर्ल्ड युनाइटेड च्याम्पियनसिप'मा पुम्सेतर्फ स्वर्ण पदक जितिसकेका छन्। हिरोमा निखिल उप्रेती र खेलाडीमा संगीना वैद्य मन पराउने उनी भविष्यमा अन्तर्राष्ट्रिय खेलाडी बन्ने चाहना राख्छन्। उनलाई आफूभन्दा निकै ठूलो उमेरका व्यक्तिहरुले 'तेक्वान गुरु' भनेर सम्मान गरेको खुब मन पर्छ। उनी भन्छन्, 'खेलमा लागेर ठूलो मान्छे बन्ने इच्छा छ।' बधाई छ, फुच्चे गुरुलाई।

■ नवीन

# दानी कलाकार

**धेरैजसो कलाकार** र चित्रकार 'आफू नै बाँच्न धौ धौ छ' भन्छन्। पोखराका किरण रञ्जितको भनाइ भने बेग्लै छ। उनी भन्छन्, 'म त कलाबाटै बाँचेको छु।' यो भनाइमा फेरि अर्को वाक्य उनले यसपालिदेखि थपेका छन्, 'कलाकारले सके अरूलाई पनि बचाउनुपर्छ।' उनले पछिल्लो बोली थपेनन् व्यवहारमै उतारे पनि। कात्तिकको दोस्रो साता उनले आफ्ना चित्रको कमाइ मुटुका असहाय बिरामीहरूका लागि दान गरे। हेरालो प्रतिष्ठानले खडा गरेको बचाऔं कोषमा प्रतिष्ठानका सदस्य रञ्जितले ५० हजार दान गरेका हुन्। संस्थाले उनको एकल चित्रकला प्रदर्शनी प्रकृति र सिर्जना आयोजना गरेको थियो। पोखरास्थित फिस्टेल लजको संचालक जयन्ती मेमोरियल ट्रस्टसँग मिलेर मुटुरोगीहरूलाई सहयोग गरिरहेको प्रतिष्ठानले यसअघि दुईजना मुटुरोगीलाई सहयोग गरेको छ भने ट्रस्टले २ सय २७ लाई। तीमध्ये पोखरा र आसपासका ५० भन्दा बढी छन्।

ल्यान्डस्केप चित्रकारितामा किरण नै पोखराका त्यस्ता कलाकार हुन्, जो अहिलेसम्म चित्र बिक्रीकै आम्दानीले 'लाहुरेस्तर'को जीवन बाँचिरहेका छन्। पोखरामा सर्वाधिक बिक्री हुने चित्र पनि उनकै हुन्। यसपालि समेत गरी दुईपटक एकल प्रदर्शनी गरेका कलाकार किरणले थुप्रैपटक सामूहिक प्रदर्शनीमा भाग लिइसकेका छन्।

■ केशव



सुदर्शन रञ्जित






शून्य समय



युवराज घिमिरे

# प्रचण्डको दिल्लीयात्रा: अन्धविरोधको विकल्प अन्ध वफादारी हुन सक्तैन

**प्रतिस्पर्धात्मक संसदीय प्रजातन्त्रमा सरिक हुनुपूर्व सबभन्दा पहिले भारतको यात्रा गरेर प्रचण्डले नेपाली राजनीतिको परम्परामा आफूलाई जोडेका छन्, तर आउँदा दिनमा कसरी उनले अन्तर्राष्ट्रिय जगत्‌समक्ष आफूलाई प्रस्तुत गर्नेछन्, त्यो महत्त्वपूर्ण हुनेछ ।**



**माओवादी अध्यक्ष प्रचण्डको** भारत यात्राले उनलाई नयाँ विवादमा तानेको छ । विवादबाट उनी सायद डराउँदैनन् । तर, विगत दुई महिनाभित्र कश्मीर तथा उत्तरपूर्वी भारतीय राज्यमा आत्मनिर्णयको वकालत र पछि नेपालमा पाकिस्तान गुप्तचर संस्था आइएसआईको बिगबिगी र उनीहरूको राजासँगको कथित सम्बन्धबारेको उनको टिप्पणीबाट उनको कूटनीतिक ज्ञानको झझल्को पाइन्छ ।

भारतको विश्वास जित्ने क्रममा उनले अभिव्यक्त गरेका रणनीतिक टिप्पणीको लगत्तै नेपालमा बृहत् शान्ति सम्झौतामा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासँग शान्ति सम्झौतामा हस्ताक्षर गर्दा प्रचण्डका दिल्ली अभिव्यक्ति ओझेलमा परेका छन्, तर दीर्घकालीन र खासगरी माओवादीले संसदीय परम्परा र अभ्यासलाई आत्मसात गर्दै जाँदा उनले धेरै सफाइ दिनुपर्ने हुन्छ, मुलुकभित्र र अब सम्भवतः भारतलाई पनि ।

पाकिस्तान सरकारका एक मन्त्रीले प्रचण्डले सम्भवतः भारतलाई खुसी पार्न आइएसआईले माओवादीलाई सहयोग दिने प्रस्ताव राखेको दाबी गरेको हुन सक्ने बताएका छन् । अझ चाखलाग्दो कुरा त के हो भने भारतीय आधिकारिक सूत्रको हवाला दिँदै पाञ्चजन्य, अर्गनाइजर र पायोनियर जस्ता भारतीय जनता पार्टी समर्थक विभिन्न सञ्चारमाध्यमले नेपाली माओवादीहरूको आइएसआईसँगको सम्भावित साँठगाँठबारे प्रश्न उठाउँदै आएका छन् र प्रचण्डले हालैको आफ्नो अभिव्यक्तिबाट त्यो विवादमा आफूलाई नराम्रोसँग जेल्न सफल भएका छन् ।

प्रतिस्पर्धात्मक संसदीय प्रजातन्त्रमा सरिक हुनुपूर्व सबभन्दा पहिले भारतको यात्रा गरेर प्रचण्डले नेपाली राजनीतिको परम्परामा आफूलाई जोडेका छन्, तर आउँदा दिनमा कसरी उनले अन्तर्राष्ट्रिय जगत्‌समक्ष आफूलाई प्रस्तुत गर्नेछन्, त्यो महत्त्वपूर्ण हुनेछ । पाकिस्तानबारे उनले के भने अथवा चीनको माओवादीप्रतिको चिसो रवैयाबारे आफ्नो मान्यताअनुसार सार्वजनिक मन्तव्य दिने अधिकार प्रचण्डसँग पर्याप्त छ, तर त्यसका लागि नेपालको साटो भारतीय भूमि चुन्नु उनको भावी राजनीतिका लागि सदैव एउटा अपसगुनका रुपमा देखा पर्नेछ । चीनले हतियारसहितका माओवादीलाई सरकारमा नल्याउन सुझाव दिएको अडकलबाजी हुँदा प्रचण्डको यो मन्तव्य आश्चर्य बन्दैन । भारत कुनै रुपमा नेपालमा राजतन्त्र चाहन्छ भन्ने मान्यताका कारण सम्भवतः प्रचण्डले राजालाई 'पाकिस्तान समर्थक' र आफू भारत नजिक देखाएर गणतन्त्रको पक्षमा भारतको समर्थन हासिल गर्ने प्रयास गरेका हुन सक्छन्, तर भारत तथा अन्तर्राष्ट्रिय जगत्‌ले माओवादीको मुख्य राजनीतिक धारको प्रवेशपछि नेपालसँगको सम्बन्धमा समीक्षा गर्न आवश्यक ठानेमा दिल्लीको एउटा मन्तव्यलाई मात्र हैन, ११ वर्षको जनआन्दोलनमा उठेका सबै सान्दर्भिक पक्षको समीक्षा गर्नेछन् ।

अहिलेलाई भारतले प्रचण्डलाई केवल 'शंकाको फाइदा' दिनेछ, तर मुख्य प्रमाण बदलिँदो परिस्थितिमा आफ्नो व्यवहारले नै दिन सक्नुपर्नेछ माओवादीले । हो, शान्ति सम्झौतामा सहमतिपछि प्रचण्डको 'छवि' अर्कै भएको छ, जनताका नेता बन्ने सम्भावना बढेको छ उनको । तर, कूटनीतिक मर्यादा र समीकरणप्रति आशंकाको ठाउँ नदिन पनि उनी सचेत हुन जरुरी छ ।

हिजोको प्रचण्डको अन्तर्राष्ट्रिय जगत् र भारतप्रति धारणा के थियो, त्यो एउटा पक्ष थियो, तर अर्को साता सरकारमा जाने दलका नेताले बोलेको कुरालाई गम्भीरता साथ लिइनेछ सर्वत्र । सम्भवतः प्रधानमन्त्री कोइरालाले नै सबभन्दा पहिला खासगरी आइएसआई प्रकरणबारे प्रचण्डसँग प्रमाणका आग्रह गर्नेछन् । किनकि नेपालका विभिन्न सरकारले र सबभन्दा यता कोइरालाले नेपाली भूमि भारतीय हितविरुद्ध प्रयोग हुन नदिने लिखित र मौखिक आश्वासन दिँदै आएका छन् ।

जेहोस् प्रचण्डले एउटा विवाद जन्माएर आएका छन् भारतमा, तर त्यसको सुखद पक्ष के पनि हो भने उनले मुलुकमा शान्ति स्थापना र आफ्नो दल प्रतिस्पर्धात्मक संसदीय राजनीतिमा सहभागी हुने क्रममा महत्त्वपूर्ण छिमेकी तथा मित्र राष्ट्र भारतप्रतिको रवैयामा निकै हदसम्म अपेक्षित परिवर्तन ल्याएका छन् । राजा, प्रधानमन्त्री र प्रजातान्त्रिक दलहरूलाई भुटानी राजा तथा लेन्डुप दोर्जेसँग दाँजेर माओवादीहरूले अतीतमा भारतलाई अविश्वासका साथ प्रस्तुत गर्दै आएका छन् । भारतसँग आफ्ना राष्ट्रिय स्वार्थ र व्यवहारिकताको चौघेरोभित्र आफूलाई प्रस्तुत गर्न सिक्नै पर्छ हाम्रा नेताहरू- प्रचण्ड लगायतले । तर अतीतको अन्धविरोध र आशंकाको इतिहासलाई मेटाउने उचित र मर्यादित तरिका अन्ध वफादारीको प्रदर्शन हैन ।

माओवादीको सरकारमा प्रवेशपछि र शान्ति प्रक्रियालाई समावेशी र राष्ट्रियतामा आधारित बनाउन मुलुकको भावी परराष्ट्र नीतिबारे समेत समझदारी बन्नु आवश्यक छ, तर नीतिको निर्माण मात्र पर्याप्त हुँदैन । त्यसको संचालनको प्रभावकारी संयन्त्रसँगै राष्ट्रिय व्यक्तित्वहरूको चरित्र तथा व्यवहारले पनि मुलुकको छविलाई प्रभावित गर्ने गर्छ । ■